# संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धी अनुसन्धानमुलक अध्ययन

२०७५

अध्ययन कार्यदल

अनुगमनकर्ता नायव महान्यायाधिवक्ता श्री किरण पौडेलज्यू

सयोजक सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी

सदस्यः उपन्यायाधिवक्ता श्री राजेश कुमार कटुवाल

सदस्यः उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

सदस्य प्रतिनिधिः उपरजिष्टार श्री नगेन्द्र कुमार कालाखेती

सदस्यः शाखा अधिकृत श्री डम्वरप्रसाद काफ्ले

सदस्यः शाखा अधिकृत श्री प्रतिमा दाहाल

सदस्य सचिवः शाखा अधिकृत श्री विना खड्का थापा

सहायक: ना.सु. श्री देवराज पौडेल

## विषय सूची

### परिच्छेद — एक
### प्रारम्भिक

१.१ कार्यदलको गठन

१.२ कार्यदलको कार्यदिश

१.३ कार्यदलले अबलम्बन गरेको कार्यबिधि

१.४ कार्यदलको बैठक

१.५ अध्ययनको सरचना

### परिच्छेद — दुई
### सर्वोच्च अदालतको न्यायिक दृष्टिकोणको विश्लेषण

१. न्यायिक पुनरावलोकनको अधिकारको व्याख्या

२. बन्दी प्रत्यक्षीकरणको निवेदनमा थुनामा राख्ने कार्यको न्यायिक परीक्षण हुने

३. प्रत्यायोजित अधिकार सिमित हुने

४. जेष्ठ नागरिक, महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षणका लागि लाई विशेष व्यवस्था गर्नुपर्ने मान्यता

५. निवारक नजरबन्दमा राख्न पर्याप्त आधार आवश्यक हुने

६. व्यवस्थापिकाले बनाएको कानून सम्विधान विपरित हुने भन्ने कुरामा अदालतले आत्मसयम अपनाउने

७. निष्कृय भैसकेको कानूनी व्यवस्थाको संवैधानिकताको परिक्षण नहुने

८. सार्वजनिक हितका लागि राज्यले व्यक्तिको सम्पत्ति लिन सक्ने भएपनि मनासिव क्षतिपुर्ति दिनुपर्ने

९. हकदैया नभएको र करारिय विषयमा रिट क्षेत्राधिकार आकृष्ट नहुने

१०.सकारात्मक विभेद कार्यान्वयनका लागि कानून निर्माण आवश्यक हुने र असमान व्यवस्था बदर हुने

११.असमान र विभेदकारी कानून सविधान प्रतिकूल हुने

१२.जीवनको हक अन्तर्गत सम्मानपूर्वक र स्वच्छ वातावरणमा बाच्न पाँउने हक समावेश हुने

१३.समानताको हक समानहरुका वीचमा लागू हुने र न्यायोचित वर्गीकरण गरी भएका कानूनी व्यवस्था असमान नहुने

१४.खाद्य सम्प्रभुत्ताको हक सार्थक बनाउनु राज्यको कर्तव्य हुने र कानून वनाउनुपर्ने

१५.के कस्तो कसूरमा के कस्तो सजायको व्यवस्था गर्ने भन्ने कुरा विधायिकी क्षेत्रभित्र पर्ने

१६.स्वच्छ सुनुवाई अभियुक्तको मौलिक हक हुने

१७.बाबु वा आमा मध्ये कुनै एक नेपालको नागरिक भए नागरिकता प्राप्त गर्न सक्ने

१८.कसूरको अनुसन्धानका सिलसिलामा पक्राउ गर्ने कार्यले वैयक्तिक स्वतन्त्रता नियन्त्रित भएको मान्न नमिल्ने

१९.न्यायाधीशको पदमा नियुक्त हुने व्यक्तिको संसदीय सुनुवाइ हुनसक्ने

२०.साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार फरक हुन भन्ने मान्यता

२१.योग्यता नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा नियुक्त गर्ने कार्य संविधानको उल्लङ्घन हुने

२२.धार्मिक विषयमा राज्यले चासो राख्नु धर्म निरपेक्षताको विपरीत नहुने

२३.अदालतले कुनै पनि ऐन वा नियम संविधानसम्मत रहेको अनुमान गर्ने

२४.कानूनको शासन प्रबर्दन र सरक्षण

२५.सार्वजनिक सरोकारको विवादमा सार्थक सम्बन्ध र तात्विक सरोकार हनुपर्ने

२६.संक्रमाणकालीन न्याय सम्बन्धमा सत्य थाहा पाउने र परिपूरणको पाउने हक हुने

२७. समकक्षी सस्था विरुद्ध घोषणात्मक अभिव्यक्ति दिनु मात्रै पनि पर्याप्त हुने

२८.संविधानको आधारभूत संरचनाको सिद्धान्त

२९.अध्यादेशको कानूनी मान्यता

३०.सबैधानिक ईजलासबाट प्रतिपादित सिद्दान्त

## परिच्छेद — तीन

## फैसलाहरुको विवरण र सार सक्षेप

श्री महान्यायाधिवक्ताको कार्यालय

सिहदरवार ।

विषय  अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको

महान्यायाधिवक्ताको कार्यालयको मिति २०७४/१०/२४ को निर्णयानुसार **संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा अनुसन्धानमुलक अध्ययन** गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले अध्ययन गरी तयार गरेको प्रतिवेदन २०७५ यसै साथ प्रस्तुत गरिएको छ ।

अनुगमनकर्ता नायव महान्यायाधिवक्ता श्री किरण पौडेलज्यू
सयोजक सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
सदस्यः उपन्यायाधिवक्ता श्री राजेश कुमार कटुवाल
सदस्यः उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी
सदस्य प्रतिनिधिः उप रजिष्टार श्री नगेन्द्र कालाखेती
सदस्यः शाखा अधिकृत श्री डम्वरप्रसाद काफ्ले
सदस्यः शाखा अधिकृत श्री प्रतिमा दाहाल
सदस्य सचिवः शाखा अधिकृत श्री विना खड्का थापा

मिति २०७५।३।२४

## परिच्छेद — एक

## प्रारम्भिक

**१ अध्ययन कार्यदलको गठनः**

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको सन्दर्भमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७४/१०/२४ को निर्णयानुसार **संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा अनुसन्धानमुलक अध्ययन** गरी प्रतिवेदन पेश गर्न नायव महान्यायाधिवक्ता श्री किरण पौडेलज्यू अनुगमनकर्ता रहेको देहाय बमोजिम अध्ययन कार्यदल गठन भएको थियो ।

**कार्यदल**

सयोजक सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
सदस्यः उपन्यायाधिवक्ता श्री राजेश कुमार कटुवाल
सदस्यः उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी
सदस्य प्रतिनिधिः उपरजिष्टार श्री नगेन्द्र कुमार कालाखेती
सदस्यः शाखा अधिकृत श्री डम्वरप्रसाद काफ्ले
सदस्यः शाखा अधिकृत श्री प्रतिमा दाहाल
सदस्य सचिवः शाखा अधिकृत श्री विना खड्का थापा
सहायकः ना.सु. श्री देवराज पौडेल

**२ कार्यदलको कार्यदिशः-**

कार्यदललाई देहाय अनुसार कार्यदिश रहेको थियो ।

- कार्यदलले २०६३ सालदेखि हालसम्म संवैधानिक विवादमा सर्वोच्च अदालतले गरेका फैसलाहरुको सर्वेक्षण गर्नु पर्नेछ ।
- सर्वेक्षणबाट प्राप्त भएका फैसलाहरु मध्ये कम्तीमा ५० वटा फैसलाको विवरण र सारसंक्षेप तयार गर्नु पर्नेछ ।
- संकलित फैसलाका आधारमा संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण विश्लेषण गर्नु पर्नेछ ।
- अध्ययन प्रतिवेदनको मस्यौदा उपर कम्तीमा एक पटक सम्बद्ध सरोकारवालासँग समूहगत छलफल गरी सुझाव संकलन गर्नु पर्नेछ ।

- कार्यदिश प्राप्त भएको मितिले १५ दिन भित्र अध्ययनको प्रारुप योजना, अनुसन्धान तथा अनुगमन विभाग समक्ष पेश गर्नु पर्नेछ ।
- कार्य सम्पादनको क्रममा कुनै निकाशा लिनु परेमा सम्बन्धित अनुगमनकर्ता वा योजना, अनुसन्धान तथा अनुगमन विभागका नायव महान्यायाधिवक्ताबाट लिन सकिनेछ ।
- कार्यदलले गर्ने अनुसन्धान कार्यका लागि रु. एक लाख बजेट (ब. शी नं. २.१५.४०.२) छुट्याइएको छ। प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम सो रकम कार्यदलले गर्ने अनुसन्धान कार्यका लागि खर्च गर्नु पर्नेछ ।
- कार्यदलले कार्यदिश प्राप्त भएको मितिले ३ महिनाभित्र अनुसन्धानमुलक अध्ययन प्रतिवेदनको ढाँचामा अन्तिम प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ ।

**३ कार्यदलले अवलम्वन गरेको विधिः-**

कार्यदलले कार्यदिश अनुसार २०६३ साल देखि २०७४ सालसम्म संवैधानिक विवादमा सर्वोच्च अदालतबाट भएका आदेश तथा फैसलाहरु र संवैधानिक ईजलासबाट भएका महत्वपूर्ण फैसलाहरुको सर्वेक्षण गरी सर्वेक्षणबाट प्राप्त भएका फैसला तथा आदेशहरु मध्ये महत्वपूर्ण र संविधानको व्याख्यासँग सम्बन्धित १०० वटा आदेश तथा फैसलाहरु छनौट गरिएको छ । फैसला तथा आदेशहरु सर्वेक्षण गर्दा नेपाल कानून पत्रिकामा प्रकाशित भएका आदेशहरु र केही अप्रकाशित फैसलाहरु मध्येबाट छनौट गरी अध्ययन गरिएको छ । छनौट गरी अध्ययन गरिएका आदेशहरु तथा फैसलाहरुको आधारमा तयार भएको अध्ययनको मस्यौदा उपर सम्बद्ध सरोकारवालासँग २ वटा परामर्श बैठक गरी सुझाव संकलन गरिएको छ । प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ ।

**४ कार्यदलको बैठकः-**

कार्यदलले अध्ययन प्रतिवेदन पुरा गर्नका लागि १५ वटा बैठक गरी कार्य सम्पन्न गरेको छ।साथै अध्ययन प्रतिवेदनको मस्यौदा उपर सम्बद्ध सरकारी वकील तथा सरोकारवालासँग छलफल तथा परामर्श गरी प्राप्त सुझावलाई समावेश गरी अध्ययनलाई अन्तिम रुप दिएको छ ।

**५ अध्ययनको सरचना -**

अध्ययन प्रतिवेदनलाई तीनवटा परिच्छेदमा विभाजन गरिएको छ । प्रथम परिच्छेद प्रारम्भिक रहेको छ । यसमा कार्यदलको गठन कार्यदिश अबलम्बन गरेको कार्यबिधि अध्ययनको सरचना समावेश छन । दोस्रो परिच्छेदमा फैसलाका आधारमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोणको विश्लेषण

उल्लेख गरिएको छ । तेस्रो परिच्छेदमा अध्ययन गरिएका फैसलाहरुको विवरण र सार सक्षेप उल्लेख गरिएको छ ।

## परिच्छेद — दुई

### आदेशहरुको आधारमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

नेपालको संविधानले संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको छ ।यसका अलावा संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाईएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएकोमा प्रारम्भ देखि वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्न सक्ने अधिकार क्षेत्र सर्वोच्च अदालतलाई हुने व्यवस्था छ । यसैगरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि उपयुक्त र आवश्यक आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकार क्षेत्र सर्वोच्च अदालतमा निहित छ । असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण र अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्छ । यसका अलावा संविधानको व्याख्या तथा कानूनको शासन कायम गर्ने कुरामा पनि सर्वोच्च अदालतको भूमिका रहने देखिन्छ । सर्वोच्च अदालतबाट सवैधानिक विवादका सम्बन्धमा २०६३ साल देखि २०७४ सम्म भएका केही महत्वपूर्ण आदेश तथा फैसलाहरुको अध्ययनका आधारमा सर्वोच्च  अदालतले राखेको न्यायिक दृष्टिकोणलाई यस प्रकार उल्लेख गरिएको छ ।

### १. न्यायिक पुनरावलोकनको अधिकारको व्याख्या

महान्याधिवक्तालाई संविधानले  दिएको अभियोजनको अधिकारले सर्वोच्च अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण गर्न नसक्ने व्याख्या सर्वोच्च अदालतले सुन्तली धामीको मुद्दा (ने.का.प,२०६८, अङ्क १, निर्णय नं.८५४१) मा गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने भन्ने संवैधानिक व्यवस्था अन्तर्गत पूर्ण न्यायको निमित्त अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने व्याख्या यसै मुद्दामा भएको छ । यसैगरी सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरुपण न्यायिक पुनरावलोकन अन्तर्गत हुन नसक्ने र नेपाल सरकार, सरकारी अंग र नेपाल कानून बमोजिम गठित राज्यका निकायद्वारा नेपाल कानून

प्रयोग गरी गरिएको निर्णयको मात्र न्यायिक पुनरावलोकन अदालतले गर्ने व्याख्या अरुण कुमार चौधरीको मुद्दा (ने.का.प,२०६४ अङ्क १ निर्णय नं. ७८०३ मा भएको छ । यसैगरी सुमन राज पाण्डे को (ने.का.प,२०६३ अङ्क ९, निर्णय नं. ७७५६) को मुद्दामा अदालतले ऐनको अधिकार प्रयोग गरी बनाइएको विनियमावलीका दुई भिन्न व्यवस्थाहरु आपसमा बाझेकोले कुनै एक व्यवस्था वदर गर्ने भन्ने न्यायिक पुनरावलोकनको अवधारणा नभएको व्याख्या गरेको छ । सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरुपण संविधानको धारा ८८(१) अन्तर्गत न्यायिक पुनरावलोकन हुन नसक्ने सिद्धान्त दिनेश कुमार शर्मा (ने.का.प, २०६३, अङ्क, ९ निर्णय नं. ७७५७) को मुद्दामा अबलम्बन गरेको छ ।

### २. बन्दी प्रत्यक्षीकरणको निवेदनमा थुनामा राख्ने कार्यको न्यायिक परीक्षण हुने

कानून बमोजिम आदेश गरी थुनामा राखेको मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी उक्त मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रवाट हेर्न नमिल्ने भएपनि चलाइएको मुद्दामा थुनामा राख्दा कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको छ छैन। थुनामा राख्दा अनिवार्य रुपमा पालन गर्नुपर्ने आधारभूत कानूनी प्रक्रियाको अवलम्वन गरिएको छ छैन? जस्ता कानूनी तथा सैद्दान्तिक दृष्टिकोणले कुनै व्यक्तिलाई थुनामा राखिएको कार्यको न्यायिक परीक्षण रिट क्षेत्रवाट गर्न मिल्ने मान्यता ठाकुर गैरेको मुद्दा (ने.का.प, २०६३, अङ्क ३, निर्णय नं. ७६७२) मा राखेको देखिन्छ ।

### ३. प्रत्यायोजित अधिकार सिमित हुने

ऐनद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी निर्माण गरिने नियममा ऐनमा व्यवस्थित सारवान कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधिगत विषयमा व्यवस्था गर्न सकिने हुन्छ। विधायिका निर्मित ऐनले परिकल्पना नै नगरेको विषयमा उक्त ऐन अन्तर्गत बनेको नियममा कुनै व्यवस्था गर्न नसकिने तथा यसरी निर्माण गरिने नियम विनियम वा उपनियमले मुलुकको मूल कानूनको रुपमा रहेको संविधान तथा आफूलाई जन्म दिने ऐन (Parent Act) ले तोकिदिएको सीमारेखालाई नाघ्न नसक्ने मान्यता विनोद ढुंगेलको मुद्दा (ने.का.प,२०६३, अङ्क ३, निर्णय नं. ७६६०) मा सर्वोच्च अदालतले स्थापित गरेको छ। व्यवस्थापन विधिको सिद्धान्त अनुसार संविधानले तोकेको सीमाभित्र रही ऐन निर्माण हुनुपर्छ र संविधान एवं ऐनको सीमा भित्र रहेर नियम निर्माण हुनुपर्छ। यदि ऐनले संविधानको सीमा नाघ्ने वा नियमले संविधान र ऐनले तोकको सीमा नाघ्छ भने त्यो न्यायिक पुनरावलोकनको परिधिभित्र आउने व्याख्या अधिवक्ता माधव कुमार बस्नेतको मुद्दामा (ने.का.प, २०६३, अङ्क २, निर्णय नं. ७६४६) गरिएको छ ।

## ४. जेष्ठ नागरिक, महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षणका लागि लाई विशेष व्यवस्था गर्नुपर्ने मान्यता

सर्वोच्च अदालतले जेष्ठ नागरिकहरु राष्ट्रका सम्पत्ति (Assets) पनि हुन् भन्दै उनीहरुको लामो समयको अनुभववाट प्राप्त ज्ञान, शिप, क्षमतालाई समाज एवं राष्टको हितमा प्रयोग गर्न सकिने हुँदा वुढा वुढि प्रति राष्टको दायीत्व पुरा गरेर उनीहरूलाई आफ्नो वांकी जीवन सम्मानित सुखकर, सुरक्षित पारेर राष्टको हितमा प्रयोग गर्नु नै हरेक विवेकी र अग्रगामी राष्ट्रको काम हुन्छ भन्ने कुरालाई अधिवक्ता चन्द्रकान्त ज्ञवालीको मुद्दामा (ने.का.प, २०६३, निर्णय नं. ७६४३) स्थापित गरेको छ । यस्ता विशिष्ट वर्गको हक, हित कल्याणका निमित्त कानून नहुनुलाई उपयुक्त भन्न नसकिने भन्दै जेष्ठ नागरिकका लागि अधिकार सिर्जना गर्ने कानून बनाउन आवश्यक रहेको उल्लेख गरेको छ । जेष्ठ नागरिकहरूलाई अन्य नागरिक सरह सम्पूर्ण मानव अधिकारहरूको उपभोग गर्न पाउने वातावरण सिर्जना गरी मर्यादित, भेदभावरहित र सुरक्षित जीवनयापनको सुनिश्चितता गर्नु राज्यको परम कर्तव्य हुने मान्यतालाई अदालतले जेष्ठ नागरिक समाजले दायर गरेको मुद्दा (ने.का.प,२०६७, अङ्क ३, निर्णय नं. ८३३२) मा अदालतले राखेको पाईन्छ । यसैगरी रुपक ढकालको मुद्दा (ने.का.प,२०६३, अङ्क ४, निर्णय नं. ७६७८) मा संविधानको धारा ११(३) को सकारात्मक विभेदको प्रावधानलाई सही रुपमा कार्यान्वयन गराउन त्यसमा उल्लेख भएका महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण र विकासलाई समेट्ने गरी एउटा विस्तृत, व्यापक र बोधगम्य दायरा सहितको छाता कानूनको निर्माण गर्नु जरुरी हुने भनी सरकारका नाममा निर्देशन दिएको छ ।

## ५. निवारक नजरबन्दमा राख्न पर्याप्त आधार आवश्यक हुने

देशको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधारको विद्यमानता देखिएकोमा कुनै व्यक्तिलाई रोक्नुपर्ने कुनै उचित र पर्याप्त आधार रहेको स्थानीय अधिकारीको निष्कर्ष, नजरबन्दमा राख्नुपर्ने कारण र आधार स्पष्ट रुपमा खुलेको आदेश र आदेशमा उल्लिखित संभावनामा वस्तुगत र तथ्यगत आधार देखिनुपर्ने दृष्टिकोण अदालतले राखेको देखिन्छ। नजरबन्द आदेश जारी गरिएकोमा ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त हुंदैन र त्यस्मा लिइएको आधार र कारण उचित र पर्याप्त देखिनु पर्दछ भन्ने अदालतले रमेशनाथ पाण्डेको मुद्दा (ने.का.प,२०६३, अङ्क २, निर्णय नं. ७६४५) मा राखेको छ ।

## ६. व्यवस्थापिकाले बनाएको कानून सम्विधान विपरित हुने भन्ने कुरामा अदालतले आत्मसयम अपनाउने

संसदले बनाएको ऐन हतपती र हल्कासंग अदालतबाट अवैध घोषित गरिदैंन । समाजमा के कस्तो ऐन किन चाहिन्छ भन्ने कुराको ज्ञाता अदालत नभै विधायिका हो भन्ने सिद्धान्त स्थापित छ । ऐन अवैध घोषित गर्ने नगर्ने संबन्धमा अदालत सकभर self- restrain मा रहने सिद्धान्तलाई धनन्जय ढकालको मुद्दा (ने.का.प,२०६३, अङ्क ४, निर्णय नं. ७६७८) मा अबलम्बन गरेको छ ।

यसैगरी सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरुपण न्यायिक पुनरावलेकनको अधिकार अन्तर्गत हुन नसक्ने भन्ने सिद्दान्त अरुण कुमार चौधरीको मुद्दामा अदालतले स्थापित गरेको छ । Legislature ले बनाएको कानून संविधानसँग बाझेको भनी त्यस्तो कानूनलाई अमान्य वा बदर गर्न माग गरेको कानून कसरी र कति कारणले बाझियो सो प्रमाणित गर्ने भार निवेदकमा रहन्छ । संविधानसँग legislature ले बनाएको कानून बाझिएको छ भन्नेले अदालतलाई सन्तोषजनक तरिकाले convince गर्न नसकेमा शंकाको सुविधा Parliament लाई जाने सिद्दान्तलाई अदालतले अधिवक्ता राजिव वास्तोलाको मुद्दा (ने.का.प,२०६३, अङ्क ६, निर्णय नं. ७७०९) मा अपनाएको छ ।

## ७. निष्कृय भैसकेको कानूनी व्यवस्थाको संवैधानिकताको परिक्षण नहुने

संविधानसंग वाझिएको भनी जिकिर लिएको कानून अस्तित्वमा नरहेमा वा स्वतः निश्क्रिय भैसकेकोमा त्यस्तो कानूनी व्यवस्थाको संवैधानिकताको परिक्षण गर्नु नपर्ने मान्यता मुरारी भट्टराईको मुद्दामा राखेको छ।यसैगरी संवैधानिकताको परिक्षण गर्दाका बखत चुनौती दिईएको कानून सुनुवाईको बखत अस्तित्वमा नरहेको वा क्रियाशील नरहेकोमा वैधानिकताको परीक्षण गर्ने कुरा निरर्थक हुन जाने मान्यता अधिवक्ता सोमकान्त मैनालीको मुद्दा (ने.का.प, २०६३, अङ्क ७) मा र मुरारी भट्टराई (ने.का.प,२०६३, अङ्क ४, निर्णय नं. ७६७६) को मुद्दामा अबलम्बन गरेको छ ।यस्तै दृष्टिकोण अदालतले प्रतिनिधि सभाले जारी गरेको **घोषणा** विरुद्द परेको रिट **(ने.का.प, २०६५, निर्णय नं. ७९२५) मा अपनाए**को **छ भने बाधा अड्काउ आदेश विरुद्द परेका चन्द्रकान्त ज्ञवाली समेत**को **रिट निवेदन २०६९** को रिट नं. **०९७६ आदेश मिति २०७२।१२।१५ मा सबैधानिक ईजलास**को बहुमतको रायमा अपनाएको पाईन्छ ।

## ८. सार्वजनिक हितका लागि राज्यले व्यक्तिको सम्पत्ति लिन सक्ने भएपनि मनासिव क्षतिपुर्ति दिनुपर्ने

कुनै पनि व्यक्तिले आफ्नो हक भोगको सम्पत्ति कानूनले व्यवस्था गरे बमोजिम उपयोग गर्ने,भोग गर्ने वेच विखन गर्ने वा अन्य कारोवार गर्न पाउने हुन्छ । Eminent Domain को विधिशास्त्रिय अवधारणा अनुसार राज्यले व्यक्तिगत सम्पत्तिको अधिग्रहण,प्राप्ति वा सो उपर अधिकारको सिर्जना गर्न सक्छ ।तर व्यक्तिगत सम्पत्तिको अधिग्रहण, प्राप्ति वा अधिकारको सिर्जना सार्वजनिक हितको लागि मात्र हुनु पर्ने र त्यसो गर्दा सम्पत्तिको मनासिव क्षतिपूर्ति दिइनु पर्ने हुन्छ भन्ने मान्यतालाई अदालतले

पदमवहादुर भण्डारी समेतको मुद्दा (ने.का.प,२०६३, अङ्क ८, निर्णय नं. ७७४७) उल्लेख गरेको छ ।

## ९. हकदैया नभएको र करारिय विषयमा रिट क्षेत्राधिकार आकृष्ट नहुने

हकदैया नै नभएको करारीय विवादमा असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिदा हकदैया नभएको र करारीय हकमा रिट अधिकार क्षेत्र आकर्षित हुन नसक्ने अधिवक्ता चेतबहादुर आलेको मुद्दामा सिद्दान्त अबलम्बन गरेको छ भने नेपाल सरकार सरकारी अंग र नेपाल कानून बमोजिम गठित राज्यका निकायद्वारा नेपाल कानून प्रयोग गरी गरिएको निर्णयको मात्र न्यायिक पुनरावलोकन अदालतले गर्ने हुँदा नेपाल कानून बाहेकका अन्य Document, विधान वा Charter को आधारमा गरिएको निर्णयको न्यायिक पुनरावलोकन र ब्याख्या गर्न नसक्ने मान्यता ताम्दिङ्ग दोर्जे तुलाधरको मुद्दा (ने.का.प,२०६५०, अङ्क ३, निर्णय नं. ७९४७) मा गरिएको छ ।

## १०. सकारात्मक विभेद कार्यान्वयनका लागि कानून निर्माण आवश्यक हुने र असमान व्यवस्था बदर हुने

राज्यले संविधानमा रहेको विशेष संरक्षणको प्रावधानलाई सही रुपमा कार्यान्वयन गराउन त्यसमा उल्लेख भएका महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण र विकासलाई समेट्ने गरी कानूनको निर्माण गर्नु जरुरी हुने दृष्टिकोण अदालतले लिएको पाईन्छ । खुद्रा आधार (Piece basis) मा तयार गरिएका वा गरिने कानूनले त्यस्ता वर्गको संरक्षणको उद्देश्य र मर्मलाई समेट्न नसक्ने र सिंगो समूहलाई संरक्षण प्रदान गर्न खोज्दा सारभूत समानता नभै फेरी पनि व्यवहारमा असमानताकै पृष्ठपोषण हुन जानेतर्फ अदालतले रुपक ढकाल समेतको मुद्दामा (ने.का.प,२०६३, अङ्क ४, निर्णय नं. ७६७८) मा सरकारको ध्यानाकर्षण गराएको देखिन्छ। निवेदकले संवैधानिकताको परीक्षणमा ल्याउनु भएको छात्रबृत्ति नियमावली, २०६० को नियम १० को उपनियम (३) मा रहेको उपलव्ध छात्रबृत्ति मध्ये जनजाति, दलित तथा महिला उम्मेरवारहरूका लागि कम्तिमा क्रमशः दश, दश तथा वीस प्रतिशत स्थान सुरक्षित गर्नुपर्नेछ भन्ने र नियम १२ को प्रतिबन्धात्मक वाक्यांशमा तर जनजाति, दलित तथा महिलाका हकमा पचास प्रतिशत अंक प्राप्त गरी परीक्षा उत्तिर्ण गरेको भएपनि उम्मेदवार हुन पाउनेछ भन्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ का उपधारा (३) को प्रतिबन्धात्मक वाक्याँशको उद्देश्य र मर्म अनुकूल नभएको र सारभूत समानताको सिद्धान्त समेतको अनुकूल नहुंदा अमान्य र बदर हुने आदेश भएको पाईन्छ ।

## ११. असमान र विभेदकारी कानून सविधान प्रतिकूल हुने

सर्वोच्च अदालतले समान लिङका आधारमा गरिने फरक व्यवहार समानताको हक विपरित हुने दृष्टिकोण राखेको छ । मुलुकी एनको स्त्री अंशधनको ७ नं. मा रहेको स्वास्नी मानिसले कुनै लोग्ने मानिसलाई आफ्नो हक पुग्ने सम्पत्तिको कुनै ब्यहोराले हक हस्तान्तरण गरिसकेपछि त्यहि व्यक्तिसँग विवाह गरेमा अघिको उक्त ब्यवहार सदर नहुने व्यवस्था स्वास्नी मानिसको बिवाहको अधिकार र स्वामित्वको अधिकारलाई संकुचन ल्याउनु सरह हुने हुँदा महिला र पुरुष बीच भेदभावपूर्ण रहेको देखिन आउने र समानताको हक समेतसँग वाझिएको देखिंदा अमान्य हुने भनी अधिवक्ता मीरा ढुंगानाको मुद्दा (ने.का.प,२०६३, अङ्क ८, निर्णय नं.७७४३) बाट बदर गरेको छ।**यस्तै बलात्कारलाई जघन्य फौजदारी अपराध नामाकरण गरेको अवस्थामा अपराधको परिणाम एउटै हुने भएपछि बैबाहिक बलात्कार र गैर वैवाहिक वलात्कार बीचमा सजायमा भिन्नता गर्नुको कुनै औचित्यपूर्ण आधार रहेको नदेखिने र सजाय अपराधिक कार्य गरे वापत हुने भएकोले कर्ताको हैसियतको भिन्नताले सजायमा कमी गर्नु समानताको सिद्धान्तको प्रतिकुल हुने व्याख्या जितकुमारी पगेनीको मुद्दा (ने.का.प, २०६५, निर्णय नं. ७९७३) मा** गरिएको **छ ।**

## १२. **जीवनको हक अन्तर्गत सम्मानपूर्वक र स्वच्छ वातावरणमा बाच्न पाँउने हक समावेश हुने**

जीवनको हक **भित्र बाँच्न पाउने हक र सम्मानपूर्वक जीउन पाउने हक पर्ने र उक्त हक अन्तर्गत जिउने मात्र नभएर सामाजिक, शारीरिक र मानसिक रुपले स्वस्थ्य रहन पाउने, स्वस्थ्य वातावरणमा बाँच्न पाउने, स्वस्थ्य वातावरणमा काम गर्न पाउने तथा प्रदुषणरहित वायुमा स्वास फेर्न पाउने जस्ता अधिकार पनि समावेश हुने व्याख्या** सर्वोच्च अदालतले गरे**को छ । स्वच्छ वातावरणमा जिउन पाउने हकमा प्रत्यक्ष वा परोक्ष असर परेमा न्यायिक उपचारको सान्दर्भिकता रहने हुनाले यस हकलाई न्यायमा पहुँचको हक सम्ममा पनि विस्तारित रुपमा हेर्न सकिने दृष्टिकोण प्रकाश मणी शर्मा समेतको मुद्दामा (ने.का.प,२०६५, निर्णय नं. ७९५४) अदालतले राखेको छ ।**

## १३. समानताको हक समानहरुका वीचमा लागू हुने र न्यायोचित वर्गीकरण गरी भएका कानूनी व्यवस्था असमान नहुने

समानता पूर्ण र निरपेक्ष नभै सापेक्षित विषय भएकाले समानहरुका वीचमा मात्र समानता लागू हुन्छ । समानताको हक समानहरूका बीचमा समान र असमानहरूका बीचमा असमान व्यवहार गर्नु पर्दछ भन्ने मान्यता सम्बन्धमा विधि, विवेक र वस्तुपरक ढंगले वर्ग विभाजन गरी त्यस्तो एक वर्ग र अर्को वर्गबीच असमान तर सम्बन्धित वर्गका प्रत्येक व्यक्ति वा वस्तुबीच समान रूपमा लागु हुने गरी कानून बनाउन सकिन्छ भन्ने अधिवक्ता मीरा ढुंगानाको मुद्दामा (ने.का.प,२०६४, अङ्क ६, निर्णय नं. ७८५४) अदालतले आदेश गरेको छ ।

यही मान्यताका आधारमा अपराधको प्रकृति अनुसार गम्भीर अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई भन्दा सामान्य अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई बढी सुविधा र अवसर कानूनले प्रदान गर्दा समानताको सिद्धान्त वा संवैधानिक ब्यवस्थाको विपरीत नहुने भन्ने दृष्टिकोण निवेदक प्रकाश मणी शर्मा भएको मुद्दा २०६३ सालको रिट नं. ००२८ आदेश मिति २०६५।२।२३ मा अदालतले राखेको छ । वासुदेव थपलिया निवेदक भएको मुद्दा (ने.का.प, २०६५, निर्णय नं.७९६०) मा अदालतले एक निकायमा कार्यरत कर्मचारीले अर्का निकायको कानूनलाई देखाएर असमान व्यवहार भएको भन्न नमिल्ने भन्दै राज्यले कुनै उद्देश्य प्राप्तिका लागि वर्गीकरण गरी फरक व्यवहार गर्न सक्छ भनेको छ ।

## १४. खाद्य सम्प्रभुत्ताको हक सार्थक बनाउनु राज्यको कर्तव्य हुने र कानून वनाउनुपर्ने

संविधानले दिएको खाद्य सम्प्रभुत्ताको हक सार्थक बनाउनु राज्यको कर्तव्य हुने र खाद्य सम्प्रभुत्ताको हकबाट वञ्चित नगर्न तथा खाद्य सम्प्रभुत्ता सम्बन्धी मौलिक हक उपभोग गर्न राज्यले प्रत्येक नागरिकलाई खाद्यमा सजिलैसँग पहुँच पुग्न सक्ने गरी अर्थात् Access to Food को लागि राज्यले आवश्यक कानून एवं नीति लगायत अन्य आवश्यक व्यवस्था समेत गरी उपयुक्त आर्थिक वातावरण समेत सिर्जना गर्नुपर्ने दृष्टिकोण बाजुद्दिन मियाँको मुद्दामा (ने.का.प, २०६६, निर्णय नं.८१६९) मा रहेको छ ।

## १५. के कस्तो कसूरमा के कस्तो सजायको व्यवस्था गर्ने भन्ने कुरा विधायिकी क्षेत्रभित्र पर्ने

दण्डनीय कानून अन्तर्गत अमुक कसूरका लागि कम सजायको व्यवस्था गरिएको भन्ने मात्र आधारमा त्यस्तो कानूनी व्यवस्थालाई विभेदजन्य कानूनी व्यवस्थाका रुपमा वा महिला हिंसालाई प्रोत्साहित गर्ने कानूनी व्यवस्थाका रुपमा व्याख्या गर्न नमिल्ने । के कस्तो कार्यलाई कसूर मान्ने, के कस्तो कसूरका लागि के कति सजायको व्यवस्था गर्ने वा मुलुकमा के कस्तो दण्ड प्रणाली कायम गर्ने भन्ने जस्ता विषयहरू विधायिकी प्रज्ञा Legislative Wisdom भित्रका विषय हुने हुदाँ त्यसमा प्रभाव पर्ने गरी अदालती हस्तक्षेप उपयुक्त नमानिने दृष्टिकोण अच्युतप्रसाद खरेलको मुद्दामा २०६४ सालको रिट नं. ००१० आदेश मिति २०६६।२।२१ मा राखेको छ ।

## १६. स्वच्छ सुनुवाई अभियुक्तको मौलिक हक हुने

अभियुक्तलाई मुद्दा चलाएपछि थुनामा राखेरै कारवाही गर्नुपर्ने र त्यसको न्यायपूर्ण विकल्प मुद्दा हेर्ने अधिकारीले खोज्न नपाउने भन्ने हुदैन। अभियोगपत्रका साथ अभियुक्तलाई अदालत समक्ष पेश गर्ने, अभियुक्तलाई सफाइको मौका दिने, कानून व्यवसायीहरूद्वारा बहस गरिने र त्यस क्रममा असमर्थ

पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराई निजको समेत प्रतिनिधित्व सुनिश्चित गरिने लगायतका स्वच्छ सुनुवाईका प्रक्रियाहरू अवलम्बन गर्नु पर्ने हुन्छ भन्ने मान्यता कमलेश द्धवेदी (ने.का.प, २०६६, अङ्क ५, निर्णय नं. ८१३९) को मुद्दामा गरिएको छ भने किशार भन्ने राम बहादुर कामतको मुद्दामा (ने.का.प, २०६७, अङ्क ५, निर्णय नं. ८३४५) थुनुवालाई पेसीको जानकारी नदिने कार्य Fair Trial को मान्य सिद्धान्त विपरीत हुने। फौजदारी अपराधमा अभियोग लागेको व्यक्तिलाई उसले आफूले रोजेको कानून व्यवसायीको साथ प्रत्येक पेसीमा अदालतमा उपस्थित भई वा उपस्थित गराई आफ्नो विरुद्ध सम्पूर्ण अदालती कार्वाही आफ्नै रोहवरमा भएको हेर्न पाउने अधिकार अभियुक्तको मौलिक हक अन्तर्गतको स्वच्छ सुनुवाइको हक हुने व्याख्या अदालतले गरेको छ ।

## १७. बाबु वा आमा मध्ये कुनै एक नेपालको नागरिक भए नागरिकता प्राप्त गर्न सक्ने

संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोवास गरेको भएपनि नागरिक बन्न नसक्ने । प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने ।तोकिएको अधिकारीले संविधान, कानून वा कानूनको गलत अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने । बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने सिद्दान्त सविना दमाई समेतको मुद्दा (ने.का.प, २०६६, नि नं. ८५५७) मा प्रतिपादन गरेको छ ।

## १८. कसूरको अनुसन्धानका सिलसिलामा पक्राउ गर्ने कार्यले वैयक्तिक स्वतन्त्रता नियन्त्रित भएको मान्न नमिल्ने

फौजदारी मुद्दाको अनुसन्धानका क्रममा मनासिब शंकाको घेरामा परेका व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान प्रक्रियालाई सहज बनाउने कानूनलाई हस्तक्षेप गर्दा शान्ति, सुव्यवस्था कायम गर्ने राज्यको अधिकार कुण्ठित हुन जान्छ ।मुद्दाको पुर्पक्ष भनेको मुद्दाको अन्तिम निर्णय होइन, अभियुक्तको कसूर प्रमाणित नहुँदैको अवस्थामा त्यसरी थुनामा राखिने क्रियाले व्यक्तिगत दृष्टिले वैयक्तिक स्वतन्त्रता नियन्त्रित भएको हुन सक्छ, तर अपराधको प्रभावकारी अनुसन्धान गरी अपराधीलाई दण्डित गर्ने कार्यको अभावमा स्वतन्त्रता र सुरक्षाको हकले सार्थकता पाउन नसक्ने हुदाँ अभियोग लागेका मानिसलाई अनुसन्धानका सिलसिलामा पक्राउ गर्न नपाउने हो भने व्यक्तिको सुरक्षाको अधिकार सुरक्षित हुने वातावरण बन्दैन भन्ने सिद्दान्त अधिवक्ता अच्यूतप्रसाद खरेलको मुद्दा (ने.का.प, २०६६ चैत, निर्णय नं. ८२७५) मा प्रतिपादन भएको छ ।

## १९. न्यायाधीशको पदमा नियुक्त हुने व्यक्तिको संसदीय सुनुवाइ हुनसक्ने

संसदीय सुनुवाइको प्रणाली संविधानमा समावेश गरिसकेपछि न्यायाधीशको पदमा नियुक्त हुने व्यक्तिले इमानदार र निष्पक्ष भएर न्यायसम्पादन गर्नुपर्ने हुँदा यसरी नियुक्ति हुने व्यक्तिको आचरण, विगतका वर्षहरूमा उनीहरूले गरेको कार्यसम्पादन, अनुभव, ज्ञान सीप, योगदान, योग्यता, निष्पक्षताबारे नियुक्तिका क्रममा सावधानीपूर्वक संपरीक्षण गरी छनौट (Screening) गर्ने विषय स्वयंमा आपत्तिजनक हुन नसक्ने भन्ने मान्यता अधिवक्ता सुबोधमान नापितको मुद्दा (ने.का.प, २०६७ निर्णय नं ८३८५) मा राखेको छ ।

## २०. साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार फरक हुन भन्ने मान्यता

साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार नभै फरक हुन भन्ने दृष्टिकोण **रामदेव यादव**को मुद्दामा सवाच्च अदालतले अपनाएको छ ।यसै मुद्दामा असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकार लाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने कार्य नगर्ने भन्ने व्याख्या गरेको छ । नियमित वा सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार होइन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार पनि होइन भनिएको छ । मौलिक हक प्रचलनको सम्बन्धमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्दा कुनै तथ्य अनुमानित र कपोल कल्पित प्रश्नहरूको निराकरण गर्न र उपचार दिन नसक्ने । विद्यमान कुनै तथ्यको ब्याख्यामा विवाद गर्नु र कुनै तथ्य यथार्थमा घटित भएको वा होईन भन्नु एउटै कुरा होईन । विद्यमान तथ्यहरूमा असाधारण अधिकार क्षेत्र अन्तर्गत आदेश जारी गर्ने सम्मका आधारहरू विद्यमान छन् वा छैनन् भनी हेर्नु अदालतको लागि सँधै सान्दर्भिक हुन्छन् भने कुनै कुरा भए गरेको छ वा छैन भन्ने जस्ता विवाद सवूद बुझि निर्णय गर्नुपर्ने भयो भने सो कुरा असाधारण अधिकार क्षेत्रबाट हेर्न नमिल्ने कृष्ण प्रसाद आचार्य समेतको मुद्दा (ने.का.प,२०६४, निर्णय नं. ७८३५) मा अदालतले अपनाएको छ ।

## २१. योग्यता नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा नियुक्त गर्ने कार्य संविधानको उल्लङ्घन हुने

पदीय जिम्मेवारी अनुसारको योग्यता र क्षमता वस्तुगत आधारमा यकिन गरेर मात्र योग्यतम् व्यक्तिलाई संवैधानिक अंगको पदाधिकारीको पदमा नियुक्त गरिनु वाञ्छनीय देखिन्छ।योग्यता नै नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा स्वेच्छाचारी तवरबाट नियुक्त गरिएमा संविधानको उल्लङ्घन हुन पुग्ने भनी त्यस्ता नियुक्ति बदर हुने भन्ने दृष्टिकोण अदालतले (ने.का.प,२०७३, अक ११, निर्णय नं. ९७१०) मा अबलम्बन गरेको छ ।

### २२. धार्मिक विषयमा राज्यले चासो राख्नु धर्म निरपेक्षताको विपरीत नहुने

राज्यले धर्म वा धार्मिक आस्थाको आधारमा नागरिकहरूबीच विभेद गर्दैन भन्ने नै धर्म निरपेक्ष राज्यको तात्पर्य हो । धार्मिक विषयमा राज्यले आँखै लगाउन हुँदैन भन्न नमिल्ने र हाम्रो देशभित्र जे जस्ता धार्मिक संस्था वा गुठीहरूको स्थापना गरिएको भएपनि सार्वजनिक हित, पहुँच वा व्यवस्थापनको दृष्टिबाट सार्वजनिक हकहित वा सरोकार रहेको विषयमा राज्यले चासो राख्नु वा व्यवस्थापनमा पारदर्शीता र सुशासन कायम राख्न कानूनी व्यवस्था गर्नु धर्म निरपेक्षताको विपरीत हुँदैन भन्ने दृष्टिकोण भरतमणि जङमको मुद्दामा अदालतले राखेको पाईन्छ ।

### २३. अदालतले कुनै पनि ऐन वा नियम संविधानसम्मत रहेको अनुमान गर्ने

अदालतले कुनै पनि ऐन वा नियम जहिले पनि वैध र अधिकार क्षेत्रभित्र रही निर्माण गरिएको र संविधानसम्मत रहेको अनुमान गर्दछ ।तसर्थ कुनै ऐन वा नियम बाझिएको छ भनी दाबी गर्ने पक्षले संविधानसँग बाझिएको छ भन्ने कुराको अदालतलाई विश्वास दिलाउन सक्नुपर्छ भन्ने व्याख्या धर्मेन्द्र सिहको निवेदनमा गरेको छ।यसैगरी संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनमा अदालतले लिने गरेको आधारहरूमा विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिने कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्ने सफा हात लिएर आउनुपर्ने उल्लिखित कानूनलाई स्वीकार गरेको वा त्यसबाट फाइदा लिएको देखिनु नहुने र बाझिएको कुरा सामान्य विवेक भएको मानिसले सहजरूपमा थाहा पाउन सक्ने हुनुपर्ने भनी आधार विकास गरेको छ । अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भैदिए अझ राम्रो हुन्थ्यो भनी त्यसको औचित्य खोज्ने वा मसौदाकारको काम गर्दैन।अदालतले दाबी गरिएको कानून स्पष्टसँग संविधानसँग बाझिएको छ छैन भन्नेसम्म हेर्छ भन्ने दृष्टिकोण रविन्द्र श्रेष्ठको मुद्दा (ने.का.प, २०७३ नि. नं. ९५३८) मा राखेको छ।

### २४. कानूनको शासन प्रबर्दन र सरक्षण

संविधान र कानून अनुसार सरकार तथा संबैधानिक निकाय तथा अधिकारीले कार्य गर्नुपर्ने र यसबाट कानूनको शासन प्रबर्दन हुने मान्यता सर्वोच्च अदालतले स्थापित गरेको छ । संविधानले उप राष्ट्रपतिलाई हिन्दी भाषामा शपथ लिन छुट नदिएको अवस्थामा उपराष्ट्रपतिले संविधानले निर्धारण गरे अनुसारको ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनुको विकल्प देखिन नआउने भन्दै हिन्दी भाषामा गरिएको शपथ संविधानसम्मत हुन नसक्ने भनी बदर गरेको छ ।(ने.का.प, २०६६, अङ्क ४, निर्णय न ८११७) । यसैगरी स्पष्ट कानूनी त्रुटी (Apparent Error of Law) देखिएको अवस्थामा कुनै निकायबाट भएको निर्णयमा वैधानिकताको तत्व रहन नसक्ने र कानूनले निश्चित

गरेको प्रकृया र बिधिको पालना नगरी भएका कुनैपनि निर्णय कानून विपरीत हुने सिद्दान्त पुष्पकमल दाहाल प्रचण्ड वि संबैधानिक परिषद समेत भएको (ने.का.प, २०६८, निर्णय नं. ८४०६) मुद्दामा प्रतिपादन गरेको छ ।

सागर केसीको मुद्दा (ने.का.प, २०७०, निर्णय न ९३००) मा संवैधानिक सीमाको उल्लङ्घन गर्ने छुट राज्यका कुनै पनि निकायलाई नहुने र संवैधानिक सर्वोच्चता र नागरिक हकको संरक्षकको रूपमा मौलिक हकको विरूद्ध हुने जुनसुकै प्रकारका शक्ति, अधिकारको स्वेच्छाचारी र मनोमानी कार्यलाई न्यायिक पुनरावलोकनद्वारा रोकिने भनी कानूनको शासनको सरक्षणमा बालेको छ । द्वन्द्वकालमा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका कसूरहरूमा उत्तरदायी बनाउने, त्यस्ता घटना पुन दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‌वोधन गराउने जस्ता कार्यले कानूनी राज्य कायम गर्न मदत पुग्ने मान्यता मीरा ढुगाना (ने.का.प, २०७४, नि न ९५७५) को मुद्दामा प्रतिपादन गरेको पाईन्छ ।

यसैगरी अपराध, भ्रष्टाचार वा अनुचित कार्य लगायत जुनसुकै गैरकानूनी स्रोतबाट आर्जन गरेको सम्पत्तिलाई बैद्यता दिनु र त्यस उपर छानबीन, अभियोजन र सजाय गर्न नपाउने गरी आदेश जारी गर्नु संविधान र कानूनले गरेका प्रावधानहरू प्रयोजनहीन, निष्क्रिय वा मृतप्रायः हुन्छन भन्दै कमलेश द्देवेदीको मुद्दा (ने.का.प, २०६७, नि न ८४५२) मा कार्यकारी आदेश जारी गरी स्वेच्छिक रुपमा सम्पत्ति विवरण दिई कर तिरेको कारणले मात्र स्रोत पनि खुलाउन नपर्ने र त्यस्ता सम्पत्ति गैरकानूनी तवरले कमाएको सम्पत्ति हो भने त्यस्तो सम्पत्ति स्वतः Legalise हुने व्यवस्था गर्नु कानूनको शासनको मान्यता अनुरूप नहुने भनी बदर गरेको छ । कानूनको शासन प्रबर्दन गर्नमा प्रस्तुत आदेश महत्वपूर्ण मान्न सकिन्छ ।

## २५. सार्वजनिक सरोकारको विवादमा सार्थक सम्बन्ध र तात्विक सरोकार हनुपर्ने

सार्वजनिक सरोकारको विवादमा निवेदन गर्ने व्यक्तिको विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्विक सरोकार हुनपर्दछ र विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित जनसाधारणको प्रतिनिधित्व निजले सही रुपमा गर्न सक्दछ भन्ने कुरामा अदालतलाई विश्वास दिलाउनु पर्छ भन्ने मान्यता राधेश्याम अधिकारीको मुद्दामा (ने.का.प, २०४८, अङ्क १२, नि न ४४३०) मा स्थापित रहेको । यसैगरी विष्णु प्रसाद पाण्डेको मुद्दा (ने.का.प, २०५३, अङ्क ३, नि न ६१५९) मा सार्वजनिक सरोकारको विषय हुन कुनै खास व्यक्ति वा व्यक्तिहरुको व्यक्तिगत हक वा सरोकारमा मात्र सिमित भएको विवाद नभएर सर्बसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित हुनुपर्दछ ।साथै नेपाल सरकार वा अन्य कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून अनुसार गर्नु पर्ने काम गरेन वा गर्न नहुने काम गरेमा त्यसको परिणामस्वरुप

कुनै व्यक्ति वा व्यक्तिहरुलाई कानूनको दृष्टिमा व्यक्तिगत क्षति पुगेको छैन तर जनसाधारणको सामान्य हित वा स्वार्थमा प्रतिकुल प्रभाव परेको छ भने उक्त कार्य **सार्वजनिक सरोकार**को विषय हुन्छ भनिएको छ।दिलीप यादवको मुद्दामा (ने.का.प, २०६७, अङ्क १०, नि न ८४८४) मा निवेदकको सार्थक सम्बन्ध र तात्विक **सरोकार नभएपनि मुद्दा गर्न छुट दिदै जाने हे भने हकदैया सम्बन्धी सिद्दान्त र कानूनी व्यवस्था**को प्रयेग हुने भनेको छ।**भीमसेन पेखरेल**को मुद्दा (ने.का.प, २०७०, अङ्क १, नि. नं. ८९४०) मा **सार्वजनिक सरोकार**को विषयमा निवेदन दिने व्यक्तिको त्यस्तो विवादको विषयसँग सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) हुनुपर्ने हुँदा यस्तो सम्बन्ध र सरोकार निवेदकले केवल निवेदन दर्ता गर्दाको अवस्थामा मात्र देखाएर नहुने भन्दै सार्वजनिक सरोकारको विवादको विषयमा अदालतमा निवेदन दिनुपूर्व सो विषयको कामकारवाही गर्नुपर्ने वा गर्नु नपर्ने कर्तव्य भएको निकाय वा पदाधिकारी समक्ष आवश्यक उपचारको लागि निवेदन दिनुपर्ने र त्यसरी निवेदन दिएकोमा सो प्रक्रियामा अनुचित विलम्व भई वा सो प्रक्रिया निष्प्रभावी भई यस अदालतसमक्ष उपचार माग गर्नुपरेको भए सोको व्यहोरा समेत निवेदनमा खुलाउनु पर्ने सम्बन्धित निकायमा निवेदन दिएकोमा त्यसबाट उपचार पाउन नसकेको कारणले सोही विषयमा अदालतमा निवेदन दिनुपूर्व निवेदकले सम्बन्धित पदाधिकारी वा निकाय समक्ष सो काम कारवाही गरे वा नगरे उपर अदालतमा सार्वजनिक सरोकारको विषयमा निवेदन दर्ता गराउन लागेको कुराको जानकारी गराई त्यसको प्रमाण समेत रिट निवेदनसाथ पेश गर्नुपर्ने र सार्वजनिक सरोकारको विवादको विषयसँग निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको र सम्बन्धित जनसमुदाय वा सर्वसाधारणको सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम रहेको कुराको विश्वास हुने आधारहरूसमेत निवेदनमा खुलाउनु पर्ने गरी रिट निवेदकलाई जिम्मेवार बनाउन आदेश गरेको छ ।

## २६. संक्रमणकालीन न्याय सम्बन्धमा सत्य थाहा पाउने र परिपूरणको पाउने हक हुने

द्वन्द्वको क्रममा भएका मानव अधिकारको उल्लङ्घनका घटनाबाट पीडितहरुले क्षतिपूर्ति र परिपूरण पाउने तथा द्वन्द्वका घटनाको सत्यतथ्य खोजी गर्ने वा पत्ता लगाउने कार्य संक्रमणकालीन न्यायको महत्वपूर्ण तत्व हुने मान्यतालाई अदालतले राजेन्द्र ढकालको मुद्दामा (ने.का.प, २०६४, अङ्क २,) स्थापित गरेको छ । द्वन्द्वका पीडितहरुलाई आर्थिक क्षतिपूर्ति र बृहतरुपमा परिपूरणको व्यवस्था गर्नुपर्ने कर्तव्य पनि राज्यको रहने सिद्धान्त यसै मुद्दामा सर्वोच्च अदालतले प्रतिपादन गरेको छ । द्वन्द्वकालका घटनाको सत्य थाहा पाउने कुरा मौलिक हक अन्तर्गतको जीवनको हक, स्वतन्त्रताको हक र न्याय पाउने हकको अभिन्न अङ्ग हो भन्ने स्थापीत गरेको देखिन्छ ।संक्रमणकालीन न्यायका सम्वन्धमा सर्वोच्च अदालतबाट पीडितलाई न्याय प्रदान गर्ने गम्भीर प्रकृतिका मानव अधिकार

उल्लघनका कसूरमा अभियोजन गर्ने समाजमा मेलमिलाप कायम गर्ने मानव अधिकारको गम्भीर उल्लंघनका सन्दर्भमा माफी तथा क्षमादान सम्बन्धी उपायहरु अस्वीकार्य हुने भन्ने मान्यता सुमन अधिकारीको मुद्दामा (ने.का.प, २०७१, अङ्क १२, नि.नं ९३०३) उल्लेख गरेको छ । यसै मुद्दामा द्धन्द्धकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान गरी फौजदारी अभियोजन गर्ने कुराले मात्रै पीडितलाई न्याय प्रदान गर्न र न्याय प्रणाली सवल बन्न सक्छ भन्ने सिद्धान्त प्रतिपादन गरेको छ । यसैगरी यातना विरुद्दको महासन्धि १९८४ को नेपाल पक्ष भएकाले महासन्धिको व्यवस्था अनुसार यातनालाई अपराध मानी कानून गर्न सरकारका नाममा राजेन्द्र घिमिरेको मुद्दा (२०६६ असार, अङ्क ३, निर्णय नं. ८१०१) मा आदेश गरेको छ । संवैधानिक एवं कानूनी व्यवस्था र मानव अधिकारको न्यूनतम् मान्यता वा सीमा नाघी कसैलाई पनि द्वन्द्वकालमा वा अन्य अवस्थामा कुनै प्रकारको यातना दिन नसक्ने तर्फ पनि यस मुद्दामा अदालतले आदेश गरेको छ । द्वन्द्वकालमा भएका मानवीय कानून विरूद्ध वा मानव अधिकार उल्लङ्घनका गम्भीर कसूरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‌वोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउनु संक्रमाणकालीन न्यायको मुख्य अभिष्ट हो भन्ने मान्यता मीरा ढुगाना (ने.का.प, २०७४, नि.नं ९५७५) को मुद्दामा आदेश गरेको पाईन्छ ।

## २७. समकक्षी सस्था विरुद्ध घोषणात्मक अभिव्यक्ति दिनु मात्रै पनि पर्याप्त हुने

व्यवस्थापिका संसद राज्यको एउटा महत्वपूर्ण छुट्टै अङ्ग हुनुको अतिरिक्त न्यायपालिका समकक्षी अङ्ग समेत भएकोले त्यस्तो संस्थाले गरेको कुनै कार्यबाट कसैको खास हक हनन् भएको भनी देखाउन नसकेको अवस्थामा त्यस्तो संसद विरुद्ध नै परमादेशको आदेश जारी गर्ने अवस्था विद्यमान देखिन नआउने र एउटा सक्षम निकायलाई भइरहेको कानूनको स्थितिको अवलोकन गरी घोषणात्मक अभिव्यक्ति दिनु मात्रै पनि समकक्षी अङ्ग वा निकायको लागि पर्याप्त हुने र त्यस्तो कार्य मूलतः कानूनी राज्य र संविधानको सर्वोच्चता कायम गर्ने हिसाबले गरिने हुँदा परमादेश जस्तो बन्धनकारी आदेशद्वारा मात्रै समुचित निकास वा उपचार पाइन्छ भन्ने सोच्नु मुनासिब देखिन नआउने व्याख्या अधिवक्ता प्रभुकृष्ण कोइराला समेत (ने.का.प, २०६८, निर्णय नं.८४२०) को मुद्दामा गरेको छ ।

## २८. संविधानको आधारभूत संरचनाको सिद्धान्त

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११६ ले प्रस्तावनाको भावना प्रतिकुल संविधान संशोधन हुन नसक्ने भनी व्यवस्था गरेको सन्दर्भमा प्रतिनिधिसभा बिघटन सम्बन्धी रविराज भण्डारी वि सम्माननीय प्रधानमन्त्री समेत भएको २०५२ सालको रिटमा अदालतले प्रस्तावनाको भावना

अनुसार केही आधारभूत संरचनाको रुपमा संसदीय शासन प्रणाली बहुदलीय प्रजातन्त्र समेतलाई समावेश गरेको र उक्त व्यवस्थाहरु असंशोधनिय रहेको व्याख्या गरेको थियें ।

नेपालको अन्तरिम संविधान, २०६३ मा व्यक्त रुपमा (Expressly) आधारभूत संरचना (Basic Feature) नराखेको भएपनि केही अव्यक्त (Implied) आधारभूत विशेषता रहेको हुँदा सो को विपरीत हुने गरी व्यवस्थापिका–संसदले अन्तरिम संविधानको संशोधन गर्न सक्दैन भन्ने सिद्वान्त अदालतले अधिवक्ता सुबोधमान नापित विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत विपक्षी भएको (रिट नं.२०६४–WS–००२ आदेश मिति २०६७।१।२) मा कायम गरेको छ । उक्त मुद्दामा नेपाललाई लोकतान्त्रिक गणतन्त्रबाट राजतन्त्रमा फर्काउने र संघीय राज्य व्यवस्थाबाट एकात्मक राज्यमा परिवर्तन गर्ने गरी अन्तरिम संविधानको संशोधन हुन नसक्ने र नेपालले अनुमोदन गरेका Core Human Right Treaties समेतबाट प्रत्याभूत गरिएका नागरिकका आधारभूत मानव/मौलिक अधिकार कटौती गर्ने तथा ती अधिकारको उल्लंघन भएमा स्वतन्त्र र सक्षम न्यायलयबाट उपचार प्राप्त गर्ने अन्तरिम संविधानमा रहेका मौलिक हक र स्वतन्त्र न्यायपालिका सम्बन्धी व्यवस्थाहरू समेत संविधानका आधारभूत विशेषता हुन भनी ती कुराहरु संविधानका आधारभूत संरचना हुने व्याख्या गरिएको छ ।

यसैगरी विजयराज शाक्यको मुद्दा (ने.का.प, २०६७ अंक ९ नि न ८४५७) मा संविधान स्वयंले संशोधनको लागि कुनै पूर्वशर्त वा आधारभूत संरचना किटेको छैन भन्दैमा संविधानको आधारभूत स्वरुप क्षतविक्षत पार्ने अधिकार संविधानले नै जन्माएको (Creature) विधायिकालाई नहुने र तर संविधान संशोधन नै हुन नसक्ने व्यवस्था गर्ने हो भने संशोधन प्रक्रियाको बदला अदालतबाट व्याख्या मार्फत् संशोधन हुन पुग्ने सिद्धान्त प्रतिपादन भएको छ। यसैमा संविधान संशोधनका सम्बन्धमा कुनै सीमा नै हुँदैनन र व्यवस्थापिका संसदले अन्तरिम संविधानको जुनसुकै धारा निरपेक्ष ढंगबाट संशोधन गर्न नसक्ने भन्दै संविधान संशोधनका सम्बन्धमा व्यवस्थापिका संसद केही व्यक्त वा अव्यक्त सीमाहरूबाट बाँधिन्छ भनिएको छ ।

अन्तरिम संविधानको धारा ६४ अनुसार संविधानसभाको कार्याबधि बढाउने गरी भएको संविधानको दशौं संशोधन बदर घोषित गरी पाउन परेको भरतमणि जंगमले दायर गर्नु भएको रिटमा (ने.का.प, २०६७ अंक ८ नि न ८६६२) स्पष्ट रुपमा अवधि किटान गरि संविधान निर्माणका लागि निर्दिष्ट गरिएको समयाबधि केबल आलंकारिक मात्र हो भन्ने ठानिन नहुने भन्दै अन्तरिम संविधान निर्माणका क्रममा संविधान निर्माताले सुविचारित रुपमा २ बर्ष समयावधि राखी संविधान निर्माणको कार्यलाई सुनिश्चितता प्रदान गरेको अवस्थामा त्यस्तो निश्चित् प्रावधानलाई कुनै महत्व नै नदिई संविधान संशोधनको अधिकार अन्तर्गत संविधानसभाको कार्यकाल पटक–पटक वढाई संविधान निर्माण हुन्छ

भन्ने कुरालाई अनिश्चिततामा पार्ने अधिकार पनि अन्तर्निहीत हुन्छ भनी अर्थ गरिनु जनादेश प्रतिकूल हुने र अनिश्चय तथा सीमाहीन स्थिति सिर्जना हुने गरी संविधानसभा आफैंले आफ्नो कार्यकाल वढाउँदै जानु संवैधानिक विधिशास्त्रको दृष्टिकोण समेतवाट मनासिव हुन नसक्ने भन्दै संविधानसभाको कार्याबधि बढाउने गरी संविधानमा संशोधन गर्न नसकिने व्याख्या अदालतले गरेको छ । संविधान संशोधनको अधिकारमा केही सीमाहरु रहने कुरालाई स्वीकार गर्ने आधारभूत संरचनाको सिद्दान्तलाई अदालतले मान्यता दिएको देखिन्छ ।

**२९. अध्यादेशको कानूनी मान्यता**

अध्यादेश जारी भै प्रारम्भ गरिएको कारवाहीको प्रक्रिया अध्यादेशको अवधि समाप्त भई निष्क्रिय रहेको अवस्थामा उक्त शुरु भएको प्रक्रिया वा कामकारवाही अन्त्य नभएसम्म सो अध्यादेशको व्यवस्था अनुसार भएको काम कारवाही सम्पन्न नहुँदै निष्क्रिय भएको कारणले साविकमा रहेको कानूनी व्यवस्था नै लागू हुने भनी व्याख्या गर्नु कानून व्याख्या सम्बन्धी ऐनको व्यवस्था विपरीत हुने । जारी भएको अध्यादेशको अवधि समाप्त भई ऐनको रुप लिन नसके पनि सोको परिणाम पनि ऐन खारेज भएपछिको परिणाम जस्तै हुने भन्ने सिद्धान्त **नरेन्द्र प्र. कोइराला वि लोक सेवा आयोग समेत (ने.का.प, २०६८ नि. नं. ८५७०) मुद्दामा गरिए**को छ ।

**३०. सबैधानिक ईजलासबाट प्रतिपादित सिद्दान्त**

प्रहरी कर्मचारीको नोकरी अबधि गणना गर्दा प्रहरी सेवाको कुनै पनि पदमा गरिएको स्थायी नोकरी समेत जोडी गणना गरिने भन्ने व्यवस्था नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकको विपरीत भएको भन्ने दावी रहेको गणेशराज राई समेतको मुद्दा ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००१) मा सो व्यवस्था प्रहरी सेवामा कार्यरत सवै प्रहरीहरुको लागि लागू हुने व्यवस्था भएकोले समानताको प्रतिकुल र भेदभाव गर्ने खालको नदेखिएको भनी समानताको हक समानहरुका वीचमा लागू हुने र न्यायोचित वर्गीकरण गरी राज्यले फरक फरक कानूनी व्यवस्था गर्न सक्ने न्यायोचित बगीकरणको सिद्धान्तलाई सबैधानिक इजलासले स्वीकार गरेको छ । यसै मुद्दामा प्रहरीको योग्यता, छनौट प्रकृया, अवकाश, सेवाको गणना जस्ता विषय सेवा सम्बन्धी कानूनको सारभूत व्यवस्था भएकोले प्रहरी ऐनको निश्चित अधिकार अन्तर्गत बाहेक प्रत्यायोजित विधायनको अंश बनाउन समेत नमिल्ने हुँदा सेवा, शर्त सम्बन्धी सारवान व्यवस्था ऐनमा नै समावेश गर्नु भनी सरकारका नाममा आदेश समेत गरेको छ । यसबाट प्रहरी सेवामा कार्यरत कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था ऐनमा व्यवस्थित गर्नुपर्ने अदालतको दृष्टिकोण रहेको देखिन्छ ।

सावित्री श्रेष्ठ वि. राष्ट्रपति कार्यालय समेत भएको माफी सम्बन्धी मुद्दा (नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००२) मा बालकृष्ण ढुंगेललाई माफी दिने तत्कालिन सरकारको निर्णय बदर गर्दै सर्वोचच अदालतको संविधानको संबैधानिक ईजलासले नेपालको संविधानको धारा २७६ ले राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा अदालत वा न्यायिक निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुलतवी, परिर्वतन वा कम गर्नसक्नेछ भन्ने व्यवस्था गरेको सन्दर्भमा के कस्तो कसूरमा माफी दिन मिल्ने हो र के कस्तो कसूरमा माफी दिन नमिल्ने हो भन्ने स्पष्ट व्यवस्था सहितको कानून बन्नुपर्ने र के कस्तो अवस्था र परिस्थितिमा माफीको लागि कारवाही चलाउन पाउने हो भन्ने आधारहरु पनि कानूनमा नै व्यवस्थित हुनुपर्ने तथा त्यस्तो कानूनमा गम्भीर खालका फौजदारी कसूरमा माफी दिन नसकिने गरी व्यवस्था राख्न समेत आदेश गरी माफी सम्बन्धी विषयलाई राज्यले कानूनद्धारा व्यवस्थित गर्नुपर्ने सिद्धान्तलाई स्थापीत गरेको छ ।

यसैगरी सरकार वादी फौजदारी मुद्दाको कसूरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भै गलत अनुसन्धान वा अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाई पाएको अवस्थामा त्यसरी थुनामा परेको अबधिको राज्यद्धारा न्यायोचित क्षतिपूर्ति दिने व्यवस्था सहितको कानून निर्माण गर्नु भन्ने अमृत प्रसाद श्रेष्ठको मुद्दा ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००६) मा संबैधानिक ईजलासले निर्देशनात्मक आदेश जारी गरेको छ । यसबाट फौजदारी मुद्दामा कुनै पनि कारणबाट थुनामा परी मुद्दा फैसला हुँदा सफाई पाएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्ति पाउने अवस्था भएको छ । यो आदेशको कार्यान्वयनका लागि राज्यले आवश्यक कानून तर्जुमा गर्नुपर्ने हुन्छ ।

| सि नं | निवेदक। पक्ष | प्रत्यर्थी | मुद्दा | नि नं | फैसला। आदेश मिति | इजलास | फैसला सार संक्षेप |
|---|---|---|---|---|---|---|---|
| १. | सुन्तली धामी(शाह) | प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय समेत | परमादेश | नेकाप २०६८ अक १ ८५४१ | २०६७।८।१५ | संयुक्त मानननीय न्यायाधीश श्री बलराम के सी माननीय न्यायाधीश श्री भरतराज उप्रेती | महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्दछ। धारा १३५ले महान्याधिवक्तालाई उल्लिखित अधिकार, दिएको भएतापनि धारा १३५ ले धारा १०७ को यस अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण गर्न नसक्ने। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) ले कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक व्यवस्था अन्तर्गत पूर्णन्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्नसक्ने। |
| २. | ठाकुर गैरे समेत | गृह मन्त्रालय, सिंहदरवार काठमाडौं समेत | वन्दी प्रत्यक्षीकरण | निर्णय नं. ७६७२ ने.का.प. २०६३ अङ्क ३ | २०६२।४।२५।३ | माननीय न्यायाधीश श्री अर्जुन प्रसाद सिंह माननीय न्यायाधीश श्री हरिजंग सिंजापती | सम्वन्धित अधिकारीले कानून बमोजिम आदेश गरी थुनामा राखेको मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी चलि रहेको मुद्दालाई असर पर्ने गरी रिटक्षेत्रवाट हेर्न नमिल्ने भएपनि चलाइएको मुद्दा कानून अनुरुपको हो, होइन, कानूनको अख्तियारी अनुरुप थुनामा राखिएको हो, होइन? थुनामाराख्दा कानूनको जालसाजीपूर्ण प्रयोग गरिएको छ छैन। थुनामा राख्दा अनिवार्य रुपमा पालन गर्नुपर्ने आधारभूत कानूनी प्रक्रियाको अवलम्वन गरिएको छ छैन? जस्ता कानूनी तथा सैद्दान्तिक दृष्टिकोणले कुनै व्यक्तिलाई थुनामा राखिएको कार्यको न्यायिक परीक्षण रिटक्षेत्रवाट गर्न मिल्ने । |
| ३. | अधिवक्ता राजुप्रसाद चापागाई | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | संविधान संग बाझिएको कानून | निर्णय नं. ७६५१ ने.का.प. २०६३ | २०६२।१२।१० | माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री बलराम के.सी. | अदालतको काम कानूनको व्याख्या गर्नेसम्म हो यसका अतिरिक्त विधायिका निर्मित कानूनसंविधान अनुकूल नै छ भन्ने संझिने गरिन्छ । जवसम्म प्रत्यक्षरूपबाट कानून संविधानप्रतिकूल रहेको भन्ने देखिंदैन तवसम्म अवैध भन्न नमिल्ने । निवारक नजरबन्दसम्बन्धी व्यवस्था कुनै एक कानूनमा मात्र रहनसक्ने र छरिएर रहन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यालय समेत | अमान्य घोषित गरिपाऊँ | अङ्क २ | | माननीय न्यायाधीश श्री गौरी ढकाल | नसक्ने भन्ने जिकिरसँग सहमत हुन नसकिने । |
| ४. | राजेशराज कर्णिकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | कर्मचारी संचयकोष कर्मचारी सेवा शर्त (पाँचौं संशोधन) नियमावली, २०४८ को नियम ८ को उपनियम (१क) को खण्ड (क) बदर घोषित गरिपाऊँ । | निर्णय नं. ७६३६ ने.का.प. २०६३ अङ्क १ | २०६२।१२।३१। | माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री बलराम के.सी. | राज्यले कुनै उद्योग,व्यापार,पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरीकानून बनाउन रोक लगाएको मानिने छैन भन्ने समेत धारा १२(२)(ङ)(५) मा व्यबस्था गरीपेशा र रोजगारको स्वतन्त्रतालाई व्यबस्थित र नियमन गर्न सक्ने समेत संवैधानिक व्यवस्थारहेको देखिएकोले कर्मचारी संचयकोष नियमावली, २०४८ मा पाँचौं संशोधन गरी सेवाका शर्तमा फेरबदल गरेको अवस्थालाई संविधान विपरीत भएको भन्न नसकिने । संचयकोषको सेवामा रहंदाका अवस्थामा निवेदकले प्राप्त गर्ने तलव,भत्ता एवं अन्य सुविधाबाटकेही सम्पत्ति आर्जन हुन सक्ने अवस्था रहेको भएपनि त्यो मात्र सम्पत्ति आर्जन,भोग, बेचविखनवा अन्य कारोवारको प्रमुख आधार होइन,यो एउटा अंश (Component) मात्र हो । यस्कै कारणले समग्र साम्पत्तिक हक (Holistic Proprietary right) मा आघात पुगेको मान्न नमिल्ने । |
| ५. | अधिवक्ता मीरा ढुंगाना समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | संविधानसंग बाझिएको कानून अमान्य र | निर्णय नं. ७६३५ ने.का.प. २०६३ | २०६२।१२।१७।५ | माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी माननीय न्यायाधीश | नपुंसकता (Impotency) र निसन्तान वा बाँझोपन (Infertility) शब्द एउटै नभई फरकफरक अवस्था र अर्थबोध दिने शब्दहरू हुन् भन्ने प्रष्ट हुने ।<br>लोग्ने वा स्वास्नीमानिस दुवैमा हुन सक्ने सन्तान उत्पादन गर्ने क्षमता केवलस्वास्नीमानिससंग मात्र हुन्छ । लोग्नेमानिसमा हुँदैन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यालय, सिंहदरबार समेत | बदर घोषित गरिपाऊँ । | अङ्क १ | | श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्रीमती शारदा श्रेष्ठ | भन्ने आशय आउने प्रकृतिको कानून निर्माण गर्नु र लागू गर्नु निश्चयनै संवैधानिक प्रावधान र समानताको सिद्धान्त अनुकूल नहुँदा उक्त प्रावधानले लोग्ने र स्वास्नीबीच स्पष्टरूपमा भेदभावजन्य व्यवहार प्रदर्शित गर्ने । मुलुकी ऐन (एघारौं संशोधन सहित) लोग्ने स्वास्नीको १ नं. का देहाय (१) मा रहेको प्रावधान मध्ये "वा विवाह भएको दश वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा" भन्ने प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने । |
| ६. | अधिवक्ता प्रकाशमणि शर्मा समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | बाझिएको कानून अमान्य घोषित गरी उत्प्रेषण, परमादेश लगायत जो चाहिने आदेश जारीगरिपाऊँ । | निर्णय नं. ७६३४ ने.का.प. २०६३ अङ्क १ | २०६२।१२।१७।५ | सम्माननीय प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेल माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री तपवहादुर मगर | निजामती सेवा ऐन, २०४९ अनुसार महिला कर्मचारीहरुको हकमा ६ महिना परीक्षणकालको अवधिको व्यवस्था गरेकोले अरु कानूनी व्यवस्थामा महिलाको लागि छुट्टै व्यवस्था नभएको भन्ने जिकिरकै आधारमा ती कानूनी व्यवस्थाहरुलाई तत्काल नै असंवैधानिक घोषणा गर्न नमिल्ने महिला कर्मचारीहरुको परीक्षणकाल सम्बन्धी निजामती सेवा ऐन, २०४९ ले सकारात्मक विभेद र महिला वर्गको संरक्षण र विकासको लागि परीक्षणकाल पुरुष कर्मचारीहरु भन्दा कम हुने गरी ६ महिनाको गरेपनि शिक्षा नियमावली,२०६० समेतका विभिन्न ६ वटा कानूनी व्यवस्थामा महिला कर्मचारीहरुको हकमा परीक्षणकाल सम्बन्धी छुट्टै र व्यवस्था नगरी परीक्षणकाल सम्बन्धी व्यवस्थामा एकरुपता रहेको नदेखिंदा सवै महिला कर्मचारीहरुको परीक्षणकालमा समान किसिमको व्यवस्था गरी एकरुपता कायम गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन आदेश जारी हुने । |
| ७. | विनोद ढुंगेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | उत्प्रेषण समेत | सम्वत् २०६२ सालको रिट नं.६५ | २०६३।१।२१।५ | माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री खिलराज रेग्मी | प्रत्यायोजित विधायन अनुसार अधिकार प्रयोग गरी निर्माण गरिने नियम विनियम वा उपनियमले मुलुकको मूल कानूनको रुपमा रहेको संविधान तथा आफूलाई जन्म दिने ऐन (Parent Act) ले तोकिदिएको सीमारेखालाई नाघ्न नसक्ने। प्रत्यायोजित अधिकार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिंहदरवार समेत | | निर्णय नं. ७६६० ने.का.प. २०६३ अङ्क ३ | | माननीय न्यायाधीश श्री पवनकुमार ओझा | प्रयोग गरी निर्माण गरिने नियममा ऐनमा व्यवस्थित सारवान कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधिगत विषयमा व्यवस्था गर्न सकिने हुन्छ। विधायिका निर्मित ऐनले परिकल्पना नै नगरेको विषयमा उक्त ऐन अन्तर्गत बनेको नियममा कुनै व्यवस्था गर्न नसकिने ।<br>राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले राष्ट्र र राष्ट्रियहितलाई ध्यानमा राखि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसंग सम्बन्धित कुनै कार्यक्रम प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था गरेकोमा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (च) मा युद्ध वा संकटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्न निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने भनी तोकिएको शर्त ऐनको दफा ७ ले गरेको कानूनी व्यवस्थाको विपरीत भई प्रत्यायोजित विधायन सम्बन्धी सिद्धान्त अनुकूल समेत रहेको नदेखिने । |
| ८. | अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत | परमादेश समेत । | सम्वत २०६० सालको रिट नं.३३४२ निर्णय नं. ७६४३ ने.का.प. २०६३ अङ्क १ | २०६३।१।२४ | माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत<br>माननीय न्यायाधीश श्री पवनकुमार ओझा | जेष्ठ नागरिकहरू राज्यवाट लाभ प्राप्त गर्ने उपयुक्त अधिकारी भएको हुँदा उनिहरूप्रति राज्यलेवेवास्ता गर्न, उनिहरूका जायज हक अधिकारप्रति उपेक्षा गर्न नमिल्ने ।सविधानकोधारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशले वृद्धलाई छुट्टै अस्तित्व भएको वर्गको रुपमा मान्यता दिइरहेकै छ । यस अतिरिक्त सरकारको तर्फबाट उपलव्ध गराइएका खास किसिमकासुविधा सहुलियत र व्यवहारवाट वृद्ध एक छुट्टै वर्ग हो भन्ने कुरालाई पुष्टि समेत गरि रहेकोपनि देखिदा यस्ता विशिष्ठ वर्गको हक, हित कल्याणका निमित्त कानून नहुनुलाई उपयुक्त भन्ननसकिने ।<br>वृद्धहरू केवल दायित्व मात्र होइननराष्ट्रकासम्पत्ति (Assets) पनि हुन् । राष्ट र वृद्ध वुद्धाका बीच दोहोरो सम्बन्ध हुन सक्दछ । वुढावुढिको धेरै लामो समयको अनुभववाट प्राप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ज्ञान, शिप, क्षमतालाई समाज एवं राष्टको हितमा प्रयोग गर्न सकिन्छ भने वुढा वुढि प्रति राष्टको दायीत्व पुरा गरेर उनीहरूलाई आफ्नो वांकी जीवन सम्मानित सुखकर, सुरक्षित पारेर वुढेसकालको समयलाई समेत उत्पादनमूलक वनाई राष्टको हितमा प्रयोग गर्नु नै हरेक विवेकी र अग्रगामी राष्ट्रको काम हुने । त्यसो हुँदा प्रत्यर्थीहरूको भनाइअनुसार नै पनि सरकारकोकर्तब्य हो भने त्यस्ता कर्तब्य प्रचलन गराउन जेष्ठ नागरिकका लागि अधिकार सिर्जना गर्नेकानून हुन अनिवार्य हुने । |
| ९. | अधिवक्ता नारायणदत्त कडेल | श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | नेपाल अधिराज्य को संविधान, २०४७ को धारा २३ र ८८(१)(२) बमोजिम उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश जारी गरिपाऊँ । | संवत् २०६२ सालको विशेष रिट नं. ५६ निर्णय न. ७७२६ ने.का.प. २०६३ अङ्क ७ | २०६३।२।४।५ | माननीय न्यायाधीश श्री अनूपराज शर्मा<br>माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश श्री ताहिरअली अन्सारी | निवेदकले दावी लिएका कानूनहरु हेर्दा छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन, २०४८ को दफा १५(१) मा"राष्ट्रिय हितलाई ध्यानमा राखी" भन्ने र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ मा"राष्ट्र र राष्ट्रिय हीतलाई ध्यानमा राखीभन्ने वाक्यांशहरु प्रयोग भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१)को प्रतिबन्धात्मक वाक्यांशले तत् वाक्यमा उल्लेख भएका कुराहरुमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन सकिने संवैधानिक व्यवस्था गरेको र सो संवैधानिक परिसिमा भित्र नै बसी विधायिकाले दावी गरिएका कानूनबाट"राष्ट्र र राष्ट्रिय हित"का सन्दर्भमा कुनै समाचार, लेख वा अन्य सामाग्री प्रकाशन हुँदा असर पर्न सक्ने वा नसक्ने विषयको मूल्याकन गर्नेसम्म अधिकार दिएको देखिने ।विधायिकाले राष्ट्र र राष्ट्रियहित के हो?समाचार प्रकाशन र प्रसारण के कसरी गर्न सकिन्छ भनी परिस्थितिको मूल्यांङ्कन गर्नेसम्मको अधिकार सरकारलाई दिएको देखिएको र यदि सरकार सो विषयमा गम्भिर नभएमा विधायिकाले आफ्नो अधिकार प्रयोग गरी सरकारलाई नियन्त्रण समेत गर्न सक्ने भएकोले संविधानले तोकेको परिसिमाभित्र रहेर"राष्ट्र र राष्ट्रहितका सन्दर्भमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ६ महिनामा नबढाई कुनै खास, घटना वा क्षेत्रसंग सम्बन्धित कुनै कार्यक्रम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रसारण वा प्रकाशन संस्थाबाट प्रकाशन र प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने कानूनी व्यवस्था संविधानको धारा १३(१) संग बाँझियो भनी मान्न नमिल्ने |
| १०. | अधिवक्ता माधवकुमार वस्नेत समेत | सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार समेत | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २(२)अमान्य गरिपाऊँ | निर्णय नं. ७६४६ ने.का.प. २०६३ अङ्क २ | २०६३।२।११।५ | सम्माननीय प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेल माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्रीमति गौरी ढकाल | तत्कालीन प्रयोजनका लागि बनेको ऐन ५० वर्ष पछाडि पनि त्यही अवस्था र हैसियतमा कायम रहिरहनु कानूनी राज्य र शक्तिपृथकीकरणको सिद्धान्त अनुकूल नदेखिने । व्यवस्थापन विधिको सिद्धान्त अनुसार संविधानले तोकेको सीमाभित्र रही ऐन निर्माण हुनुपर्छ र संविधान एवं ऐनको सीमा भित्र रहेर नियम निर्माण हुनुपर्छ । यदि ऐनले संविधानको सीमा नाघ्ने वा नियमले संविधान र ऐनले तोकको सीमा नाघ्छ भने त्यो न्यायिक पुनरावलोकनको परिधिभित्र आउने । प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ को उपदफा (२) ले सो ऐनको दफा २ को उपदफा (१) अन्तर्गत श्री ५ को सरकारले बनाउने नियमले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित नेपाल कानून खारेज गर्न वा संशोधन गर्न सक्ने भनी गरेको व्यवस्थाले संविधानले तोकेको व्यवस्थापन विधिको कार्यविधि र विशेषतः विधायिकी अधिकारमाथि नै अंकुश लगाउन खोजेको देखिने ।ऐनले दिएको अधिकार अन्तर्गत रही कार्यकारिणी ले प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ को प्रथम संशोधन गरेको देखिएकोले सो संशोधनलाई बदरयोग्य मान्न नमिल्ने । |
| ११. | रमेशनाथ पाण्डे | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी | निर्णय नं. ७६४५ ने.का.प. २०६३ अङ्क २ | २०६३।२।२११।१ | सम्माननीय प्रधान न्यायाधीश श्री दिलीपकुमार पौडेल माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझीश्री रामनगिना सिंह | निवारक नजरबन्दसम्बन्धी संवैधानिक व्यवस्था, तत्सम्बन्धी कानूनी व्यवस्था र त्यससंग सम्बन्धित विवादहरुमा अदालतबाट प्रतिपादित सिद्धान्त अबिचलित र यथास्थितिमा रहिरहेको अवस्थामा त्यसको प्रयोग र परिपालनामा २०६३।१।११ को घोषणा र परिवर्तित विशेष परिस्थितिको सम्बन्धमा भैरहेको कानूनी व्यवस्था एवं प्रतिपादित कानूनी सिद्धान्तको परिपालनामा जटिलता भएको भन्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | थुनाबाट मुक्त गरिपाऊँ । | | | श्री अनूपराज शर्मा<br>श्री खिलराज रेग्मी | परिकल्पना गर्नु कानूनको शासन अनुकूल हुन नजाने ।ऐनमा परेको वाक्यलाई एकमुष्ट रुपमा उल्लेख गरी नजरबन्द आदेश जारी गरिएकोमा ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त नभै त्यस्मालिइएको आधार र कारण उचित र पर्याप्त देखिनु पर्ने ।संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राख्न नेपाल अधिराज्यको सार्वभौमसत्ता,अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधारको विद्यमानता,नेपालको सार्वभौमसत्ता,अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामातत्काल खलल पर्न सक्ने काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने कुनै उचित र पर्याप्त आधार रहेको स्थानीय अधिकारीको निस्कर्ष,नजरबन्दमा राख्नुपर्ने कारण र आधार स्पष्ट रुपमा खुलेको नजरबन्दमा राख्ने आदेश,आदेशमा उल्लिखित संभावना वस्तुगत र तथ्यगत आधार देखिनुपर्ने ।ऐनमा परेको वाक्यलाई एकमुष्ट रुपमा उल्लेख गरी नजरबन्द आदेश जारी गरिएकोमा ऐनमा परेको वाक्य उल्लेख गर्नु मात्र नजरबन्दमा राख्नको लागि पर्याप्त हुंदैन । त्यस्मा लिइएको आधार र कारण उचित र पर्याप्त देखिनुपर्ने । |
| १२. | अधिवक्ता धनन्जय खनाल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार समेत | वाझिएको कानुन बदर घोषित गरी पाऊँ । | निर्णय न. ७७२७ ने.का.प. २०६३ अङ्क ७ | २०६३।२।२५।५ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी<br>माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश श्री गौरी ढकाल | संसदले बनाएको ऐन हतपती र हल्कासंग अवैध घोषित गरिदैंन । समाजमा के कस्तो ऐन किन चाहिन्छ भन्ने कुराको ज्ञाता अदालत होइन,संसद अर्थात विधायिका हो भन्ने मान्य सिद्धान्त स्थापित छ । ऐन अवैध घोषित गर्ने नगर्ने संबन्धमा अदालत सकभर sef-restrain मा रहनु पर्ने। |
| १३. | रुपक ढकाल समेत | प्रधानमन्त्री तथा | संविधानको धारा | संवत् २०६१ | २०६३।२।२ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी | राज्यले संविधानको धारा ११(३) को प्रावधानलाई सही रुपमा कार्यान्वयन गराउने हो भने त्यसमा उल्लेख भएका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार समेत | ८८(१) बमोजिम संविधानसंग वाझिएको कानून अमान्य र बदर घोषित गरी धारा ८८(२) बमोजिम उत्प्रेषणयुक्त परमादेश समेत जारी गरिपाऊँ । | सालको विशेष रिट नं. ..५५ निर्णय नं. ७६७८ ने.का.प. २०६३ अङ्क ४ | ५।५ | माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्रीमति गौरी ढकाल | महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण र विकासलाई समेट्ने गरी एउटा विस्तृत, व्यापक र बोधगम्य दायरा सहितको छाता कानून (Comprehensive and umbrella Law) को निर्माण गर्नु जरुरी हुने ।<br>खुद्रा आधार (Piece basis) मा तयार गरिएका वा गरिने कानूनले संवैधानिक उद्देश्य र मर्मलाई ब्यापक रुपले समेट्न सक्दैनन्, ती अस्थायी र काम चलाउ मात्र हुने । पिछडिएको बर्गलाई आधार र कारण सहित नछुट्टाई सिंगो समूहलाई संरक्षण प्रदान गर्न खोज्दा सारभूत समानता नभै फेरी पनि व्यवहारमा असमानताकै पृष्ठपोषण हुन जान्छ। निवेदकले संवैधानिकताको परीक्षणमा ल्याउनु भएको छात्रबृत्ति नियमावली, २०६० का नियम १०(३) र १२ को प्रतिबन्धात्मक वाक्यांश समेतका प्रावधान संविधानको धारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशको भावना र उद्देश्य अनुकूल रहेको भनी मान्न नमिल्ने । नियम १० को उपनियम (३) मा "उपलव्ध छात्रबृत्तिमध्ये जनजाति, दलित तथा महिला उम्मेरवारहरूका लागि कम्तिमा क्रमशः दश, दश तथा वीस प्रतिशत स्थान सुरक्षित गर्नुपर्नेछ" भन्ने र नियम १२ को प्रतिबन्धात्मक वाक्यांशमा "तर जनजाति, दलित तथा महिलाका हकमा पचास प्रतिशत अंक प्राप्त गरी परीक्षा उत्तिर्ण गरेको भएपनि उम्मेदवार हुन पाउनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । माथि गरिएको विवेचनाका आधारमा नियमावलीका यी विवादमा ल्याइएका प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ का उपधारा (३) को प्रतिबन्धात्मक वाक्याँशको उद्देश्य र मर्म अनुकूल नहुनुका अतिरिक्त सारभूत समानताको सिद्धान्त समेतको अनुकूल नहुंदा छात्रबृत्ति नियमावली, २०६० को नियम १०(३) र १२ को प्रतिबन्धात्मक वाक्यांशको प्रावधान अमान्य र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | बदर हुने । |
| १४. | मुरारी भट्टराई | मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय सिंहदरवार काठमाडौं समेत | संविधानको धारा ८८(१) र (२) बमोजिम उत्प्रेषण लगायत उपयुक्त आदेश जारी गरिपाऊँ । | संवत् २०६२ सालको रिट नं. ६१ निर्णय नं. ७६७५ ने.का.प. २०६३ अङ्क ४ | २०६३।३।२९।५ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत | संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोलेवा अन्य कुनै कारणले यो कानून यो संविधानसंग वाझिएको हुंदा सो कानून वा त्यसको कुनै माग बदर घोषित गरिपाऊँ भनी कुनै पनि नेपाली नगारिकले निवेदन दिएमा त्यस्तो कानूनको संवैधानिकताको परिक्षण अदालतले गर्न सक्दछ । तर त्यस्तो कानूनको संवैधानिकताको परिक्षण हुंदा उक्त कानून बहाल रहेकोहुनुपर्ने ।निवेदकले संविधानसंग वाझिएको भनी जिकिर लिएको निजामती सेवा (दोश्रो संशोधन) अध्यादेश,२०६२ नै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२(२) को खण्ड (ग) बमोजिम स्वतः निश्क्रिय भैसकेकोले त्यस्तो निस्कृय रहेको व्यवस्थाको संवैधानिकताको परिक्षण गर्नु नपर्ने। |
| १५. | अधिवक्ता मीरा ढुंगाना समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाडौ समेत | उत्प्रेषण परमादेश । | संवत् २०६१ सालको रिट नं.४३ निर्णय नं. ७६९३ ने.का.प. २०६३ अङ्क ५ | २०६३।५।१५।५ | माननीय न्यायाधीश श्री रामनगिना सिंह माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री खिलराज रेग्मी | बालबालिका सम्बन्धी ऐन,२०४८ का प्रावधानहरु बालवालिकाको हक हितसंग सम्वन्धित भएको र निबेदकहरुले अमान्य घोषित गराई माग्न जिकिर लिएको उक्त ऐनको दफा ३(१) को प्रावधान बालवालिकाको नाम राख्ने सम्बन्धमा कार्यविधि व्यवस्थित गर्ने कुरा परिचयात्मक प्रकृतिको भै परिवारमा आपसी सल्लाह समझदारीवाट हुने व्यवहार प्रचलनको विषय रहने ।<br>महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफमा अन्तर्राष्ट्रिय महासन्धीहरुको अनुमोदन पश्चात विभेदजन्य देखिएका कानूनहरुमा संशोधन गर्ने सम्बन्धमा उच्चस्तरीय समिति गठन भई सो समितिले पेश गरे अनुरुप विभेदपूर्ण देखिएका कानूनहरुको पुनरावलोकन गरी संशोधन गर्ने क्रममा रहेको भन्ने उल्लेख भएकोले निवेदकले जिकिर लिएको कानूनमा पनि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | समायानुकूल संशोधन हुन सक्ने अवस्था समेत रहेकोले रिट निवेदन माग बमोजिम बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३(१) को प्रावधानलाई अमान्य घोषित गरिरहन नपर्ने । |
| १६. | अधिवक्ता सोमकान्त मैनाली | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरवार काठमाडौं समेत | विषयः उत्प्रेषण परमादेश समेत । | संम्वत् २०६२ सालको रिट नं. १०४ नि नं.७७२५ ने.का.प. २०६३ अङ्क ७ | २०६३।५।१५।५ | माननीय न्यायाधीश श्री रामनगिना सिंह माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री खिलराज रेग्मी | संवैधानिकताको परिक्षण गर्ने बखत त्यस्तो चुनौती दिईएको कानून अस्तित्वमा रहीरहेको हुनु बाञ्छनीय हुन्छ । संविधानबमोजिम कुनै कानून अमान्य र बदर गर्ने कुरा क्रियाशील रहेको कानूनको हकमा लागू हुने हो । रिट निवेदन दायर गर्दा बहाल रहेको भएपनि सुनुवाईको बखत स्वतः निश्क्रीय भैसकेको कानूनको वैधानिकताको परीक्षण गर्ने कुरा निरर्थक हुन जाने |
| १७. | सोमप्रसाद पनेरु समेत | श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार समेत | परमादेश समेत । | संवत २०६१ सालको रिट नम्वर ३२१५ निर्णय नं. ७७०५ ने.का.प .२०६३ अङ्क ५ | २०६३।५।२५।१ | माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित माननीय न्यायाधीश श्री बलराम के.सी. | कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१र ३२ समेतका धाराहरुले प्रदान गरेको अधिकारहरुको समेत हनन् हुने हुँदा कमैया श्रम सम्बन्धी (निषेध गर्ने) सम्वन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ।ऐनहरु बनाएर र ऐनमा व्यवस्था गर्दैमा हाम्रो जस्तो परम्परागत रुढीवादी गरिवी, अशिक्षित, अज्ञानता भएको स्थितिमा पठन पाठनको सुविधा आदि उपलव्ध नहुने यावत कारणहरुले गर्दा ऐन र CRC को व्यवस्थाले मात्र बालश्रम निर्मूल हुन नसक्ने ।नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु खास गरी CRC, ICCPR ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय Convention हरु बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुने तर्फ निर्देशनात्मक आदेश समेत जारी हुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८. | अधिवक्ता राजिव वास्तोला | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार समेत | परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ । | सम्वत २०६२ सालको रि.नं. ७९ निर्णय नं. ७७०९ ने.का.प. २०६३ अङ्क ६ | २०६३।६।५।५ | माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री ताहिरअली अन्सारी | अदालतको मुकाम तथा संख्या जनसंख्या,मुद्दाको चाप,भौतिक पूर्वाधारको उपलब्धता,न्यायाधीशको सुरक्षा,अदालतको सुरक्षा,कानून व्यवसायीहरुकोउपलब्धता,कानून व्यवसायी एवं मुद्दाका पक्षहरुका सुविधालाई समेत दृष्टिगत गरी, Executive Power प्रयोग गर्ने मन्त्रिपरिषदद्वारा तोकिने विषय हुने ।<br>धारा ८९ अन्तर्गत स्थापना हुने अदालतहरुको मुकाम,संख्या,प्रादेशिक अधिकारक्षेत्रजस्ता विषयहरु भनेको उपलब्ध पूर्वाधार र उपलब्ध न्यायिक जनशक्ति,मुद्दाको चाप सुरक्षा व्यवस्था आदि जस्ता विषयमा भर पर्ने विषय भएकोले सोही प्रयोजनको लागि बनेको ऐन न्याय प्रशासन ऐन,२०४८ ले यस्ता विषयमा executive power प्रयोग गर्ने मन्त्रिपरिषद्को परामर्श लिएर तोकिने गरि गरेको व्यवस्था संविधान विपरीत नदेखिने ।<br>Legislature ले बनाएको कानून संविधानसँग बाझेको भनी त्यस्तो कानूनलाई अमान्य वा बदर घाषित गर्न माग गरेको कानून कसरी र कति कारणले बाझियो सो प्रमाणित गर्ने भार निवेदकमा रहन्छ । जस्तो कुनै फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउँछ,त्यसैगरी संविधानसँग legislature ले बनाएको कानून बाझिएको छ भन्नेले अदालतलाईसन्तोषजनक तरिकाले convince गर्न नसकेमा शंकाको सुविधा Parliament लाई जाने । |
| १९. | पदमवहादुर भण्डारी समेत | नेपाल सरकार, रक्षा मन्त्रालय समेत | उत्प्रेषण परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी | सम्वत् २०५७ सालको रिट नं. ३७१७ निर्णय नं. ७७४७ | २०६३।७।१७।६ | माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री गौरी ढकाल | कुनै पनि व्यक्तिले आफ्नो हक भोगको सम्पत्ति कानूनले व्यवस्था गरे बमोजिम उपयोग गर्ने,भोग गर्ने वेच विखन गर्ने वा अन्य कारोवार गर्न पाउने हुन्छ । Eminent Domain को विधिशास्त्रिय अवधारणा अनुसार राज्यले व्यक्तिगत सम्पत्तिको अधिग्रहण,प्राप्ति वा सो उपर अधिकारको सिर्जना (Requisiton, Acquisition and creation of Encumbrance) गर्न सक्छ ।<br>व्यक्तिगत सम्पत्तिको अधिग्रहण,प्राप्ति वा अधिकारको सिर्जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गरिपाऊँ । | ने.का.प. २०६३ अङ्क ८ | | | सार्वजनिक हितको लागि मात्र हुनु पर्ने र त्यसो गर्दा सम्पत्तिको मनासिव क्षतिपूर्ति दिइनु पर्ने स्थापित मान्यता रहेको छ ।निवेदकहरुको हक स्वामित्वको जग्गा तितिरीवोटे फाईरिङ्ग रेन्जको इलाकाभित्र पार्ने भनी रक्षा मन्त्रालयबाट प्रकाशित सूचना र निजहरुका जग्गा कव्जा गर्ने समेतका काम कारवाही संविधानको धारा १७ विपरीत हुँदा निवेदकहरुका हकभोगका जग्गा फाइरिङ्ग रेन्जको इलाका वाहिर पारी सो जग्गा कानूनबमोजिम उपभोग गर्नबाट कुनै किसिमको हस्तक्षेप नगर्नु भनी परमादेशको आदेश जारी हुने । |
| २०. | अधिवक्ता मीरा ढुंगाना | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरवार समेत | नेपाल अधिराज्य को संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ । | २०६२ सालको विशेष रिट नं. ११४ निर्णय नं.: ७७४३ ने.का.प. २०६३ अङ्क ८ | २०६३।८।७।५ | माननीय न्यायाधीश श्री अनुपराज शर्मा माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ | कानूनले दाइजो र पेवालाई स्पष्टतः बाहेक गरेको देखिंदा दाईजो पेवाको हकमा भने कुनै व्यहोराले स्वास्नीमानिसले हक हस्तान्तरण गरी हक प्राप्त गर्ने लोग्ने मानिससँग पछि विवाह भएको कारणले मात्र त्यस्तो हक हस्तान्तरणको कार्य हकवालाले बदर गराई फिर्ता गराउन सक्ने अवस्था नदेखिने ।स्वास्नीमानिसले दाईजो पेवा बाहेक आफ्नो हक पुग्ने अरु सम्पत्ति कुनै लोग्ने मानिसलाईदानबकस वा बिक्री गरेपछि त्यही व्यक्तिसँग विवाह गरेमा सम्पत्ति हक हस्तान्तरणको अघिको कार्य सदर नहुने,हकवालाले फिर्ता गराई लिन पाउने व्यवस्थाले पछि विवाह गरेको कारणले आफ्नो निर्वाध हकको सम्पत्तिबाट आफ्नो हक हस्तान्तरण गर्ने र हक प्राप्त गर्नेदुवैले वंचित हुनसक्ने अवस्था रहेको पाइने ।<br>स्वास्नीमानिसले कुनै लोग्ने मानिसलाई आफ्नो हक पुग्ने सम्पत्तिको कुनै ब्यहोराले हक हस्तान्तरण गरिसकेपछि त्यहि व्यक्तिसँग विवाह गरेमा अघिको उक्त ब्यवहार सदर नहुने,लोग्नेमानिसले गरेमा भने सदर हुने भई महिला र पुरुष बीच भेदभावपूर्ण प्रावधान रहेको स्पष्टतः देखिन आउने ।<br>बिवाहको कारणले आफ्नो हक पुग्ने अरु कसैको हक नलाग्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सम्पत्तिको हक हस्तान्तरणको बैध कार्यलाई अबैध गराउनु यथार्थमा बिवाहको अधिकार र स्वामित्वको अधिकारलाई संकुचन ल्याउनु सरह हुने ।विवादीत स्त्रीअंशधनको ७ नं. को व्यवस्था नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा स्वामित्व र सम्पत्तिसम्बन्धी अवधारणाको विपरीत हुनाको साथै नेपाल अधिराज्यको संविधान,२०४७ मा व्यवस्थित समानताको हक समेतसँग वाझिन गई भेदभावपूर्ण रहेको देखिंदा अमान्य हुने । |
| २१. | सुमनराज पाण्डे | विपक्षीः नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय,रत्नपार्क ,काठमाडौं समेत | उत्प्रेषण परमादेश | सम्बत् २०६१ सालको रि.नं. ३५ निर्णय नं. ७७५६ ने.का.प .२०६३ अङ्क ९ | २०६३।७।३०।५ | माननीय न्यायाधीश श्री अनूपराज शर्मा<br>माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश ताहिरअली अन्सारी | संविधानको धारा १२(२)(ङ) को दावी लिंदा निवेदकले निजको पेशा,रोजगार,उद्योग वा व्यापार गर्ने स्वतन्त्रतामा यो यस तरीकाबाट अनुचित वाधा पुग्न जान्छ वा पुगेको छ भनी देखाउन सक्नु पर्छ ।विनियमावलीमा थप गरिएको व्यवस्थाले प्राधिकरणका आम कर्मचारी वा धेरै कर्मचारीको कानूनी हक हित माथि विपरीत असर परेको भन्ने अनुमान गर्न नमिल्ने ।<br>ऐनको अधिकार प्रयोग गरी बनाइएको विनियमावलीका दुई भिन्न व्यवस्थाहरु आपसमा बाझेकोले कुनै एक व्यवस्था वदर गर्ने भन्ने न्यायिक पुनरावलोकनको अवधारणा होइन । मातृ कानूनमा भएको व्यवस्थासँग बाझ्ने गरी मातृ कानूनले दिएको अधिकारबाट बनेको कानून कायम रहन सक्दैन भन्ने यसको मान्यता हुने ।<br>संविधानको धारा ८८(१) ले कुनै कानूनको संवैधानिकताको परीक्षणका लागि सर्वोच्च अदालतलाई असाधारण अधिकार प्रदान गरेको छ।यसको प्रयोग कुनै औद्योगिक,व्यावसायिक वा सेवा प्रदाय सस्थानको वा प्रतिष्ठानको आन्तरिक कार्य संचालन वा व्यवस्थापन सम्बन्धी नियम विनियम परस्परमा मिले नमिलेको परीक्षण नगर्ने र गर्न पनि नहुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२. | अधिवक्ता मीरा ढुंगाना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्न आदेश जारी गरि पाऊँ | संवत् २०६३ सालको रिट नं १३१ निर्णय न.: ७७४२ ने.का.प. २०६३ अङ्क ८ | २०६३।८।२८।५ | माननीय न्यायाधीश श्री अनुपराज शर्मा माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री पवनकुमार ओझा | राज्यले विवाह गर्दाका अवस्थामा पनि केटीपक्ष र केटापक्ष भनी विभेद सिर्जना गरी केटी पक्षलाई भन्दा केटा पक्षलाई थप सहूलियत दिने गरी कानून निर्माण गर्न र सो बमोजिम काम गर्न मिल्ने अवस्था रहे भएको नदेखिने ।<br>केवल एकातिर केटापक्ष र अर्कोतिर केटीपक्ष भएको मात्र आधारमा सजायमा भिन्नता हुनुपर्ने र केटी पक्षलाई केटापक्षलाई भन्दा बढी सजाय हुनुपर्ने गरी गरिएको सामाजिक व्यवहार सुधार ऐन, २०३३ को दफा ४(३) अनुसारको कानूनी व्यवस्था समानतासम्बन्धी हकको प्रतिकूल भएको मान्नुपर्ने |
| २३. | दिनेशकुमार शर्मा | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं समेत | उत्प्रेषण परमादेश समेत जारी गरिपाऊँ । | निर्णय नं. ७७५७ ने.का.प. २०६३ अङ्क ९ | आदेश मितिः २०६३।९।२०।५ | माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला | नेपाल पक्ष भएका सन्धिहरू कानून सरह लागु हुन सक्छन, तर कानून नै भनिहाल्न नमिल्ने । कानून हुनु र कानून सरह लागू हुनु दुई पृथक कुरा हुन् । कुनै कुरा कानून सरह लागू हुन्छ भन्दैमा सबै सन्दर्भमा सबै प्रयोजनको निमित्त त्यसलाई वैधानिक प्रक्रियाद्धारा निर्मित कानूनको रूपमा ग्रहण गर्न नमिल्ने ।सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरुपण संविधानको धारा ८८(१) अन्तर्गत हुन सक्ने अवस्था नदेखिने । |
| २४. | अधिवक्ता विमल विश्वकर्मा समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार समेत | परमादेश | निर्णय नं. ७८१५ ने.का.प. २०६४ अङ्क २ | २०६३।९।३।२ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री रामनगिना सिंह | लामो समयदेखि व्याप्त रहेको छुवाछुत प्रथाको अन्त्यको लागि जनचेतना जगाउन आवश्यक छ र यो कार्य सरकारबाट मात्र सम्भव नहुने हुँदा नेपाल सरकार, सरकारका निकाय, स्थानीय निकाय, नागरिक समाज,संघ संठगन एवं चेतनशील नागरिकहरूको सामूहिक प्रयासबाट सम्भव हुने हुँदा जातिपातिको आधारमा गरिने छुवाछुत विरूद्धको भेदभाव अन्त्य गर्नको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नू भनी विपक्षीहरूका नाउँमा परमादेशको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | आदेश जारी हुने । |
| २५. | अरुण चन्द | नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय, काठमाडौं समेत | उत्प्रेषण, परमादेश । | २०६२ सालको रिट नं.: ३६७५ निर्णय नं. ७७८५ ने.का.प २०६३ अङ्क ११ | २०६३।११।१५।३ | माननीय न्यायाधीश श्री मीन वहादुर रायमाझी माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ | कानूनद्धारा संरक्षित नभएको सहुलियत (Privilege) वा सुविधा (Advantages) ले कानूनी हैसियत धारण गर्न सक्दैन । कानूनी हैसियत प्राप्त नगरेको सहुलियत (Privilege) वा सुविधा (Advantages) सम्वन्धित पक्षको तजविजमा प्राप्त गरेमा बाहेक कानूनी अधिकारको रुपमा लागु हुन सक्ने अवस्था नरहने। कुनैव्यवस्थालाई अधिकार वाह्य (Ultra virus) भनी दावी गर्नु मात्र पर्याप्त हुदैन । के कसरी अधिकारको परिधिको सिमा उल्लघंन भएको हो स्पष्ट रुपमा उल्लेख हुनु पर्दछ । स्पष्ट रुपमा उल्लेख नभएका यस्ता दावीका सम्वन्धमा अदालतको महत्वपूर्ण समय खर्चिनु आवश्यक नहुने । |
| २६. | अधिवक्ता प्रकाशमणि शर्मा समेत | नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, हरिहरभवन ललितपुर समेत | उत्प्रेषण मिश्रीत परमादेश । | सम्वत् २०५७ सालको रिट नं. —३१७९ निर्णय नं. ७७५९ ने.का.प. २०६३ अङ्क ९ | २०६३।९।३।२ | माननीय न्यायाधीश श्री मीनवहादुर रायमाझी माननीय न्यायाधीश श्री रामनगिना सिंह | कानूनको शासनमा अदालतबाट भएका फैसला वा आदेशको पालना सम्बन्धित सबैबाट तत्परतापूर्वक हुन आवश्यक छ ।सरकार वा सरकारका निकाय सम्बन्धित भएको विवादमा अदालतबाट भएका फैसला वा आदेशलाई सरकार वा सरकारी निकायबाट तत्परता र अझ जिम्मेवारीपूर्ण रुपमा पालना हुन आवश्यक हुन्छ । रानी पोखरी र त्यसको चारैतिर निर्मित सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक महत्वका देव देवीको मूर्ति र मन्दिरहरुलाई छेक्ने गरी सार्वजनिक जग्गा समेतको अतिक्रमण गरी व्यापारिकपसल, रेष्टुरेन्ट, भवनहरु निर्माण गर्न दिने निर्णय गरी त्यस क्षेत्रको वातावरणीय असर पर्ने कृयाकलाप अझै भै रहेको भन्ने तथ्य निवेदकबाट इजलास समक्ष प्रस्तुत हुन आएकोमा विपक्षी पुरातत्व विभागको लिखित जवाफबाट रानी पोखरी वरिपरिको वातावरणमाप्रतिकूल असर परेको तथ्यलाई स्वीकार नै गरेको अवस्था छ । ऐतिहासिक,धार्मिक एवं साँस्कृतिक सम्पदाको रुपमा रहेको रानी पोखरीको यथोचित संरक्षण गरी भावी पुस्तालाई |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | हस्तान्तरण गर्नु हामी सबैको साझा कर्तव्य हुने ।रानी पोखरी क्षेत्रमा रहेको ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वका वस्तुमा भएको अतिक्रमण तथा वातावरिणय प्रदुषण यो आदेश भएको मितिले ३ महिना भित्र हटाउनु, रानी पोखरीको स्वच्छता कायम राख्र यसको संरक्षण गर्नु भनी विपक्षी नेपाल सरकार स्थानिय विकास मन्त्रालय, नेपाल सरकार, सास्कृतिक, पर्यटन तथा नगरिक उड्डयन मन्त्रालय, नेपाल सरकार, पुरातत्व विभाग र काठमाडौं महानगरपालिका समेतका नाउँमा परमादेशको आदेश जारी हुने । |
| २७. | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ केन्द्रीय अध्यक्ष उत्तर टमटा समेत | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेत | परमादेश | सम्बत २०६१ सालको रिट नं. ३२०९ निर्णय नं. ७८९५ ने.का.प. २०६४ अङ्क १० | २०६४।१।३।२ | माननीय न्यायाधीश श्री बलराम के. सी. माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोईराला | संविधान र कानूनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम नहुने र शताव्दीयौं अगाडिदेखि शोषित र हक अधिकारबाट वञ्चित, एवं शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधीसम्म राज्यको संरक्षणको आवश्यकता पर्ने ।तत्कालीन संविधानको धारा ११ को प्रतिवन्धात्मक वाक्यांश र वर्तमान संविधानको धारा १३ लगायतका धाराहरूमा राज्यले मुक्त कमैयाहरूलाई विशेष सुरक्षित वर्ग मानी त्यस्ता वर्गको हितको लागि विशेष व्यवस्था गरेको हो तर देशभरका सबै कमैयाहरूको लागि समिति समेत गठन भएको देखिँदा संविधान र ऐनको उद्देश्य प्राप्तिको लागि कमैया जाति लगायत कुनैपनि जातिलाई भेदभाव नहुने गरी सबै जिल्लाका सबै वर्गलाई समावेश गर्ने गरी देशको अन्य भागमा समेत समितिहरू बनाई उल्लेखित वर्ग र जातको उत्थानको लागि संविधानले संरक्षण दिए बमोजिम आवश्यक कारवाही गर्नु भनी परमादेशको आदेश जारी हुने । |
| २८. | अरुणकुमार चौधरी | प्रधानमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय, | धारा ८८(१),(२) बमोजिम उत्प्रेषण | सम्बत् २०६२ को रिट नं.: ५९ | २०६४।१।६।५ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री बलराम के.सी. | सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरुपण संविधानको धारा ८८(१) अन्तर्गत हुन सक्ने अवस्था नदेखिने । निवेदकले आर्थिक अध्यादेशको व्यवस्था अमान्य र वदर घोषित गरिपाउन माग गरेको तर उक्त सन्धि र सो अन्तर्गतको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिंहदरवार, काठमाडौं समेत | परमादेश समेत जारी गरिपाउँ । | निर्णय नं. ७८०३ ने.का.प. २०६४ अङ्क १ | | माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह | प्रोटोकलको व्यवस्था राष्ट्रिय कानूनसँग बाझिएमा सन्धिसँग बाझिएको त्यस्तो अध्यादेश बदर गराउने अधिकार तत्कालिन संविधानको धारा ८८(१) ले यस अदालतलाई प्रदान गरेको नदेखिँदा निवेदकले उठाएको विवाद न्यायिक पुनरावलोकन गरी हेर्न सक्ने अवस्था नदेखिने । |
| २९. | अधिवक्ता मीरा ढुंगाना | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार समेत | उत्प्रेषण समेत । | निर्णय नं. ७८५४ ने.का.प. २०६४ अङ्क ६ | २०६४।३।१४।५ | माननीय न्यायाधीश श्री अनुपराज शर्मा माननीय न्यायाधीश श्रीमती गौरी ढकाल माननीय न्यायाधीश श्री ताहिरअलि अन्सारी | Equal protection of Law लाई आत्मसात् गर्दै महिला, दलित, आदिवासी, जनजातीमधेशी किसान मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त प्रत्येक वर्ग वा समूह भित्र पर्ने व्यक्तिहरूलाई समान वर्गमा राखीत्यस वर्गका व्यक्तिहरूलाई समान सुविधा अवसर उपलव्ध गराउने उद्देश्य लिएको छ। त्यस वर्गबाहेकका अन्य वर्ग तथा व्यक्तिहरूले उक्त सुविधा र अवसरको उपभोग गर्न नपाउन सक्दछन, यसलाई असमान व्यवहार भयो भन्ने दावी गर्न नमिल्ने । समानता पूर्ण र निरपेक्ष नभै सापेक्षित विषय हो । यस्को सापेक्षता लक्षित वर्गको हैसियत अवस्था, क्षमताआदिसँग सम्बन्धित हुन्छ । उस्तै परिस्थिति उस्तै हैसियत, क्षमता भएका व्यक्तिहरू एउटा वर्ग हुन ।राज्यद्धारा नागरिकका सम्बन्धमा गरिने व्यवहार, उपलब्ध हुने सुविधा, अवसर आदिमा विभेद गर्न पाइन्न भन्ने नागरिकको समानताको हक सम्बन्धमा एवं समानहरूका बीचमा समान र असमानहरूका बीचमा असमान व्यवहार गर्नु पर्दछ भन्ने समान संरक्षणको मान्यता सम्बन्धमा विधि, विवेक र वस्तुपरक ढंगले वर्गविभाजन गरी त्यस्तो एक वर्ग र अर्को वर्गबीच असमान तर सम्बन्धित वर्गका प्रत्येक व्यक्ति वा वस्तुबीच समान रूपमा लागु हुने गरी कानून बनाउन सकिने। विभेद गरिने बाहेकका बाँकी अन्य वर्ग वास्तवमै भिन्न देखिने गरी सारभूत भिन्नता (Substantial |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | Distinction) मा आधारित हुनु पर्दछ । साथै त्यो सार्वजनिक हित र औचित्यको दृष्टिले समेत उपयुक्त हुनुपर्ने ।व्यक्तिहरूका बीचमा विभेद गर्ने गरी बनाएको कानूनको उद्देश्य र वर्गीकरण वैध (Lawful) हुनुपर्ने।<br>नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३) र प्रतिबन्धात्मक वाक्यांशमा महिला वर्गको संरक्षण सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सक्ने कानूनी व्यवस्था गर्न सकिने तर तिनीहरूलाई कम सुविधा वा प्राप्त सुविधाबाट वञ्चितगर्ने गरी कानून निर्माण गर्न नसकिने संवैधानिक प्रत्याभूति भै रहेको परिप्रेक्ष्यमा केवल विवाह (त्यो पनि प्रचलित कानून प्रतिकूल हुने गरी) भएको आधारमा मात्र विवाह हुने छोरी र विवाह नहुने छोरी तथा विवाह हुने छोरी र छोराबीच विभेद हुने गरी भएको नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम १० को प्रतिवन्धात्मक वाक्यांश तत्कालिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को व्यवस्थासँग मेल खाएको देखिन नआउने हुँदा वदर हुने । |
| ३०. | गजबहादुर बम्म | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण परमादेश । | निर्णय नं .७८५५ ने.का.प. २०६४ अङ्क ६ | २०६४।३।२१ | माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ<br>माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश श्री पवनकुमार ओझा | संविधानमा व्यवस्था भए बमोजिम एक अर्कोले एक अर्कालाई Check & Balance गर्न सक्ने बाहेक एक अर्को अङ्गले एक अर्का अङ्गको Domainमा हस्तक्षेप गरेमा त्यस्तो कार्य Ultra Virus अर्थात Excess of power भई त्यस्तो काम वदर हुने ।<br>संविधान विपरीत कानून बन्न नसक्ने मान्यता भएपनि कहिले काही जानेर वा नजानेर कुनै कानून वा कुनै कानूनमा केही प्रावधान संविधान विपरीत बन्न सक्छ । व्यवस्थापिकाले बनाएको ऐनलाई व्यवस्थापिकाले नै मात्र संशोधन वा खारेज गर्न सक्छ । Executive Order लेसंसदले वनाएको ऐन खारेज हुन सक्तैन । त्यसै गरी व्यवस्थापिकाले पनि आफूले बनाएको ऐनलाई संशोधन वा खारेज गर्न पर्दा संवैधानिक प्रक्रिया पूरा गरेर मात्र संशोधन वा खारेज गर्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सक्छ । <br>फौजदारी अपराधमा benefit of doubt goes to the accused भनेको जस्तो कानुनलाई असंवैधानिक घोषणा गर्ने सम्बन्धमा Benefit of doubt goes to the parliament मानिन्छ ।जस्ले कानून संविधानसँग बाझेको भन्ने दावी गर्छ सो कुरा उसैले प्रमाणित गर्न सक्नुपर्ने । <br>कुनै पनि निजामती कर्मचारी, संस्थानकाकर्मचारी, शिक्षक वा सुरक्षा निकायका कर्मचारी हुन् ती निकायमा कार्यरत पदाधिकारीहरूको पदोन्नतीको प्रयोजनको लागि शर्त र अवस्थाहरू तोक्ने वा बनाउने कार्यहरू नीतिगत कार्यहरू भएकाले यस्ता नीतिगत कार्यहरू नियमावलीमा समावेश गर्दा संविधान विपरीत नहुने । |
| ३१. | कृष्णप्रसाद आचार्य समेत | कृषि विकास बैंक केन्द्रीय कार्यालय, रामशाहपथ काठमाडौं समेत | परमादेश | संवत २०६२ सालको रिट नं. —२७८८ निर्णय नं.७८३५ <br><br>ने.का.प. २०६४अंक ४ | २०६४।३।२९।६ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | मौलिक हक प्रचलनको सम्बन्धमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्दा कुनै न कुनै वस्तु वा तथ्यका आधार लिनु पर्ने नै हुन्छ । बिना कुनै तथ्य अनुमानित र कपोल कल्पित प्रश्नहरूको निराकरण गर्न र उपचार दिन नसकिने । विद्यमान कुनै तथ्यको ब्याख्यामा विवाद गर्नु र कुनै तथ्य यथार्थमा घटित भएको वा होईन भन्नु एउटै कुरा होईन । विद्यमान तथ्यहरूमा असाधारण अधिकार क्षेत्र अन्तर्गत आदेश जारी गर्ने सम्मका आधारहरू विद्यमान छन् वा छैनन् भनी हेर्नु अदालतको लागि सँधै सान्दर्भिक हुन्छन् भने कुनै कुरा भए गरेको छ वा छैन भन्ने जस्ता विवाद सबुद बुझि निर्णय गर्नुपर्ने भयो भने सो कुरा रिट क्षेत्रबाट हेर्न नमिल्ने । |
| ३२. | अधिवक्ता कमलेश द्विवेदी | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार समेत | संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा १९ | सम्बत् २०६४ सालको नि नं ७८६६ <br><br>ने.का.प. | २०६४।६।१०।५ | विशेष ईजलास माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री बलराम के.सी माननीय न्यायाधीश श्री | संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा १९ को खण्ड (छ) को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनाको भावनाको मर्म अनुकूल नदेखिनुका साथैउक्त कानूनी प्रावधानले संविधानको धारा १२ प्रदत्त स्वतन्त्रता, धारा १३ प्रदत्त संमानता र धारा २४ प्रदत्त न्याय सम्बन्धी हकमा अनुचित बन्देज लगाएको भई धारा १००,१४१ को प्रावधानसँग समेत असंगत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | (छ) बदर गरी पाउ । | ०६४ अङ्क ७ | | तपबहादुर मगर माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा मानन्नीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | देखिन आएको हुँदा संविधानको धारा १०७ को उपधारा (१) बमोजिम लागू हुने गरी सो व्यवस्था अमान्य र बदर घोषित हुने । |
| ३३. | अधिवक्ता ज्योती बानियाँ समेत | होटेल संघ नेपाल का.म.न.पा. वडानं.२ गैरीधारा समेत | उत्प्रेषण परमादेश प्रतिषेध । | संवत् २०६३ सालको रिट.नं .-०७०२ निर्णय नं. ७९०४ ने.का.प. २०६४ अङ्क ११ | २०६४।७।२९।५ | मानन्नीय न्यायाधीश श्री तप बहादुर मगर मानन्नीय न्यायाधीश श्री पवन कुमार ओझा | न्यायको दृष्टिबाट फरक स्थितिका व्यक्ति वा विषयवस्तुमा वस्तुपरक रुपमा भर गरेर फरक किसिमको प्रकृया र पद्धति स्थापना गर्न सकिन्छ । तर एकपटक कानूनले न्याय खोज्ने बाटो तय गरिसकेकोमा बाटो छोडेर अर्को उपाय अवलम्वन गरेर न्याय खोज्ने कुरा अवधारणागत रुपमा नमिल्ने । अदालतले कानूनद्वारा व्यवस्थित स्वीकार्य बाटोलाई छाडेर न्यायिक हस्तक्षेपको नाउँमा आफूखुसी न्याय निरोपण गर्न थाल्ने हो भने त्यसले अदालतलाई अराजकतातर्फ धकेल्छ, त्यसले विधिको शासनको प्रतिकूल गराउँछ । जतिसुकै कठिनाइ, असुरक्षा वा दण्डहिनताको स्थिति किन नहोस त्यसको निराकरण कानूनी बाटो बाटै हुनुपर्दछ, अबाटो गएर निराकरण गर्न खोजिएमा त्यसले विधिको शासनमा विकृति पैदा गरी न्यायिक अराजकता र असुरक्षा सिर्जना गर्ने ।विधिको शासनमा गंभीर ह्रास आइरहेको र सो को निराकरण तत्काल प्रचलित कानूनी उपायबाट गर्न नसकिने बाध्यात्मक परिस्थिति सिर्जना भएको देखिएको खण्डमा मात्र विधिको शासन एवं मानव अधिकारको प्रचलनका लागि न्याय र कानूनको बृहत्तर मान्यता भित्र रही निश्चित पद्धति र प्रकृया समेत स्थापना गर्दै यस अदालतले आफुमा अन्तरनिहित न्याय गर्ने अधिकारको प्रयोग साहससाथ गर्नु पर्ने ।<br>कुनै सेवा प्रदायकले निर्धारण गरेको सेवाको मुल्य उचित अनुचित वा ठीक बेठीक के हो भन्ने कुरा प्रतिस्पर्धी उदार अर्थ व्यवस्था |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | अन्तर्गत बजार (Market)ले मात्र निर्धारण गर्न सक्तछ । किनकि बजारले नै बढि मोल लिनेलाई दण्डित गर्न सक्तछ । प्रतिस्पर्धाबाट वस्तुको बिक्री वितरण हुन नपाउने गरी कार्टेलिङ्ग जस्ता कार्य रोक्न, उपभोक्ताको सार्वजनिक हितका दृष्टिले कानून अनुरूप हस्तक्षेप गर्ने वा अत्यावश्यक वस्तुको सर्वसुलभता कायम राख्ने लगायतका कुरामा कानून बमोजिम बाहेक अरुमा सरकारले समेत वस्तु वा सेवाको मोलमा हस्तक्षेप गर्न नसक्ने । |
| ३४. | अधिवक्ता राजेन्द्र घिमिरे समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार समेत | परमादेश | निर्णय नं. ८१०१ ने का प २०६६ अङ्क ३ | २०६४।९।२।२ | माननीय न्यायाधीश श्री बलराम के.सी माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी | अपराध अनुसन्धानको क्रममा वा थुनामा रहेको व्यक्तिलाई राज्यले उच्च मर्यादा र उच्च नैतिकता कायम गरी व्यवहार गर्नुपर्छ। अपराध अनुसन्धानको नाउँमा वा कार्यकारी अधिकार सम्पन्न हैसियतको अधिकारीको नाममा राज्यले संवैधानिक एवं कानूनी व्यवस्था र मानव अधिकारको न्यूनतम् मान्यता वा सीमा नाघी कसैलाई पनि कुनै प्रकारको यातना दिन नसक्ने। राज्यले सार्वजनिक हितका लागि मौलिक हकमा नियन्त्रण गर्नसक्छ भन्दैमा राज्यले स्वेच्छाचारी ढंगले यातना दिन सक्ने होइन। राज्यको यस्तो अधिकार उचित, निष्पक्ष र मनासिव हुनुपर्ने। |
| ३५. | अधिवक्ता सपना प्रधान मल्ल | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | नेपाल अधिराज्य को संविधान २०४७ को धारा ८८(२) बमोजिम परमादेश लगायत | सम्वत् २०६३ सालको रिट नं. ३५६१ निर्णय नं. ७८८० ने.का.प. २०६४ अङ्क ९ | २०६४।९।१०।३ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास कानूनी प्रयोजनको लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा ब्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्थामा पुग्न सक्ने ।एच आई भी/एड्स जस्ता समस्याहरू र तिनीहरूसँग सम्बद्ध भएर बालबालिकाको बाबु आमाको स्थिति,संरक्षकत्व, स्वास्थ्य आदि पनि विवादमा आउन सक्ने अवस्था रहन सक्छ । जस्तै एच.आई.भी./एड्स प्रभावित बालकको परिचयात्मक सूचनाको गोपनीयताको संरक्षणको कुरा गर्दा उसको बाबु आमाको स्थिति वा तिनको संरक्षकत्व सम्बन्धी विवादमा पनि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ । | | | | सूचनाको हिसाबले संरक्षण दिनुपर्ने हुनसक्छ । बालकको परिचयको गोप्यता संरक्षित गरेपनि विवादमा परेको बाबु आमाको परिचय खुल्ने भएमा बालकको परिचयात्मक गोप्यताको अर्थ समाप्त भएर जान्छ । कुनै बालकको आमा कारागारमा परेको कारणले बालकको लालन पालन कारागारमा नै भएको रहेछ भने त्यस्तो लालनपालनको स्थितिको सूचना पनि गोप्य राख्नु पर्ने ।<br>गोपनीयताको अधिकारको व्यवस्था अन्तर्गत व्यक्तिको गोपनीयता र निजको गोप्य सूचनाहरू समेत संरक्षित हुने देखिन्छ । व्यक्तिका तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरण र निज सम्वद्ध अन्य सूचनाहरूको गोप्यताको संरक्षण नहुने हो भने गोपनीयताको हक अत्यन्त संकुचित भै आफ्नो उद्देश्य हासिल गर्न नसक्ने । |
| ३६. | ताम्दिङ्ग दोर्जे तुलाधर | जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत | उत्प्रेषण, परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ । | निर्णय नं. ७९४७ ने.का.प. २०६५ अङ्क ३ | २०६४।१०।२८।२ | माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ<br>माननीय न्यायाधीश श्री ताहिरअली अन्सारी | संस्थाको उद्देश्य अनुसार काम गर्दा नेपालमा गैरकानूनी गतिविधि हुने र छिमेकी राष्ट्रहरु सँगको मैत्री सम्वन्ध समेतमा नकारात्मक प्रभाव पर्न सक्ने स्थितिमा दर्ता नै गर्न नपर्ने संस्थाको दर्ता खारेज गरी त्रुटि सच्याइएको सम्म देखिदा उक्त संस्थाको खारेजीबाट निवेदकको कुनै संवैधानिक हकमाथि अतिक्रमण भएको वा गैर सवैधानिक काम भएको देखिन नआउने ।<br>अस्तित्वमा नरहेको सस्थाले आफ्नो सवैधानिक हकको प्रचलनका लागि नेपालको अन्तरिम संविधान,२०६३ को धारा १०७(२) अनुसार सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र भित्र प्रवेश गरी आदेशको माग गर्न सक्ने अवस्था नहुने |
| ३७. | अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र | श्रम अदालत अनामनगर, काठमाडौं समेत | उत्प्रेषणयुक्त परमादेश । | निर्णय नं. ७९३४ ने.का.प. २०६५ अङ्क २ | २०६४।१२।५।३ | माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश श्री गौरी ढकाल | सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ८८(२) अन्तर्गत नेपाल सरकार सरकारी अंग र नेपाल कानून बमोजिम गठित राज्यका Instrumentalities द्वारा नेपाल कानून प्रयोग गरी गरिएको निर्णयको मात्र न्यायिक पुनरावलोकन गर्दछ । नेपाल कानून बाहेकका अन्य Document, विधान वा Charter को |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | आधारमा गरिएको निर्णयको न्यायिकपुनवरालोकन गर्दैन अर्थात् यस अदालतले धारा ८८(२)अन्तर्गतICIMOD को service law सरहको Human Resources Policy को ब्याख्या र पुनरावलोकन गर्न नसक्ने । |
| ३८. | अधिवक्ता अच्युतप्रसाद खरेल | प्रधानमन्त्री तथा मत्रिपरिषद्को कार्यालय, संहदरवार, काठमाडौं समेत | उत्प्रेषण समेत । | सम्बत् २०६३ सालको रिट नं०६३-Ws-००४५ निर्णय नं.७९२६ ने.का.प. २०६५ अंक २ | २०६४।१२।१४।५ | सर्वोच्च अदालत, विशेष इजलास माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह माननीय न्यायधीश श्री गौरी ढकाल | कुनै पनि कानूनको अर्थ र व्याख्या गर्दा सहज र स्वाभाविक अर्थवोध हुने गरी सकारात्मक रुपमा अर्थलगाई व्याख्या गर्नुपर्ने ।समग्र कानूनी व्यवस्थामध्ये बीचबाट एक दुईवटा शब्द टिपेर समग्र कानूनी संरचना र कुनै दफाको गलत अर्थवोध र भाव दिने गरी गलत अर्थ र व्याख्या गर्न नहुने । निवेदकले कुनै पनि कानूनी प्रश्नमा अदालतलाई सहयोग गर्नुपर्नेमा सम्बन्धित कानूनी व्यवस्थालाई समग्रतामा नहेरी त्यसभित्रको निश्चित अंश मात्र उद्धृत गरी त्यसको आफूखुशी अर्थ लगाई संविधान प्रतिकूल रहेको भनी अमान्य र वदर घोषितको माग गर्न नसक्ने । वेरितसँग थुन्दाको ६ नं. ले यातनालाई दण्डनीय बनाएको र यातना दिनेवाट असूल भएको जरिवानाबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइने व्यवस्था गरेको हुँदा सो प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६ द्वारा प्रदत्त यातना विरुद्धको हकका साथै नेपाल पक्ष रहेका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि समेतको प्रतिकूल रहे भएको भन्न नमिल्ने । |
| ३९. | दलित गैर सरकारी संस्था महासंघ( म्ँ)कमलपोखरी को हकमा समेतकार्यवाहक | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं समेत | उत्प्रेषण समेत | सम्बत् २०६३ सालको रिट नं. ०६३-Ws-००२२ | २०६४।१२।१४।५ | सर्वोच्च अदालत, विशेष इजलास माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह | सारभूत रुपमा समानताको प्राप्ति बिना समानता सम्बन्धी अवधारणा कोरा सिद्धान्त मात्रको र औपचारिकतामा सीमित हुन पुग्दछ ।सारभूत समानताको प्राप्तिका लागि समानता सम्बन्धी सिद्धान्तका विभिन्न उप- सिद्धान्तहरुको जन्म भएको पाइन्छ । त्यसमध्ये संरक्षणात्मक विभेद protective discrimination_,सकारात्मक व्यवहार -Affrimativeaction_, न्यायोचित वर्गीकरण -Reasonable classificationलाई |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अध्यक्षटेकबहादुर रैका आउजी समेत | | | निर्णय नं.७९६१ ने.का.प. २०६५ अंक ५ | | माननीय न्यायधीश श्री गौरी ढकाल | मुख्य रुपमा लिन सकिने । एउटा वर्ग, वा समुदायको समस्या रीत, परम्परा र ब्यबहार अर्काको भन्दा फरक हुने हुँदा ती विविधतालाई समान कानून र समान व्यवहारको निरपेक्ष दृष्टिकोणले संवोधन गर्न सक्दैन, त्यसका लागि छुट्टै कानूनी प्रबन्ध, कानूनी संरक्षण र व्यवहार अपरिहार्य हुन्छ । तर त्यसो गर्दा समानहरुका बीचको समानतालाई भने जोगाउनु पर्नेहुन्छ। श्री पशुपतिनाथको मन्दिर र त्यससँग जोडिएका परम्परागत मूल्य मान्यता,मर्यादालाई अक्षुण्ण राख्ने, यसको अवलम्वन र अभ्यास गर्ने हकमा आघात पुग्ने गरी समानताको निरपेक्ष व्याख्या गर्न नमिल्ने । तसर्थ परम्परागत धार्मिक रितिस्थितिका आधारमा पूजा आजा सञ्चालनको विषय विशेष प्रकृतिको विषय रहेको, त्यसमा सम्बन्धित धर्मावलम्वीहरुको धार्मिक आस्था र विश्वास जोडिएको हुँदा त्यसलाई समानताको निरपेक्ष दृष्टिकोणबाट हेरिनु न्यायोचित देखिँदैन । यस्ता विषयलाई हेर्ने दृष्टिकोण नै अलग हुन्छ र त्यसलाई छुट्टै रुपमा वर्गिकरण गरी छुट्टै व्यवहार गरिनुपर्ने ।समानताको हकको त्यस खण्डको सोझो अर्थ "विशेष कानूनद्वारा गरिएको विशेष व्यवस्थामा त्यसलाई वाधकका रुपमा उभ्याउन नहुने भन्ने नै लाग्छ । पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ र सो अन्तर्गत बनेको पशुपति क्षेत्र विकास कोष ( कार्यव्यवस्था) नियमावली, २०५४ विशेष कानून भएको हुँदा उक्त नियमावलीको नियम ३(१) को व्यवस्थालाई समग्र पशुपति क्षेत्रको संवेदनशीलतासँग जोडेर हेर्नु पर्ने ।पशुपतिक्षेत्र विकासकोष (कार्यव्यवस्था) नियमवाली, २०५४को नियम ३(१) को व्यवस्था सामान्य कानून नभई विशेष कानून भएको र समानता सम्बन्धी संवैधानिक हक सामान्य कानूनको प्रयोगमा मात्र लागु हुने भई विशेष कानूनको प्रयोगमा लागु नहुने देखिएकोले उक्त नियम ३(१) को व्यवस्था संविधान प्रदत्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | समानताको हक समेतको प्रतिकूल रहेको भन्न नमिल्ने । |
| ४०. | अधिवक्ता चेतबहादुर आले | धरान नगरपालिका, धरान सुनसरी समेत | उत्प्रेषण | निर्णय नं. ७९१६ ने.का.प. २०६५ अङ्क १ | २०६४।१२।१९।३ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री बलराम के.सी. | मौलिक हक हननको अतिरिक्त कसैको कानूनी हकमात्र हनन भएपनि अन्य उपचारको व्यवस्था छैन भने त्यस्तो कानूनी हक प्रचलन गराउन अदालतमा निवेदन लाग्न सक्ने ।<br>सार्वजनिक सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्नका साथैनेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत, यस अदालतले अन्य उपचारको व्यवस्था नभएकोमा मौलिक हक वा कानूनी हक दुवै हक हननमा उपयुक्त आदेश जारी गरी हक प्रचलन गराउन सक्ने । कुनै कानूनी हक नै नदेखिएको केवल आवश्यक परेको वखत मात्र काम लिन सक्ने गरी करारीय नियुक्ति भएको अवस्थामा यस अदालतले धारा ८८(२) को असाधारण अधिकार अन्तर्गत हस्तक्षेप गर्न नसक्ने । करारीय विवाद, वैयक्तिक कानून (Private Law) अन्तर्गतको विवाद भएकोले Public Law अन्तर्गतको यस अदालतको असाधारण अधिकार प्रयोग हुन नसक्ने हुँदा करारीय विवादमा निवेदकले Private Law अन्तर्गत उपचार खोज्नु पर्ने<br>हकदैया (Locus Standi) नै नभएको करारीय विवादमा धारा २३ अन्तर्गत विवाद उठाई धारा ८८(२) को असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिदा हकदैया (Locus Standi) नभएको र करारीय हकमा धारा ८८(२) आकर्षित (Entertain) हुन नसक्ने । |
| ४१. | खड्गबहादुर श्रेष्ठ समेत | न्यायसेवा आयोग समेत | उत्प्रेषण समेत । | सम्बत् २०६३ सालको रिट नं ०३६४ निर्णय नं. ७९१० | २०६४।१२।२०।४ | माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री गौरी ढकाल | अध्यादेश कार्यपालिकाद्वारा विधायिकी अधिकार प्रयोग गरी जारी हुन्छ । अध्यादेश लागू अवधि भर संसदले विधिवत् पारित गरेको ऐन सरह नै प्रभावकारी हुन्छ । लागू अवधिमा अध्यादेश अन्तर्गत भए गरेका सबै काम कारवाइ Valid पनि हुन्छ । त्यसको Validity को प्रश्न उठ्न सक्तैन । तर जारी भएको मितिबाट छ महिना पूरा भएपछि संसदले अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुने ।संसदमा पेशै नभएको अध्यादेश वा संसदले स्वीकार नगरेको अध्यादेशले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ने.का.प. २०६४ अङ्क १२ | | | व्यवस्थापन विधि पूरा गरी बनेको ऐन संशोधन गर्न सक्तैन । अध्यादेश संसदमा पेश नभएमा वा संसदले स्वीकार नगरेमा साबिकको ऐन जागी शून्यमा नरहने ।निवेदकहरुले रिट निवेदनमा र सुनुवाइका क्रममा पनि निस्क्रीय भएको अध्यादेश अन्तर्गत भएको बढुवाको समग्र कारवाई नै गैरकानूनी छ भनी चुनौती नदिएको हुँदा यस इजलासले निवेदकहरुले चुनौती नदिएको विषयतर्फ विचार गरिरहन नपर्ने ।कानूनले स्पष्ट शब्दमा पदस्थापन जहाँ भए पनि तालीम अवधिभर वर्गीकृत क्षेत्र वापत पाउने अंकको हकमा तालीम केन्द्र रहेको क्षेत्रको अंक प्रदान गर्ने नभनेको अवस्थामा पदस्थापन भएको क्षेत्रको अंक प्रदान गर्दा कुनै त्रुटि नहुने । |
| ४२. | अधिवक्ता प्रकाशमणी शर्मा समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | उत्प्रेषण । | सम्वत् २०६३ सालको रिट नं. ०२८३ निर्णय नं.७९३१ ने.का.प. २०६५ अंक २ | २०६५।१।४।४ | सर्वोच्च अदालत, संयुक्त ईजलास माननीय न्यायाधीश श्री अनूपराज शर्मा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको सन्दर्भमा अपाङ्गहरुलाईझनै वढी समर्थनको जरुरत पर्दछ । शिक्षा विना रोजगारी हुंदैन र रोजगारी विना आर्थिक श्रोत नजुट्ने हुंदा जीवनलाई गुणात्मक रुपमा उपभोग गर्न नसक्ने हुनाले विकासको समग्र चक्रमा यी तीन वटा तत्वको समिश्रण गरी सघाउन राज्यले सहयोग गर्नुपर्ने ।राज्यले गर्नुपर्ने अनिवार्य दायित्वको अंग स्वरुप मानिने शिक्षा जस्तो कुरामा उदासिनता राज्यको लागि सुहाउंदो नभई वहिरोपनवाट प्रभावित वर्ग विशेष रुपले थप वहिस्करणमा पर्ने स्थिति देखिन्छ । संविधानको संरक्षण र कार्यान्वयनको दायित्व वहन गर्नुपर्ने अवस्थामा रहेको न्यायपालिकाको हैसियतले सर्वोच्च अदालत मौन वस्न सक्ने स्थिति नरहने ।<br>अदालतद्धारा निर्देशित व्यवस्था कार्यान्वयन गर्न राज्यले संविधान जारी गर्दा संविधान प्रति वफादार रहने र उसको अक्षर र भावनाको ईमान्दार कार्यान्वयन गर्ने जुन प्रतिवद्धता देखाएको हुन्छ, त्यसलाई व्यक्तिगत र संस्थागत दुवै स्तरमा जिम्मेवार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | निकाय एवं पदाधिकारीहरुले निर्वाह गर्नुपर्ने ।<br>अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास कार्ययोजना तर्जुमा गरी अविलम्व लागु गर्नुपर्ने हुनाले सो व्यवस्था गर्न पर्ने कुरामा ध्यानाकर्षण गराउंदै तत्काले देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्वोधन गर्न चालु शैक्षिक सत्र भित्र सांकेतिक भाषाको माध्यमद्धारा शिक्षामा अवसर पाँउने विद्यालय वा महाविद्यालय किटान गरी प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहाँ प्रयोग हुने पाठ्यसामाग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहांका विद्यार्थीहरुलाई आवश्यक पाठ्यसामाग्री यथाशिघ्र उपलव्ध गराउनु, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्था अविलम्व शुरु गर्नुपर्ने । |
| ४३. | अधिवक्ता चेतबहादुर आले | जिल्ला सुनसरी धरान नगरपालिका, धरान सुनसरी समेत | उत्प्रेषण । | २०६३ सालको रिट नं. १२६ निर्णय नं.७९१६ ने.का.प. २०६५अंक १ | २०६४।१२।१९।३ | माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी माननीय न्यायाधीश श्री बलराम के.सी. | कुनै कानूनी हक नै नदेखिएको केवल आवश्यक परेको वखत मात्र काम लिन सक्ने गरी करारीय नियुक्ति भएको अवस्थामा यस अदालतले धारा ८८(२) को असाधारण अधिकार अन्तर्गत हस्तक्षेप गर्न नसक्ने । करारीय विवाद, वैयक्तिक कानूनअन्तर्गतको विवाद भएकोले Public Law अन्तर्गतको यस अदालतको असाधारण अधिकार प्रयोग हुन नसक्ने हुँदा करारीय विवादमा निवेदकलेPrivate Lawअन्तर्गत उपचार खोज्नु पर्ने ।<br>हकदैयानै नभएको करारीय विवादमा धारा २३ अन्तर्गत विवाद उठाई धारा ८८(२) को असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिदा हकदैया नभएको र करारीय हकमा धारा ८८(२) आकर्षित हुन नसक्ने । |
| ४४. | श्रीप्रसाद उपाध्याय | सम्मानननीयप्रधान मन्त्री, प्रधानमन्त्री | उत्प्रेषणसमेत। | सम्बत् २०६३ सालको रिट | २०६५।१।१२।५ | माननीयन्यायाधीशश्रीअनुपराजशर्मा माननीयन्यायाधीशश्रीरा | प्रतिनिधिसभाको घोषणा, २०६३ राजनैतिक घोषणाको प्रकृया राजनीतिक भएपनि त्यसले ग्रहण गरेको विषय कानूनी भएपछि त्यसलाई राजनीतिक विषयको संज्ञा दिई सर्वोच्च अदालतमा निहित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तथामन्त्रिपरिषद्कोकार्यालय, सिंहदरवार, काठमाडौंसमेत | | नं. ०६३-धक( ०००२, ०००८, ०००९, ००१० निर्णय नं.७९२५ ने.का.प. २०६५ अंक २ | | मप्रसादश्रेष्ठ माननीयन्यायाधीशश्रीगौरीढकाल | रहेको न्यायिक पुनरावलोकनको अधिकारको परिधिबाटै बाहिर पार्नु न्यायका दृष्टिले र असाधारण अधिकार क्षेत्र सम्बन्धी मूल्य,मान्यता र अवधारणा समेतले उचीत नहुदा प्रतिनिधिसभाको घोषणा, २०६३ लाई राजनीतिक घोषणा मानी त्यसको न्यायिक पुनरावलोकन नै गर्न नमिल्ने भन्ने नदेखिने ।<br>न्यायिक पुनरावलोकनको अधिकारको स्रोत भनेको स्वयं संविधान नै हुने हुँदा त्यस अधिकार अन्तर्गत संविधानको न्यायीक परीक्षण हुने नभई कानूनको संवैधानिकता परीक्षण गरिने हुन्छ ।संविधानको अंग बनिसकेका प्राबधानहरुलाई निष्कृय भैसकेको प्रतिनिधिसभाको घोषणाको विषयवस्तु मानी त्यसको न्यायिक पुनरावलोकन गर्न न्यायीक पुनरावलोकन सम्बन्धी मान्य सिद्धान्तले अनुमति नदिने । |
| ४५. | प्रकाशप्रसाद भण्डारी समेत | नेपालसरकार, भौतिकयोजनातथा निर्माणमन्त्रालयसमेत | परमादेश । | सम्वम्त २०६२ सालको रिट नं. ३०९२ निर्णय नं.७९५६ ने.का.प. २०६५ अंक ४ | २०६५।१।२४।३ | सर्वोच्च अदालत, सयुक्त इजलास माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा | कुनैपनि व्यक्तिलाई काममा लगाए पछि पारिश्रमिक दिनुपर्दछ र पारिश्रमिक नदिई सेवामा लगाउन पाईदैन भन्ने सामान्य सिद्धान्त अनुसार काम लगाएर पारिश्रमिक दिईदैन भने त्यो प्रत्यक्ष रुपमा श्रमको शोषण हुने ।व्यक्तिको श्रमको शोषण उसको जीवनको अधिकारविरुद्धको कार्य हुन्छ । एउटा सरकारी निकायले आफुले काममा लगाएका कमचारीहरुलाई निजहरुले काम गरेको अवधिको पारिश्रमिक दिनुपर्ने होइन भनी गरेको प्रतिवाद वर्तमान संविधान तथा ऐन कानून अनुकूल देखिन नआउने । |
| ४६. | अधिवक्ताप्रकाशमणीशर्मासमेत | प्रधानमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारसमेत | परमादेश | संबत२०६४सालकोरिटनं. ..०३८७ निर्णयनं.७९५४ने.का.प. | २०६५।२।२२।४ | सर्वोच्चअदालतसंयुक्तइजलास माननीयन्यायाधीशश्रीमीनबहादुररायमाझी माननीयन्यायाधीशश्रीकल्याणश्रेष्ठ | बाँच्न पाउने हक र सम्मानपूर्वक जीउन पाउने हक अन्तर्गत जिउने मात्र नभएर सामाजिक, शारीरिक र मानसिक रुपले स्वस्थ्य रहन पाउने, स्वस्थ्य वातावरणमा बाँच्न पाउने, स्वस्थ्य वातावरणमा काम गर्न पाउने तथा प्रदुषणरहित वायुमा स्वास फेर्न पाउने जस्ता अधिकार पनि समेट्नु पर्ने ।स्वच्छ वातावरणमा जिउन पाउने हकमा कुनै पनि प्रत्यक्ष वा परोक्ष असर परेमा न्यायिक उपचारको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०६५अंक ४ | | | सान्दर्भिकता रहने हुनाले यस हकलाई न्यायमा पहुँचको हकसम्ममा पनि विस्तारित रुपमा हेर्न सकिने । तवेला राखिएको क्षेत्र वरिपरी सरकारका विभिन्न निकायहरु राख्ने वन्दोवस्त सरकारले नै गरेको हुनालेत्यस्ता निकायहरुमा वातावरणीय संरक्षण गर्ने प्रारम्भिक अभिभारा पनि सरकारकै हुने । आफूले छुट्याएको जमिनमा खडा भएका संस्थाहरुलाई अहिले वस्ती विस्तार गरेको भनी आफ्नो संरक्षकत्वमा सम्पन्न गर्नुपर्ने जिम्मेवारीबाट सरकार उम्कन नसक्ने ।<br>जनजीवन र वातावरण जस्तो सार्वजनिक हक र हितको विषयको महत्वलाई न्यूनिकरण गरेर राज्यकै महत्वपूर्ण निकाय वा संस्थाहरु, तिनमा काम गर्ने व्यक्तिहरु एवं सेवाग्राहीहरुको हितको विरुद्ध संवैधानिक दायित्वलाई उपेक्षा गरी सरकारी खर्चको कारणले न्यायोचित मागलाई इन्कार गर्न सकिने मुनासिव आधार कतै पनि देखिन नआउने । |
| ४७. | अधिवक्ताप्रकाश मणीशर्मासमेत | प्रधानमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | परमादेश। | रिटनं. ०६४-०२३० निर्णयनं८० ०१ने.का.प. २०६५अंक ८ | २०६५।२।२ २।४ | संयुक्तइजलास माननीयन्यायाधीशश्रीमी नबहादुररायमाझी माननीयन्यायाधीशश्रीक ल्याणश्रेष्ठ | प्रतिष्ठापूर्ण ढंगले मानवोचित जीवन जीउन पाउने हक पनि जीवनको हकको आधारभूत विशेषता भएकाले मानव स्वास्थ्यको लागि राज्यले आधारभूत सुविधा वा संरक्षण नदिने हो भने जीवनको हकको उचितसंरक्षण हुन सक्दैन, त्यसैले नै जीवनलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्नु पर्ने । मौलिक हकको रुपमा स्थापित हकलाई राज्यले कानून र कार्यक्रम मार्फत उपभोगयोग्य बनाउनु पर्दछ । स्वयं क्रियाशिल हुने हकलाई कार्यान्वयन गर्ने संयन्त्रको अभाव हुने स्थिति उत्पन्न भएमा राज्यलाई सुम्पिएको दायित्वको उल्लंघन हुन आएमा त्यस्तो दायित्व पूरा गर्न आवश्यक आदेश वा निर्देश गर्नु न्यायपालिकाको कानूनी एवं अन्तनिहित उत्तरदात्यिव हुने । संविधानमा प्रजनन् स्वास्थ्यको हक समावेश हुनुले महिला स्वास्थ्य र हकको दार्शनीक मान्यता पाएको मान्नुपर्ने हुन्छ भने त्यस सम्बन्धी सुविधा आवश्यक परेको हरेक महिलाले चाहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | वेलामा पाउन सक्ने गरी हकको प्रत्याभूति दिने कानूनको तर्जुमा गर्दै त्यस्तो कानूनबाट स्वीकृत सुविधाहरुलाई व्यवहारमा तृणमूल स्तरसम्म पाउने सक्ने गरी सेवा र सुविधा विकेन्द्रिकरण गर्नु र त्यस सम्बन्धी सूचनाको प्रसारण गरी जागरण पनि ल्याउनु पर्ने ।<br>महिलाको हक एवं प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरुसँग आवश्यक परामर्श गरी पर्याप्त कानूनी व्यवस्था सहितको कानून निर्माणको लागि प्राथमिकता साथ विधेयक तर्जुमा गर्ने । |
| ४८. | जनहित संरक्षण मंच (प्रो.पब्लिक) अधिवक्ता प्रकाशमणि शर्मा समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | संविधान प्रतिकूलको कानूनी व्यवस्था अमान्य घोषित गरी परमादेश लगायत अन्य आवश्यक आदेश जारी गरिपाऊँ । | रिट नं.२०६३-धक ००२८<br>नि नं ७९५२ ने का प २०६५ अंक ४ | २०६५।२।२३।५ | सर्वोच्च अदालत, विशेष इजलास<br>माननीय न्यायाधीश श्री खिलराज रेग्मी<br>माननीय न्यायाधीश श्री तपवहादुर मगर<br>माननीय न्यायाधीश श्रीगौरी ढकाल | अपराधको प्रकृतिको आधारमा गम्भिर अपराधका सजाय पाएका महिला र सामान्य अपराधमा सजाय पाएका महिलालाई दिइने सुविधामा फरक व्यवहार गरेको भन्ने सम्म रहेको हुँदा यस्ता असमान पक्षहरु वीच समानव्यवहार गर्नैपर्छ भनी भन्न नमिल्ने ।<br>कुनै एउटै मुद्दामा कसूरदार ठहरिएका कैदीहरु वीच फरक फरक व्यवहार गरिएको अवस्था नभई केही गम्भिरप्रकृतिका मुद्दाहरु तोकी त्यस्ता मुद्दामा कैद सजाय पाएका कसूरदारलाई सामुदायिक सेवामा नपठाउने र खुला कारागारमा नराख्ने गरी कानूनद्वारा तोकिएको अवस्था रहेकोले यसलाई समानताको प्रतिकूल भएको मात्र नमिल्ने ।<br>न्यायोचित ढंगले अवस्था अनुसार गम्भिर अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई भन्दा सामान्य अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई बढी सुविधा र अवसर कानूनले प्रदान गर्दा समानताको सिद्धान्त वा संवैधानिक ब्यवस्थाको विपरीत नहुने । |
| ४९. | जितकुमारी पंगेनी (न्यौपाने समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार समेत | नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम संविधान समेतसंग | सम्बत् २०६३ सालको रिट नं. ०६४-००३५ निर्णय नं.७९७३ ने.का.प. २०६५अंक ६ | २०६५।३।२६।५ | सर्वोच्च अदालत विशेष इजलास<br>सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरी<br>माननीय न्यायाधीश श्री अनुपराज शर्मा | अपराध गर्ने व्यक्तिको पीडितसंगको नाता सम्बन्धको आधारमा सजायमा कमी हुने अन्यत्र कानूनमा व्यवस्था भएको नपाइदा लोग्नेले स्वास्नीलाई कर्तव्य गरी मारेमा, कुटपीट गरेमा लोग्ने स्वास्नीको नाता रहेको कारणले सजाय कमी हुने व्यवस्था छैन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वाभिएका कानूनलाई समानताको सिद्धान्त अनुसार कानून निर्माण गर्न परमादेश समेत जारी गरिपाऊँ । | | | माननीय न्यायाधीश श्री बलराम के.सी. | जवर्जस्ती करणीको महलमा भएको व्यवस्थाले बलात्कारलाई जघन्य फौजदारी अपराध नामाकरण गरेको अवस्थामा अपराधको परिणाम एउटै हुने भएपछि बैबाहिक बलात्कार र गैरवैवाहिक वलात्कार बीचमा सजायमा भिन्नता गर्नुको कुनै औचित्यपूर्ण आधार रहेको नदेखिने ।सजायअपराधिक कार्य गरे वापत हुने भएकोले कर्ताको हैसियतको भिन्नताले सजायमा कमी गर्ने हो भने संविधानले अंगिकार गरेको समानताको सिद्धान्तको वर्खिलाप गरेको हुन जाने ।कुनै अपराधमा हुने सजायको मात्रा अपराधको प्रकृति र पीडक पीडितको स्वास्थ्य अवस्था, उमेर लगायतका आधारमा मूल सजायमा थप हुंदै जाने तर मूल सजाय भन्दा थप सजाय बढी भने हुन नसक्ने ।सिद्धान्ततः थप सजाय भन्दा कम मूल सजाय हुने हुंदैन, वरु मूल सजायमा अपराधको गाम्भीर्यता अनुसार सजाय केहि थप हुंदै जाने कुरा हो । जवर्जस्ती करणीको महलको ३ नं. को देहाय ६ को विवादित प्रावधानलाई न्यायोचित र समानताको सिद्धान्तको अनुकूलरहेको मान्न नमिल्ने । अपराध गर्न निरुत्साहन भन्दा प्रोत्साहन दिने खालको सजायको व्यवस्थाले फौजदारी कानून र न्याय प्रणालीको विकासमा नै अवरोध ल्याउने हुंदा दण्ड नीति बिधायिकाले तय गर्ने बिषय हो भनी अदालत आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।समानताको सिद्धान्तको अनुकूल हुने गरी थप सजाय भन्दा मूल सजाय कमी हुने गरी भएको तथा बैवाहिक बलात्कार र गैरबैवाहिक बलात्कारको अपराधका बीचमा भएको बिभेदपूर्ण सजायको व्यवस्थामा सामान्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित व्यवस्था गर्ने तर्फ आवश्यक पहल गर्नु भनी कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतका नाउँमा निर्देशनात्मक आदेश हुने । |
| ५०. | अधिवक्ता अच्युतप्रसाद खरेल | सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | उत्प्रेषणयुक्त परमादेश जारी गरिपाऊँ | संवत् २०६४-धक- ००२६ निर्णय नं. ८१६४ असोज, | २०६५।३।१२।५ निर्णय नं. ८१६४ असोज, २०६६ | सर्वोच्च अदालत विशेष इजलास माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ | वर्तमान संविधानको कुनै पनि धारा वा व्यवस्था असंशोधनीय गरी संशोधन गर्न रोक लगाएको नदेखिँदा नेपालको अन्तरिम संविधान, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यालय, सिंहदरवार, काठमाडौं समेत | | २०६६ अंक ६ | | माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री बलराम के.सी. | २०६३ संशोधन विषयमा rigid नभएका कारण धारा १४८ बमोजिमको संवैधानिक प्रक्रिया पूरा गरी जुनसुकै धारा संशोधन हुन सक्ने । नेपालको अन्तरिम संविधानको कुनै पनि प्रावधानलाईBasic Structure नमानेको र कुनै पनि धारा असंशोधनीय नबनाएको हुँदा र संविधानसभाबाट अर्को संविधान नबनेसम्मको लागि वर्तमान संविधान लागू भै धारा १४८ को प्रक्रिया पूरा गरी भएको संशोधनलाई संवैधानिक व्यवस्थाको मुलभूत मान्यताको धारा कुनै नभएकाले यसलाई आमूल परिवर्तन गरी संशोधन गरिएको भन्ने जिकीरसँग सहमत हुन नसकिने । |
| ५१. | अधिवक्ता पुन्देवी महर्जन 'सुजाना' | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौ समेत | परमादेश समेत | सम्वत् २०६२ सालको रिट नं. ३५८१ निर्णय नं.७९८१ ने.का.प. २०६५अंक ६ | २०६५।५।२ | सर्वोच्च अदालत संयुक्त इजलास माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री तपबहादुर मगर | संविधानले लिखितरुपमा बालबालिकालाई प्रदान गरेको शिक्षा आर्जन गर्ने हक कुनै किसिमको प्रथा, परम्परा, रीतिरिवाज, मान्यता प्रचलन वा रुढीवादीको नाममा हनन् हुन सक्तैन । कुमारी भएको कारण कुमारीले शिक्षा हासिल गर्न नहुने भनी नेपाल कानून लगायत कुनै पनि कुराले प्रतिबन्ध नलगाएको हुँदाकुमारीहरुको शिक्षा प्राप्त गर्ने मौलिक हक हनन् भएको भन्न नसकिने । बालबालिकाहरुलाई संविधान र अन्तर्राष्ट्रिय महासन्धिहरुले प्रदान गरेका हक हनन् नगरेसम्म कुमारी प्रथालाई अनुयायी संप्रदायको धर्म र संस्कृति सम्बन्धी हकको एक हिस्साको रुपमा मान्नु पर्ने । कुमारीहरुले कसैका लागि कुनै श्रम गर्नु नपर्ने एवं जीवित देवी मानी पूजा गर्ने प्रयोजनका लागि कुमारी प्रथाको विकास भएको देखिएको र कुमारीहरुले पनि भक्तजनहरुको पूजा र श्रद्धालाई ग्रहणसम्म मात्र गर्नुपर्ने देखिएको हुँदा कुमारी प्रथाले कुमारी हुने बालिकाहरुको कुनै हक हनन् गर्ने नदेखिने । |
| ५२. | वासुदेव थपलिया समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाडौं समेत | संविधानसंग बाझिएको कानुन अमान्य गरी उपयुक्त आदेश जारी गरिपाउं। | सम्वत् २०६४ सालको रिट नं. ......००१३ निर्णय नं.७९६० ने.का.प. २०६५अंक | २०६५।५।१९।५ | सर्वोच्च अदालत, विशेष इजलास माननीय न्यायाधीश श्री अनुपराज शर्मा माननीय न्यायाधीश श्री बलराम के.सी. | राज्यले समान अवस्थाकाहकमा समान व्यवहार गर्नुपर्ने हुन्छ ।असमानहरुका वीचमा समान व्यवहार हुनु समानताको सिद्धान्त विपरीत मानिन्छ । वर्तमान संविधानको धारा १३ मा समानताको हक मौलिक हकको रुपमा व्यवस्था भएपनि राज्यले कुनै उद्देश्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ५ | | माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह | प्राप्तिका लागि समान र समान एक वर्ग असमान र असमान अर्को गरी वर्ग छुट्याई वर्गीकरण गर्न सक्छ । यसरी वर्गीकरण गरी वर्ग छुट्याई वर्गीकरण भित्र परेकाSimilarly situated हरु बीच सबैलाई एक प्रकारको ब्यवहार र अर्को Dissimilarly situated बर्गहरु बीच सबैलाई अर्को प्रकारको ब्यवहार गर्नसक्छ । समान र समान बर्ग बीच भिन्न र बेग्लै ब्यवहार तथा असमान र असमान बर्ग बीच पनि भिन्न र बेग्लै ब्यवहार गर्न भने नसक्ने । एक निकायमा कार्यरत कर्मचारीले अर्को निकायको कानूनलाई देखाएर असमान व्यवहार भएको भन्न नमिल्ने । |
| ५३. | अधिवक्ता सपनाप्रधान मल्ल समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं समेत | उत्प्रेषणयुक्त परमादेश । | रिट नं. ०६४-ध्क-००११निर्णय नं.७९९७ने.का.प. २०६५ अंक ८ | २०६५।५।२६।५ | सर्वोच्च अदालत, विशेष इजलास<br>माननीय न्यायाधीश श्री अनुपराज शर्मा<br>माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ<br>माननीय न्यायाधीश श्री गौरी ढकाल | अन्तर्राष्ट्रिय दस्तावेजहरुमा व्यक्त गरिएका प्रतिबद्धताहरुलाई व्यवहारमा अनुवाद गर्नका लागि राज्यका अन्य कानूनहरुमा पनि तदनुरुपका व्यवस्थाहरु समावेश गर्दै लैजानु पर्ने ।न्यायपालिकाले न्यायिक पुनरावलोकन गर्ने अधिकारको प्रयोग गर्दा त्यसले सिर्जना गर्न सक्ने कानूनी रिक्तता र सोको पूर्ति गर्ने उपायहरु समेतको मूल्यांकन गर्नुपर्ने ।राज्यको मूल कानूनले व्यक्त गरेको प्रतिबद्धता र अन्तर्राष्ट्रिय दस्तावेजहरुले गरेको अपेक्षालाई राज्यले नजरअन्दाज गरी महिलाहरुले भेदभावको अनुभूति गर्ने खालका कानूनी प्राबधानहरुलाई निरन्तरता दिन नमिल्ने, त्यस्ता प्रावधानहरुमा समयानुकूल परिवर्तन, संशोधन र परिमार्जन गर्दै जानुपर्ने । मुलुकी ऐन, विहावरीको महलको ९ नं. र ९क नं. का प्राबधानहरुलाई नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल समेत पक्ष रहेको महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको प्राबधानसँग सामञ्जस्य कायम गर्दै लोग्नेस्वास्नीका बीचमा भेदभावको अनुभूति नहुने गरी सो कानून संशोधन गरी उपयुक्त कानूनी प्रबन्ध गर्नु भनी विपक्षी समेतका नाउँमा निर्देशनात्मक आदेश जारीहुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४. | अधिवक्ता प्रकाशमणि शर्मा समेत | नेपाल सरकार महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय, सिहदरवार समेत | परमादेश | सम्वत २०६२ सालको रिट नं. २८२२ निर्णय नं.८००५ ने.का.प. २०६५अंक ८ | २०६५।८।१३ | सर्वोच्च अदालत, सयुक्त इजलास माननीय न्यायाधीश श्री वलराम के.सी माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | संविधानले नागरिकलाई समानताको आधारमा सम्मानपूर्वक वाच्न पाउने हक प्रदान गरेको, रोजगारी र सामाजिक सुरक्षाको हक प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रुपमा हक प्रदान गरेको अवस्थामा डान्स तथा क्याविन रेष्टुरेन्टहरु र डान्स वारमा काम गरेको भन्दैमा त्यस ठाउँमा काम गर्ने महिलाहरु शोषित हुन नहुने । सरकारले डान्स तथा क्याविन रेष्टुरेन्ट तथा मसाज पार्लरलाई Regulate गर्ने छुट्टै र विशेष कानून निर्माण गरी अविलम्व लागु गर्नुपर्ने ।<br>सर्वोच्च अदालतलाई पूर्णरुपले न्याय गर्न न्याय माग्न आएका पक्षको न्यायमा पहुँच प्रभावकारी दिलाउन आवश्यक आदेश जारी गर्ने असाधारण अधिकार हुने । |
| ५५. | बाजुद्दिन मियाँ समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं समेत | उत्प्रेषणयुक्त परमादेश समेत | संवत् २०६४ सालको रि.नं. ---६इ-०३३८ निर्णय नं. ८१६९ ने का प २०६६अंक ६ | २०६५।११।५।२ | सर्वोच्च अदालत, संयुक्त इजलास माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय | नागरिकलाई संविधानले दिएको खाद्य सम्प्रभुत्ताको हक सार्थक बनाउनु राज्यको कर्तव्य हुने ।<br>नागरिकलाई खाद्य सम्प्रभुत्ताको हकबाट वञ्चित नगर्न खाद्य सम्प्रभुत्ताको मौलिक हक उपभोग गर्न राज्यले प्रत्येक नागरिकलाई खाद्यमा सजिलैसँग पहुँच पुग्नसक्ने गरी अर्थात् Access to Food को लागि राज्यले आवश्यक कानून एवं नीति लगायत अन्य आवश्यक व्यवस्था समेत गरी उपयुक्त आर्थिक वातावरण समेत सिर्जना गर्नुपर्ने । |
| ५६. | त्रिरत्न मानन्धर समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश आदेश जारी गरिपाऊँ । | २०६५ (धक( ००१३ निर्णय नं.्.८०५२ ने का प २०६६ अंक १ | २०६५।११।१५।५ | सर्वोच्च अदालत, विशेष इजलास माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल माननीय न्यायाधीश श्री प्रकाश वस्ती | संविधानको अभिभावकीय अभिभारा सर्वेच्च अदालतलाई बहन गराएको यो धारा १०७(१) को प्रयोग संविधानसंग अन्य कानून बाझिए नबाझिएको अवलोकन गर्ने अख्तियारी न्यायिक पुनरावलोकनसँग सम्बन्धित रहेके छ । यस अधिकारक्षेत्रको प्रयोग गर्दा धारा १०७(२) मा उल्लिखित वन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेरेषण, प्रतिषेध र अधिकारपृच्छा जस्ता आदेश जारी गर्दा अपनाइनु पर्ने सिद्धान्तसँगको सीमामा बाँधिन आवश्यक छैन । संविधानसँग बाझिएको कुनै पनि कानून क्रियाशील रहन नसक्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | र संविधानको सर्वेच्चता कायम रहोस् भन्ने अभिप्राय अन्तर्निहीत न्यायिक पुनरावलोकनका हकमा अन्य उपचार, बिलम्ब तथा समर्पणका सिद्धान्त जस्ता धारा १०७(२) अन्तर्गतका आदेशका सन्दर्भमा अवलम्बन गर्नुपर्ने सिद्धान्तहरू आकर्षित नहुने ।<br>कानूनको अवैधताको प्रश्न नेपाली नागरिकको सर्वेच्च अदालतको ध्यानाकर्षण गराउने कार्य एवं जिम्मेवारी हो । यसलाई कुनै समयसीमामा बाँध्न हुँदैन । अवैध कानून जहिले पनि अवैध नै हुन्छ । समय सीमाको कारणले अवैध कानून वैध कानूनका रुपमा रुपान्तरण हुन नसक्ने । बिक्री नै नभएको टिकटबापत त्यो पनि उच्चतम् श्रेणीको दरको आधारमा शुल्क असूल गर्ने कानूनी प्रावधानले मौलिक हक कुण्ठित हुने । |
| ५७. | अधिवक्ता अच्यूतप्रसाद खरेल | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिहदरवार, काठमाडौं | उत्प्रेषण समेत । | रिट नं. : ०६४-छ्क-००१० नि नं ८१३८ ने का प २०६६ अंक ५ | २०६६।२।२१।५ | सर्वोच्च अदालत, विशेष इजलास<br>सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझी<br>माननीय न्यायाधीश श्री अनूपराज शर्मा<br>माननीय न्यायाधीश श्री अबधेशकुमार यादव | महिलाविरुद्धको हिंसालाई दण्डनीय बनाएको र त्यसलाई सम्बन्धित कानूनले पनि दण्डनीय नै बनाएको अवस्थामा सजायको मात्राका आधारमा मात्र संविधान प्रतिकूल भन्ने सज्ञां दिदै जाने हो भने के कुन कसूरका लागि के कति सजाय गर्ने भन्ने निश्चित मापदण्ड नै बन्न नसक्ने अवस्था उत्पन्न हुन जाने । दण्डनीय कानूनअन्तर्गत अमुक कसूरका लागि कम सजायको व्यवस्था गरिएको भन्ने मात्र आधारमा त्यस्तो कानूनी व्यवस्थालाई विभेदजन्य कानूनी व्यवस्थाका रुपमा वा महिला हिंसालाई प्रोत्साहित गर्ने कानूनी व्यवस्थाका रुपमा व्याख्या गर्न नमिल्ने । के कस्तो कार्यलाई कसूर मान्ने, के कस्तो कसूरका लागि के कति सजायको व्यवस्था गर्ने वा मुलुकमा के कस्तो दण्ड प्रणाली कायम गर्ने भन्ने जस्ता विषयहरू विधायिकी प्रज्ञा -Legislative Wisdomभित्रका विषय हुन त्यसमा प्रभाव पर्ने गरी अदालती हस्तक्षेप उपयुक्त नमानिने । |
| ५८. | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने अधिवक्ता कमलेश द्विवेदी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं समेत | उत्प्रेषण समेत | रिट नं. : ०६४-छ्क-००२७ निर्णय नं.:.८१३९ ने | २०६६।३।११।५ | सर्वोच्च अदालत, विशेष इजलास<br>सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझी<br>माननीय न्यायाधीश श्री | प्रत्येक अपराधका आ–आफ्नै चरित्र हुन्छन् र एउटै ऐन अन्तर्गतका कसूर हुदैमा सबै समान हैसियत र अवस्थाका हुँदैनन् । तिनीहरू मध्ये कुनै कम गम्भीर अपराध मानिन सक्छन् भने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | का प २०६६अंक ५ | | अनूपराज शर्मा<br>माननीय न्यायाधीश श्री सुशीला कार्की | कुनै अत्यन्त गम्भीर प्रकृतिका पनि हुन सक्छन् । अपराधको गम्भीरताका आधारमा त्यसमा संलग्न व्यक्तिलाई पनि फरक–फरक व्यवहार र फरकफरक सजायको व्यवस्था गर्न सकिने । मुद्दा हेर्ने न्यायाधीश वा अधिकारी समक्ष पेश भएका तथ्य एवं प्रमाणहरूको मूल्याङ्कन एवं न्यायिक मनको प्रयोग गरी निष्कर्षमा पुग्ने प्रक्रिया नै वास्तवमा स्वच्छ सुनुवाइको प्रक्रिया हो । अभियुक्तलाई मुद्दा चलाएपछि थुनामा राखेरै कारवाही गर्नुपर्ने र त्यसको न्यायपूर्ण विकल्प मुद्दा हेर्ने अधिकारीले खोज्नै नपाउने हो भने अभियोगपत्रका साथ अभियुक्तलाई अदालतसमक्ष पेश गर्ने, अभियुक्तलाई सफाइको मौका दिने, कानून व्यवसायीहरूद्वारा बहस गरिने र त्यस क्रममा असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराई निजको समेत प्रतिनिधित्व सुनिश्चित गरिने लगायतका स्वच्छ सुनुवाइका प्रक्रियाहरू अवलम्वन गर्नुको औचित्य नरहने । गम्भीर प्रकृतिका अपराधहरूको नियन्त्रण र त्यस्ता अपराधबाट पीडित बनेका पक्षहरूको संरक्षण गर्ने कानूनको उद्देश्य हुन सक्दछ, तथापि त्यस्ता कानून न्याय र न्यायका मान्य सिद्धान्त विपरीत हुन नहुने । |
| ५९. | किशोर भन्ने रामबहादुर हमाल | कारागार व्यवस्थापन विभाग समेत | परमादेश समेत | सम्वत २०६४ सालको रिट नं. ०६४-धय-०८६४<br>निर्णय नं. ८३४५<br>ने.का.प. २०६७अंक ४ | २०६६।३।२२।२ | संयुक्त इजलास<br>माननीय न्यायाधीश श्री बलराम के.सी.<br>माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला | अदालत आफूले आदेश गरी पुर्पक्षका लागि अन्य कारागारमा पठाउने तर आफ्नै आदेशले थुनामा रहेको थुनुवालाई पेसीको जानकारी नदिने यो कार्य{ Fair Trial को मान्य सिद्धान्त विपरीत हुने। फौजदारी अपराधमा अभियोग लागेको व्यक्तिलाई उसले आफूले रोजेको कानून व्यवसायीको साथ प्रत्येक पेसीमा अदालतमा उपस्थित भई वा उपस्थित गराई आफ्नो विरुद्ध सम्पूर्ण अदालती कार्वाही आफ्नै रोहवरमा भएको हेर्न पाउने अधिकार प्रत्येक Accused को मौलिक हकमानिने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६०. | अधिवक्ता बालकृष्ण नेउपाने | राष्ट्रपति कार्यालय, शीतल निवास समेत | उत्प्रेषणयुक्त परमादेश | संवत् २०६५ सालको रिट नं. ०६५-WO-०००६ निर्णय नं. ८११७ने का प २०६६ अंक ४ | २०६६।४।९।६ | सर्वोच्च अदालत संयुक्त इजलास सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाभ्की माननीय न्यायाधीश श्री बलराम के.सी. | सार्वजनिक सरोकारको विषय यत्ति नै हो भनेर किटानी गर्न नसकिए पनि संविधान अन्तर्गत अदालतबाट निरुपण हुनुपर्ने विवादको सन्दर्भमा सार्वजनिक सरोकारको अर्थ गर्दा कानूनको सिमा भित्रनै रहेर गर्न आवश्यक हुने ।सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई पदको शपथ लिन कानूनी रूपमा नै अनिवार्य हुने।संविधानको संरक्षण र पालना गर्नुपर्ने उपराष्ट्रपतिलाई राजनीतिक गतिविधिमुक्त राख्ने संविधानको स्पष्ट उद्देश्य हुँदा उपराष्ट्रपतिले आफूलाई राजनीतिक व्यक्तिको हैसियतमा राख्नु उचित देखिन नआउने ।सरोकार नभएको असम्बन्धित वा असर नपर्ने पक्षलाई अदालतसम्म बोलाउनु झन्झट वा दुःख दिनु हो । त्यसैले यस्तो अवस्था नपरोस भन्नका खातिर अदालतले यस्ता विवादसँग सम्बन्ध नरहेका असम्बन्धित वा निर्णयबाट असर नपर्ने व्यक्तिलाई विपक्षी बनाएको भए पनि अवस्था हेरी अदालतले लिखित जवाफ नमगाउन पनि सक्छ । संविधान एवं कानूनले राष्ट्रपतिलाई विशेषाधिकारवा उन्मुक्ति प्रदान नगरेको अवस्थामा राष्ट्रपतिको अनुपस्थितिमा राष्टपतिबाट गरिने कार्य सम्पन्न गर्ने उपराष्ट्रपतिलाई कानून विपरीत भएका कार्यका सम्बन्धमा अदालती कारवाहीबाट उन्मुक्ति प्रदान गरेको भन्न नसकिने।उपराष्ट्रपतिलाईसंविधानले हिन्दी भाषामा शपथ लिन छूट नदिएको अवस्थामा उपराष्ट्रपतिले संविधानलेनिर्धारण गरे अनुसार ढाँचामा राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनुको अरु विकल्प देखिन आउँदैन । यस विपरीतको कार्य संविधानसम्मत हुन नसक्ने |
| ६१. | अधिवक्ता कल्याण के.सी | जिल्ला प्रशासन कार्यालय, काठमाडौ समत | बन्दीप्रत्यक्षीकरण | संवत् २०६६ सालको रिट नं.- ध्ज-००२५ निर्णय नं. | २०६६।६।२६ | सवार्च्च अदालत, सयंक्त इजलास माननीय न्यायाधीश श्री बलराम के.सी माननीय न्यायाधीश श्री | ICCPR / CRC जस्ता Convention मा पक्ष बनेको र लिखित संविधान भएको राष्ट्र, जहाँ मौलिक हकको व्यवस्था भएको छ, त्यहाँ निजामती कर्मचारीले फौजदारी मुद्दा हेर्ने भन्ने कुरा नआउने । १६ वर्ष नपुगेको नाबालक मात्र प्रतिवादी भएको मुद्दा पनि प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ८२४२ नेकाप २०६६ अंक १० | | ताहिर अली अन्सारी | जिल्ला अधिकारीले हेर्ने व्यवस्था बाल अधिकार महासन्धिको धारा ४०(२)तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ विपरीत हुने हुँदा केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ५ को प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकारमध्ये १६ वर्ष नपुगेको नाबालकमात्र प्रतिवादी भएको मुद्दा हेर्ने अधिकार फैसला भएको मितिबाट अमान्य Prospective Overruling हुने । |
| ६२. | जेष्ठ नागरिक समाज | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | परमादेश समेत | संवत् २०६६ सालको रिट नं. ०१९५ निर्णय नं. ८३३२ असार, २०६७ | २०६६।११।५।४ | संयुक्त इजलास माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री प्रकाश वस्ती | जेष्ठ नागरिकहरूलाई पनि अन्य नागरिक सरह सम्पूर्ण मानवाधिकारहरूको उपभोग गर्न पाउने वातावरण सिर्जना गरी मर्यादित, भेदभावरहित र सुरक्षित जीवनयापनको सुनिश्चितता गर्नु राज्यको परम कर्तव्य हुन आउने।तर नेपाल सरकारको आयस्रोत र खर्चका क्षेत्रहरू तथा समग्र आर्थिक सीमाको सन्दर्भबाट क्रमशः औचित्य र आवश्यकता हेरी जेष्ठ नागरिकहरूलाई दिइँदै आएको मासिक भत्तामा बृद्धि समेत हुँदै आएको भन्ने देखिँदायस अदालतले त्यस्तो विषयमा यो वा त्यो हदसम्मको भत्ता दिनु भनी बोल्न नमिल्ने । |
| ६३. | काभ्रेपलाञ्चोक जिल्ला खरेलथोक गा.वि.स. वडा नं. ४ खरेलथोक बस्ने अधिवक्ता अच्यूतप्रसाद खरेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण समेत | संवत् २०६४ सालको रिट नं. -०००४ ने.का.प.२०६७ निर्णय नं: ८३८४ अंक ६ | २०६६।११।१३।५ | पूर्ण इजलास माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल | कुन समयमा र कति संख्यामा बच्चा जन्माउने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार महिलाको प्रजनन् अधिकारअन्तर्गत पर्ने भएकाले यस प्रकारको अधिकार प्रयोग गर्दा प्रसूति भएको संख्याको आधारमा सविधानद्वारा प्रदत्त मौलिक हकको प्रयोगमा संकुचन गर्न नमिल्ने । पहिलो सन्तानको मृत्यु भएमा वा विकलाङ्ग बच्चा जन्मेमा तेस्रो चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वाप्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुनसक्ने अवस्था भएमा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिनेव्यवस्थाले महिलाको संविधान प्रदत्त प्रजनन् अधिकारको संरक्षण गर्न नसक्ने । प्रसूति बिदाको सुविधा लिनकै निमित्त मात्र पटकपटक महिला कर्मचारी सुत्केरी हुने र त्यसबाट सो सुविधाको दुरुपयोग हुने सम्भावना रहेको भन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्वाभाविक र त्यस्तो अनुमान गर्न नमिल्ने । कुनै पनि नागरिकले प्राप्त गर्ने सामाजिक, सांस्कृतिक वा आर्थिक अधिकार नागरिक वा राजनीतिक अधिकार जस्तो कुनै एउटा निर्णय गरेर वा आदेश जारी गरेर मात्र कार्यान्वयन हुन सक्दैन । यसको लागि पर्याप्त आर्थिक स्रोत साधन र समयको आवश्यकता पर्ने हुन्छ । राज्यले चाहेर मात्रै पनि यस्ता अधिकारहरूआर्थिक स्रोत साधनको अभावमा एकै पटक पूरा हुन सक्दैनन्। यस्ता विषयवस्तुहरू राज्यको आर्थिक एवं वित्तीय अवस्थालाई मध्यनजर राखी क्रमशः कार्यान्वयन गर्दै जानुपर्ने । |
| ६४. | अधिवक्ता कविता पाँडे समेत | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत | परमादेश समेत | संवत् २०६५ सालको रिट नं.०६५–धय–०३३७ ने का प २०६७ अंक ७ | २०६६।११।२६।४ | संयुक्त इजलास माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल | एकल महिला (विधवा) को प्रकृति एवं उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक जस्ता अवस्थितिलाई हेर्दा उनीहरू बीच केवल उमेरको हद लगाई कसैलाई सामाजिक सुरक्षाबापत भत्ता उपलव्ध गराउने र कसैलाईसो भत्ता उपलव्ध नगराउने कार्यलाई न्यायोचितरुपको मान्न नसकिने । राज्यको स्रोतसाधनले भ्याएसम्म एकल महिला (विधवा) को आयस्रोत, रोजगारी, निजको श्री सम्पत्ति, पतिको पेन्सन वा आफ्नो पेन्सन आदि विविध पक्षलाई विचार गरी एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्षभन्दा कम उमेरका एकल महिला (विधवा) लाई पनि सामाजिक सुरक्षाअन्तर्गत दिइने भत्ता उपलव्ध गराउने तर्फ ध्यानाकर्षण गराउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने । एकल महिला (विधवा) को वास्तविक तथ्याङ्क संकलन गरी उनीहरूको उमेर, जनसंख्या, आर्थिक, सामाजिक एवं शैक्षिक अवस्था र वास्तविक तथ्याङ्कको यकीन गर्दै उनीहरूको उत्थान र विकासका लागि आवश्यक कार्यक्रम र नीति बनाउन सहजता प्रदान गर्ने उद्देश्यले आउने राष्ट्रिय जनगणनामा उपरोक्त बमोजिमको तथ्याङ्क समेत संकलन गर्नु गराउनु भनी राष्ट्रिय योजना आयोग तथा केन्द्रीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथ्याङ्क विभागको नाउँमा समेत निर्देशनात्मक आदेश जारी हुने । |
| ६५. | अधिवक्ता अच्यूतप्रसाद खरेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं समेत | उत्प्रेषण समेत | रिट नं. ः ०६३-ध्क-००४६ ने का प २०६६ अंक १२ नि नं ८२७५ | २०६६।९।२५।५ | माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल माननीय न्यायाधीश श्री प्रकाश वस्ती | कुनै पनि कानूनी व्यवस्थाको समग्रतामा अर्थ गर्नुपर्छ, कुनै एउटा शब्द वा बाक्यांशका आधारमा अर्थ गर्दा त्यसको गलत अर्थ निस्कन सक्छ । वारेण्ट जारी हुने मुद्दाका अभियुक्त र हतियार खजाना मुद्दाका अभियुक्तबाहेक अरु मुद्दाका अभियुक्तलाई पक्रनै नहुने भन्न नहुने ।स्वतन्त्रताको हकलाई सीमित तुल्याउने कानून उचित, निष्पक्ष र तर्कसंगत (just,fair and reasonable) छ छैन भन्ने जाँच अदालतले गर्नसक्छ ।फौजदारी मुद्दाको अनुसन्धानका क्रममा मनासिब शंकाको घेरामा परेका व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान प्रक्रियालाई सहज बनाउने कानूनलाई हस्तक्षेप गर्दा शान्ति, सुव्यवस्था कायम गर्ने राज्यको अधिकार कुण्ठित हुन जाने ।मुद्दाको पुर्पक्ष भनेको मुद्दाको अन्तिम निर्णय होइन, अभियुक्तको कसूर प्रमाणित नहुँदैको अवस्थामा त्यसरी थुनामा राखिने क्रियाले व्यक्तिगत दृष्टिले वैयक्तिक स्वतन्त्रता नियन्त्रित भएको हुन सक्छ, ।अपराधको प्रभावकारी अनुसन्धान गरी अपराधीलाई दण्डित गर्ने कार्यको अभावमा स्वतन्त्रता र सुरक्षाको हकले सार्थकता पाउन नसक्ने हुदाँ अभियोग लागेका मानिसलाई अनुसन्धानका सिलसिलामा पक्राउ गर्न नपाउने हो भने व्यक्तिको सुरक्षाको अधिकार सुरक्षित हुने वातावरण बन्दैन । यसरी स्वतन्त्रता र सुरक्षाका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको कुरालाई पनि हृदयंगम गर्नैं पर्छ र ती दुबै हकको प्रत्याभूतिका लागि कानूनको शासन, दण्डहीनताको अन्त्य, सामाजिक सुव्यवस्था र शान्ति सुरक्षाको सुनिश्चितता अपरिहार्य हुने ।<br>अ.वं. ११६ नं. को व्यवस्थाले व्यक्तिको गोपनीयताको हक र वैयक्तिक स्वतन्त्रता कुण्ठित तुल्याएको भन्न नमिल्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६६. | अधिवक्ता सुबोधमान नापित | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत | उत्प्रेषणयुक्त परमादेश | संवत् २०६४-धक-००२९ निर्णय नं.८३८५ ने का प २०६७ अंक ६ | २०६७।१।२।५ | विशेष इजलास माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री गौरी ढकाल माननीय न्यायाधीश श्री भरतराज उप्रेती | सविधानमा कुनै प्रावधान किन राखियो भन्ने कुरा न्यायिक भन्दा पनि राजनीतिक प्रकृतिको तथ्यगत प्रश्न हुने हुँदा त्यसको आधार र औचित्य केलाउने कार्य यस अदालतबाट हुन नसक्ने ।न्यायाधीशको पदमा नियुक्त हुने व्यक्तिले इमानदार र निष्पक्ष भएर न्यायसम्पादन गर्नुपर्ने हुँदा यसरी नियुक्ति हुने व्यक्तिको आचरण, विगतका वर्षहरूमा उनीहरूले गरेको कार्यसम्पादन, अनुभव, ज्ञान सीप, योगदान, योग्यता, निष्पक्षताबारे नियुक्तिका क्रममा सावधानीपूर्वक संपरीक्षण गरी छनौट (Screening) गर्ने विषय स्वयंमा आपत्तिजनक हुन नसक्ने।स्वतन्त्र संवैधानिक निकायले छानबीन गरी छनौट गरेका व्यक्तिहरूलाई संसदीय सुनुवाइको प्रक्रियाद्वारा छानबीन, जाँचबुझ र उम्मेद्वारको अनुभव, कार्यक्षमता तथा दक्षताको विषयमा उठेका प्रश्नहरूको जवाफ लिने र दिने प्रक्रियाबाट गरिँदा मनोनीत व्यक्ति योग्य वा अयोग्य छन् भन्ने कुरा थप स्पष्ट हुने । संविधानतः संसदीय सुनुवाइको प्रणाली संविधानमा समावेश गरिसकेपछि संसदीय सुनुवाइमा बस्ने व्यक्तित्वहरू संसदीय सुनुवाइको उद्देश्य र संसदीय सुनुवाइसम्बन्धी मान्य र प्रचलितPractice का विषयमा सुसूचित र अवगत भई सक्रिय भूमिका खेली नियुक्तिको लागि सिफारिश भएको व्यक्ति नियुक्तिको लागि योग्य हो होइन छान्न सक्षम हुनुपर्ने । न्यायाधीशहरूका सम्बन्धमा एकपटक सर्वोच्च अदालतको न्यायाधीशको रुपमा संसदीय सुनुवाइ भै नियुक्त भैसकेपछि पुनः पटक पटकसंसदीय सुनुवाइ गर्नु उपयुक्त नहुने हुँदा त्यस्तो अव्यावहारिक र त्रुटिपूर्ण व्यवस्थालाई आगामी संविधानमा निरन्तरता दिइरहनु न्यायिक स्वतन्त्रताको मूल्य मान्यता र अवधारणाको दृष्टिकोणबाट अनुपयुक्त हुन्छ । त्यसरी नै संसदीय सुनुवाइको प्रस्ताव सर्वसम्मतिबाट अस्वीकृत भएमा मात्र सिफारिश कार्यान्वयन नहुने नियमावलीको व्यवस्था समेत औचित्यपूर्ण नदेखिई त्रुटिपूर्ण देखिन्छ । कुनै एक सदस्यले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रस्तावित व्यक्तिको पक्षमा मत व्यक्त गर्नासाथ सिफारिशमा संसदीय सहमति प्राप्त भएको मान्यता रहने भएबाट उद्देश्य राम्रो र आवश्यक भए पनि सुनुवाइ प्रक्रिया हास्यास्पद बन्न पुगेको छ । त्यसैले यस्ता विषयहरूमा दुई तिहाइ बहुमतको आधारमा Confirmवा Reject हुने व्यवस्था गरी सुधार गर्दै जानुपर्ने । |
| ६७. | अधिवक्ताश्यामकृष्णमास्के | प्रधानमन्त्रीतथामन्त्रिपरिषद्कोकार्यालयसमेत | उत्प्रेषण समेत | २०६४-ws-००३९ नि नं ८५८८ ने का प २०६८ अंक ४ | २०६७।१०।२७।५ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री अवधेशकुमार यादव | कानूनप्रणालीएवंसामाजिकसंरचनापरिवर्तनगर्नेवाभैरहेकोकानूनमाथपव्यवस्थागरीकानूनसंशोधनकोविषयमाआदेशजारीगर्नेकार्यसामान्यतःअदालतकोहोइन। साथैकानूनमायसकिसिमकोव्यवस्थाथपगर्नुभनीसामाजिकअभियन्ता (Social engineering) कोरुपमाअदालतलेव्यवस्थापिकाकोकामगर्ननमिल्ने। कानूनप्रणालीएवंसामाजिकसंरचनापरिवर्तनगर्नेवाभैरहेकोकानूनमाथपव्यवस्थागरीकानूनसंशोधनकोविषयमाआदेशजारीगर्नेकार्यसामान्यतःअदालतकोहोइन। केकस्तोकानूनप्रणालीकोविकासगर्नेभन्नेविषयराज्यकोनीतिगतविषयहो। यस्तोराज्यकोछुट्टैअङ्गकोअधिकारउपरन्यायपालिकाद्वाराप्रत्यक्षहस्तक्षेपहुनेगरीआदेशजारीगर्ननमिल्ने। |
| ६८. | पुष्पकमल दाहाल प्रचण्ड | संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत | | संवत् २०६६ सालको रिट नं. ०९७७ निर्णय नं.८४०६ ने का प २०६७ अंक ७ | २०६७।५।३१।५ | विशेष इजलास माननीय न्यायाधीश श्री तपबहादुर मगर माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय | सूचना दिनु भनेको ऐनले निर्धारण गरेको प्रक्रियाबमोजिम दिनुपर्ने हुन्छ । कुनै प्रक्रिया निर्धारण गरिएको छैन भने सम्बन्धित व्यक्तिले सो सूचना पाएको स्थापित हुनुपर्छ । प्रक्रिया नपुर्‍याई दिएको सूचनाको कुनै अर्थ र महत्व हुँदैन । ऐनले कम्तिमा ४८ घण्टा अगावै भनेकोमा सो भन्दा वढी समय अर्थात ४८ घण्टाभन्दा पनि बढी समय अगावै सूचना दिन सकिन्छ । तर ४८ घण्टाभन्दा कम अवधिको सूचना पठाएको वा दिएको भएपनि त्यसलाई कानूनबमोजिमको सूचना मान्न नसकिने । प्रारम्भिक चरणमा नै स्पष्ट कानूनी त्रुटि (Apparent Error of Law) देखिएको अवस्थामा कुनै निकायबाट भएको निर्णयमा वैधानिकताको तत्व (Legitimacy) रहन नसक्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६९. | अधिवक्ता प्रभुकृष्ण कोइरालासमेत | संविधान सभाको सचिवालय, सिंहदरवार, काठमाडौं समेत | परमादेश समेत | २०६७ सालको ०३५१ निर्णय नं.८४२० ने का प २०६७ अंक ७ | मितिः २०६७।७।२४।४ | संयुक्त इजलास माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल | विधायिका, न्यायपालिका एवं अन्य संवैधानिक अङ्गहरूले संविधानबमोजिम आ–आफ्नो विभागीय कामको अतिरिक्त कार्यपालिकाको अङ्गलाई नियन्त्रण एवं सन्तुलनमा राख्ने काम गर्ने भएपनि त्यसको दैनिक प्रशासन चलाउने कुरामा कार्यपालिका नै प्रमुख अङ्गको रुपमा क्रियाशील हुनुपर्ने । संसदीय चरित्रको शासन प्रणालीमा विधायिकाले मन्त्रिपरिषद् गठन गर्नु र उसलाई जनउत्तरदायी बनाउन आवश्यक अन्य उपाय गर्नु जस्ता मुख्य काम गर्नु पर्दछ । कसलाई कसरी निर्वाचित गर्ने र निर्वाचित सरकारलाई विधायिकाप्रति उत्तरदायी बनाई देशको शासन सञ्चालन गर्न कसरी लगाउने भन्ने कुरा विधायिकाको विषय भएपनि संविधानबमोजिम निर्वाचन नगरी कार्यपालिकाविहीन अवस्थामा यथास्थितिमा वा अझ अधोगामी हिसावले राखिराख्ने सोच कुनै लोकतान्त्रिक एवं अग्रगामी विधायिकाले सोच्न नसक्ने ।संविधानको आधिकारिक व्याख्या गर्ने कार्य न्यायिक कार्य भएकोले अन्य अङ्गहरूले गर्ने कारवाहीमा न्यायिक व्याख्याको अधीन रहनु अनिवार्य छ, अन्यथा संविधानको व्याख्यामा विरोधाभाष र द्वन्द्वको अवस्था सिर्जना भएमा संविधान क्रियाशील हुन नसकी विघटन वा शून्यतामा जान बाध्य हुन्छ ।<br>जनताको मौलिक एवं कानूनी हकको संरक्षण गर्ने, सार्वजनिक हक हित एवं सरोकारको संरक्षण र सम्बद्र्धन गर्ने तथा संविधानको सर्वोच्चताको संरक्षण गर्ने जिम्मेवारी पाएको संस्था भएको नाताले यस अदालतलेसम्माननीय अध्यक्ष एवं सभामुखज्यूले व्यवस्थापिका संसदको कार्य सञ्चालन नियमावलीको नियम ७(५) वा नियम ७(८)मध्ये लिनु भएको निर्णयको सम्बन्धमा उठाएको प्रश्न ग्रहण गर्नु वा सो बारेमा निर्णय गर्नु स्वयं विशेषाधिकारको हनन्को प्रश्न हुन्छ भन्ने मात्र सकिने आधार नदेखिने ।<br>व्यवस्थापिका संसद राज्यको एउटा महत्वपूर्ण छुट्टै अङ्ग हुनुको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | अतिरिक्त न्यायपालिका समकक्षी अङ्ग समेत भएकोले त्यस्तो संस्थाले गरेको कुनै कार्यबाट कसैको खास हक हनन् भएको भनी देखाउन नसकेको अवस्थामा त्यस्तो संसदविरुद्ध नै परमादेशको आदेश जारी गर्ने अवस्था विद्यमान देखिन नआउने ।<br>एउटा सक्षम निकायलाई भइरहेको कानूनको स्थितिको अवलोकन गरी घोषणात्मक अभिव्यक्ति दिनु मात्रै पनि समकक्षी अङ्ग वा निकायको लागि पर्याप्त हुने र त्यस्तो कार्य मूलतः कानूनी राज्य र संविधानको सर्वोच्चता कायम गर्ने हिसाबले गरिने हुँदा परमादेश जस्तो बन्धनकारी आदेशद्वारा मात्रै समुचित निकास वा उपचार पाइन्छ भन्ने सोच्नु मुनासिब देखिन नआउने । |
| ७०. | दीपक भट्टराई समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | परमादेश | ने का प २०६८ नि नं ८६०२ अंक ४ | २०६७।१०।१७ | माननीय न्यायाधीश श्री सुशीला कार्की<br>माननीय न्यायाधीश श्री प्रकाश वस्ती | लोक कल्याणकारी राज्यले नागरिकहरूलाई अनुकूलतामा मात्र अधिकार उपभोग गर्न सक्षम बनाउने होइन। सरकारले नागरिकहरूलाई समान रुपले अधिकार उपभोग गर्नसक्ने बनाउन पूर्वावस्थाको प्रबन्ध गर्नुपर्ने। शारीरिक अपाङ्गहरूलाई कानूनले प्रदान गरेको सुविधा प्रदान गरी सक्षम बनाउनै पर्दछ। त्यसैले राज्यले समन्यायको आधारमा वितरणमुखी नीति अवलम्बन गरी पिछडिएका नागरिकहरूलाई विशेष व्यवस्था गर्नुपर्ने। |
| ७१. | सविना दमाई समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | परमादेश समेत | नि नं ८५५७ ने का प २०६८ अंक २ | २०६७।११।१५ | माननीय न्यायाधीश श्री बलराम के सी<br>माननीय न्यायाधीश श्री भरतराज उप्रेती | नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ। संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोवास गरेको भएपनि नागरिक बन्न नसक्ने। प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ। नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने। तोकिएको अधिकारीले संविधान, कानून वा कानूनको गलत अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चितहुन सक्दैन। नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्नपर्ने कुरा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्वीकार्य नहुने। बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भएपनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने। |
| ७२. | जङ्गबहादुर सिंह समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण ।परमादेश | नि नं ८६३१ ने का प २०६८ अंक ६ | २०६७।१२।२८ | माननीय न्यायाधीश श्री बलराम के सी माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल | इच्छुक कैदीलाई नेपालको अन्तरिम संविधानले शिक्षा प्राप्त गर्ने हक, धर्म सम्बन्धी हक समेत उपभोग गर्ने अवसर दिएको देखिन्छ। कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिकहकहरू स्वतःस्थगन वा निलम्बित हुन्छ भन्ने होइन। कैद ठेकिएको व्यक्तिको हिंडडुल र आवतजावत गर्ने स्वतन्त्रता बाहेक अरु स्वतन्त्रता अपहरण हुन नसक्ने। कुनै पनि व्यक्तिले परिस्थिति वश अपराध गर्ने हुँदा सुधारेर सजाय पाएको व्यक्ति पुनःसमाजमा असल नागरिक भएर स्थापित हुनसक्छ भन्ने मान्यतामा रही कैद सजाय पाएको व्यक्तिलाई कैद अवस्थामा नै पढ्न अवसर दिने, Vocational Training आदि दिई व्यापक सुधारात्मक सहुलियतहरू दिन थालिएको छ। सो कुरा नेपालको कारागारमा पनि दिंदै आइएको छ। त्यही भएर कैदीलाई प्राप्त प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक पनि इन्कार गर्न नमिल्ने। |
| ७३. | लाल मन कोहार | विनोद प्रसाद मिश्र समेत | उत्प्रेषण युक्त परमादेश समेत | नि नं ८६३४ ने का प २०६८ अंक ६ | २०६८।१।२८ | माननीय न्यायाधीश श्री बलराम के सी माननीय न्यायाधीश श्री कमलनारायण दास | सर्वोच्च अदालतले आफ्ना मातहतका निकायबाट गरेको नियमित काम कारवाही बाट न्यायको मर्म पालन भएको छ, छैन वा कानूनी व्यवस्थाको पूर्ण परिपालना भएको छ, छैन भन्ने कुराको न्यायिक अनुगमन गरी आफूलाई प्राप्त असाधारण अधिकार प्रयोगगरी न्यायप्रदान गर्न सक्ने। गम्भीर कानूनी त्रुटिभएको वा प्रतिपादित कानूनी सिद्धान्त अवलम्बन नगरी प्रत्यक्ष त्रुटि देखिरहेको अवस्थामा नियमित अदालतबाट तह तह गरीउ पचार प्राप्त भएको छ भन्दैमा असाधारण अधिकार क्षेत्र आकर्षित हुन सक्दैन भन्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को प्रयोग संकुचित हुनजाने। |
| ७४. | अधिवक्ता बालकृष्ण नेउपाने | राष्ट्रपतिको कार्यालय | उत्प्रेषण । परमादेश | नि नं ८५८८ ने का प | २०६८।२।११ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी | नियमावलीले निर्दिष्ट गरेको न्यूनतम म्संख्यामा नघट्ने गरी अधिकतम ति माननीय न्यायाधीशहरू रहेको विशेष इजलास तोक्ने भन्ने कुरा सर्वोच्च अदालत नियमावली, २०४९, नियम ९ बमोजिम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०६८<br>अंक ४ | | माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा<br>माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह<br>माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ<br>माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी | प्रधान न्यायाधीशको स्वविवेकमा निर्भर रहने देखिन्छ। कुनै मुद्दाको विषयवस्तु र त्यसको गाम्भीर्यताको आधारमा न्यूनतम तीन सदस्य देखि सर्वोच्च अदालतमा उपलब्ध भए सम्मका सम्पूर्ण माननीय न्यायाधीशहरू समावेश भएको इजलास गठन हुने गरेका विगतका दृष्टान्त र न्यायिक अभ्यास रहेको ले यस सम्बन्धमा कुनै द्विविधा हुनुपर्ने अवस्था नदेखिने।<br>सार्वभौम अधिकार अन्तर्गत जनताबाट बनाइने संविधानमा संवैधानिक वाकानूनी विषयवस्तुका साथै राजनीतिक औचित्यताका विषयवस्तुहरू अन्तर्निहीत रहने हुँदा संविधान निर्माणको सम्बन्धमा कानूनी वा वैधानिक रुपमा कुनै प्रश्न उठाउने अधिकार कोही कसैलाई नहुने। |
| ७५. | नरेन्द्र प्रसाद कोइराला | लोकसेवा आयोग समेत | उत्प्रेषण परमादेश | नि नं ८५७० ने का प २०६८ अंक ३ | २०६८।१०।२७ | माननीय न्यायाधीश श्री खिलराज रेग्मी<br>माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ<br>माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की | सीमित समयको लागि कार्यपालिका द्वारा ऐनको रुपमा जारी हुने अस्थायी वा वैकल्पिक प्रकृतिको अध्यादेशको कानूनी व्यवस्था बहाल रहेको अवस्थामा उत्पत्ति भएको वा स बमोजिम प्रारम्भ गरिएको कारवाहीको प्रक्रिया अध्यादेशको अवधि समाप्त भई निष्क्रिय रहेको अवस्थामा उक्त शुरु भएको प्रक्रिया वा कम कारवाही अन्त्य नभएसम्म सो अध्यादेशको व्यवस्था अनुसार भएको काम कारवाही सम्पन्न नहुँदै निष्क्रिय भएको कारणले साविकमा रहेको कानूनी व्यवस्थानै लागू हुने भनी व्याख्या गर्नु कानून व्याख्या सम्बन्धी ऐनको व्यवस्था विपरीत हुने। जारी भएको अध्यादेशको अवधि समाप्त भई ऐनको रुप लिन नसके पनि सोको परिणाम पनि ऐन खारेज भएपछिको परिणाम जस्तै हुने । |
| ७६. | रामदेव यादव | प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | बन्दी प्रत्यक्षीकण | नि नं ८६६५ ने का प २०६८ अंक ८ | २०६८।३।२८ | माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा<br>माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय<br>माननीय न्यायाधीश श्री | साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइन । असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिम बाट निस्तेज तुल्याउने समेत असाधारण क्षेत्राधिकारको मकसद हुन नसक्ने। नियमित वा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ज्ञानेन्द्रबहादुर कार्की | सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार होइन। असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार पनि होइन। बन्दी प्रत्यक्षीकरणको रिटबाट विवादको तथ्य भित्र प्रवेश गरी थुनाको औचित्यको खोजीगर्ने कार्य गरिँदैन। बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने । आफू उपर लगाइएको अभियोग र आफूसँग धरौट माग गरिएको अ.वं. ११८नं. को कानूनी व्यवस्था असंवैधानिक छभनी चुनौती दिन नसकेको अवस्थामा उक्त कानून बमोजिम धरौट माग गरेको र माग गरेको धरौटी दिन नसकेको कारणबाट थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी मातहत अदालतबाट भएको आदेश असंवैधानिक तथा गैरकानूनी रहेको भन्ने देखिन नआउने । |
| ७७. | सुबोध मान नापित | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | उत्प्रेषण | रिट नं.२०६४–WS–००२ नि नं ८३८५ ने का प २०६७ अंक ६ | २०६७।१।२ | माननीय न्यायाधीश श्री बलराम के सी<br>माननीय न्यायाधीश श्री गौरी ढकाल<br>माननीय न्यायाधीश श्री भरतराज उप्रेती | नेपालको अन्तरिम संविधान, २०६३ मा व्यक्त रुपमा (Expressly) आधारभूत संरचना (Basic Feature) नराखेको भएपनि केही अव्यक्त (Implied) आधारभूत विशेषता रहेको हुँदा सो को विपरीत हुने गरी व्यवस्थापिका—संसदले अन्तरिम संविधानको संशोधन गर्न नसक्ने । नेपाललाई लोकतान्त्रिक गणतन्त्रबाट राजतन्त्रमा फर्काउने र संघीय राज्य व्यवस्थाबाट एकात्मक राज्यमा परिवर्तन गर्ने गरी अन्तरिम संविधानको संशोधन हुन सक्दैन । साथै नेपालले अनुमोदन गरेका Core Human Right Treaties समेतबाट प्रत्याभूत गरिएका नागरिकका आधारभूत मानव/मौलिक अधिकार कटौती गर्ने तथा ती अधिकारको उल्लंघन भएमा स्वतन्त्र र सक्षम न्यायालयबाट उपचार प्राप्त गर्ने अन्तरिम संविधानमा रहेका मौलिक हक र स्वतन्त्र न्यायपालिका सम्बन्धी व्यवस्थाहरू समेत संविधानका आधारभूत विशेषता हुँदा तिनमा संशोधन हुन सक्दैन भन्ने विषयमा निर्णय भै सिद्धान्त कायम भैसकेको हुँदा त्यसमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | द्विविधा हुनु पर्ने स्थिति अव कायम छैन । |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| ७८. | अधिवक्ता राजीव बास्तोला | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | ०६८-WS-००७८ | २०७०।३।१३।५ | माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा<br>माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल<br>माननीय न्यायाधीश श्री सुशीला कार्की | ९१२९<br>ने का प<br>२०७१<br>अंक ३ | ट्रेड यूनियन गठन गर्ने अधिकार कुनै कामदारको व्यक्तिगत अधिकार नभई कामदारहरूको सामूहिक अधिकार भएकोले यस सामूहिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्न गठन हुने त्यस्ता "ट्रेड यूनियन" को दर्ता प्रकिया कामदारहरूको हितसमेतको विपरित हुने गरी निशर्त हुनु पर्दछ भन्न नमिल्ने । सामूहिक अधिकारको संरक्षणमा गठन हुने यस्ता संस्थाको सामूहिक संख्या कामदारहरूको हक संरक्षण गर्ने उद्देश्यले कम्तीमा कति संख्यामा हुनु पर्ने भन्ने जस्ता सीमा र शर्त विधायिकाले नियमन गर्न नसक्ने भन्ने हुँदैन ।Collective Right मा कुनै एक कामदारको माग हितको लागि वा कुनै एक कामदारबाट मात्र ट्रेड यूनियन गठन हुन नसक्ने कुरा निवेदकहरूले मनन गर्नुपर्ने ।<br><br>संविधानले विधायिकालाई अधिकार प्रत्यायोजन गरेअनुरूप संविधानद्वारा व्यवस्था गरिएको व्यक्तिको सापेक्षित स्वतन्त्रता सम्बन्धी हकमा बन्देज नहुने गरी शर्त सहित स्पष्टसम्म गरेको व्यवस्थालाई अनुचित बन्देज हो भनी अर्थ गर्न नमिल्ने ।सामूहिक अधिकारमा माग सम्बोधन हुन सक्ने तर व्यक्तिगत किसिमबाट माग सम्बोधन हुन नपर्ने विषयलाई मध्य नजर राखी |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | हेर्दा प्रतिष्ठानको २५ प्रतिशत कामदार सदस्य हुनु पर्ने भनी सीमा निर्धारण गरेको ऐनको व्यवस्था मुनासिब छैन भनी भन्न सकिने अवस्था नहुने । |
| ७९. | विजयराज शाक्य समेत | राष्टपतिको कार्यालय समेत | उत्प्रेषण परमादेश | नेकाप २०६७अंक: ९ नि न ८४५७ | २०६७।७।१८ | माननीय न्यायाधीश श्री बलराम के सी माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल माननीय न्यायाधीश श्री प्रकाश वस्ती | ८४५७ | संविधान संशोधनका सम्बन्धमा व्यवस्थापिका संसद केही व्यक्त वा अव्यक्त सीमाहरू बाट बाँधिन्छ । संविधान स्वयंले संशोधनको लागि कुनै पूर्वशर्त राखेको देखिँदैन । आधारभूत संरचना किटेको छैन भन्दैमा संविधानको आधारभूत स्वरुप क्षतविक्षत पार्ने अधिकार संविधानले नै जन्माएको (Creature) अर्थात् विधायिकालाई नहुने ।संविधान संशोधन नै हुन नसक्ने व्यवस्था गर्ने हो भने संशोधन प्रक्रियाको बदला अदालतबाट व्याख्यामार्फत् संशोधन हुन पुग्ने ।<br><br>संविधान संशोधनका सम्बन्धमा कुनै सीमा नै हुँदैनन्, व्यवस्थापिका संसदले अन्तरिम संविधानको जुनसुकै धारा संशोधन गर्न सक्दछ भन्ने निरपेक्ष अर्थ गर्न नमिल्ने। निरपेक्ष ढंगबाट कुनैपनि संविधान संशोधन हुन सक्दैन । संविधानको संशोधन मूल संविधानको सापेक्षतामा नै हुन सक्दछ । मूल संविधानलाई निरपेक्ष ढंगले संशोधन गर्नुपर्ने अवस्था आई परेमा संशोधन होइन नयाँ संविधान लेख्ने कार्य गरी पुरानो वा काम नलाग्ने संविधानलाई प्रतिस्थापन गर्नु श्रेयस्कर हुन्छ । यसको दृष्टान्तको रुपमा नेपाल अधिराज्यको संविधान, २०४७ लाई खारेज गर्दै जारी गरिएको वर्तमान अन्तरिम संविधानलाई लिन सकिने । |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संविधान संशोधनका सम्बन्धमा व्यवस्थापिका संसद व्यक्त वा अव्यक्त सीमाहरू बाट बाँधिन्छ । संविधान स्वयंले संशोधनको लागि कुनै पूर्वशर्त राखेको छैन भन्दैमा संविधानको आधारभूत स्वरुप क्षतविक्षत पार्ने अधिकार संविधानले नै जन्माएको (Creature) अर्थात् विधायिकालाई हुँदैन ।आफूलाई जन्म दिने अर्थात (Creature) संविधानको समसामयिक संशोधन गरी संवैधानिक विकासलाई अघि बढाउने वा गतिशिलता प्रदान गर्ने कार्य विधायिकाको हो तर संशोधनको नाममा Original संविधानको मौलिक स्वरुप वा चरित्रलाई नै समाप्त गर्ने अधिकार यसलाई नहुने । |
| ८०. | शलिकराम भट्टराई समेत | राष्टपतिको कार्यालय समेत | उत्प्रेषण परमादेश | ०६९-ws-००७८ नि नं ९१५५ ने का प २०७१ अंक ५ | २०७०।११।२२।५ | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट | ९१५५ | पेसा व्यवसायको स्वतन्त्रता नागरिकलाई राज्यको विरूद्ध प्राप्त हुने स्वतन्त्रता हो भने रोजगारीको हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्ने वा उपलब्ध गराउने हक हो । पेसा, रोजगार, उद्योग र व्यापार गर्न पाउने स्वतन्त्रतालाई सदैव निरपेक्ष अधिकारको रूपमा हेर्न र दावी गर्न पनि मिल्दैन । यसलाई सापेक्षित अधिकारको रूपमा हेरिनु पर्ने ।निवेदकहरू निजामती सेवामा बहाल रही संविधान र कानूनद्वारा प्रदान गरिएबमोजिम पेसा तथा रोजगारीको हकको उपयोग गरी रहेको पाइन्छ । पेसा तथा रोजगारीको हकलाई बन्देज हुने गरी कानून संशोधन भएको नभई निजामती सेवा ऐनमा बढुवा (वृत्ति विकास)सम्बन्धी व्यवस्थामा केही संशोधन मात्र भएको कार्यलाई रोजगारीको हक नै कुण्ठित भएको अर्थ गर्न नमिल्ने ।कुनै पनि व्यक्ति वा समूहलाई कानूनको प्रयोग वा व्यवहारमा समानता |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अवलम्बन गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान् समानता हो । समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हुने ।<br>समानताको यस सिद्धान्तले परिणामलाई गौण र प्रक्रियालाई जोड दिँदै सबैलाई कानूनको अगाडि समान मान्ने भएकोले संवैधानिक विधिशास्त्रमा यसलाई औपचारिक समानता (Formality equality) को सिद्धान्त पनि भनिन्छ ।विधायिकी अधिकार प्रयोग गरी निजामती सेवा ऐनमा (तेस्रो संशोधन) अध्यादेशले साविकको दफा २४घ१ खारेज गरेको व्यवस्था आफूअनुकूल नदेखिएकै आधारमा समानताको हकसँग बाझिएको वा असङ्गत भएको भनी सतहीरूपमा दावी लिनु मात्र पर्याप्त नहुने । |
| ८१. | भीमसेन पेखरेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत | उत्प्रेषण परमादेश | नेकाप २०७० अक १ नि न ८९४० | २०६९।९।१ | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ<br>माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल<br>माननीय | ८९४० | सार्वजनिक सरोकारको विषयमानिवेदन दिने व्यक्तिको त्यस्तो विवादको विषयसँग सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) हुनुपर्ने हुँदा यस्तो सम्बन्ध र सरोकार निवेदकले केवल निवेदन दर्ता गर्दाको अवस्थामा मात्र देखाएर नहुने।सार्वजनिक सरोकारको विवादको विषयमा अदालतमा निवेदन दिनुपूर्व सो विषयको कामकारवाही गर्नुपर्ने वा गर्नु नपर्ने कर्तव्य |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्यायाधीश श्री शुसीला कार्की | | भएको निकाय वा पदाधिकारीसमक्ष आवश्यक उपचारको लागि निवेदन दिनुपर्ने र त्यसरी निवेदन दिएकोमा सो प्रक्रियामा अनुचित विलम्व भई वा सो प्रक्रिया निष्प्रभावी भई यस अदालतसमक्ष उपचार माग गर्नुपरेको भए सोको व्यहोरासमेत निवेदनमा खुलाउनु पर्नेसम्बन्धित निकायमा निवेदन दिएकोमा त्यसबाट उपचार पाउन नसकेको कारणले सोही विषयमा अदालतमा निवेदन दिनुपूर्व निवेदकले सम्बन्धित पदाधिकारी वा निकायसमक्ष सो कामकारवाही गरे वा नगरेउपर अदालतमा सार्वजनिक सरोकारको विषयमा निवेदन दर्ता गराउन लागेको कुराको जानकारी गराई त्यसको प्रमाणसमेत रिट निवेदनसाथ पेश गर्नुपर्ने रसार्वजनिक सरोकारको विवादको विषयसँग निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको र सम्बन्धित जनसमुदाय वा सर्वसाधारणको सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम रहेको कुराको विश्वास हुने आधारहरूसमेत निवेदनमा खुलाउनु पर्ने । |
| ८२. | अधिवक्ता सविन श्रेष्ठ समेत | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | **०६९-ws-००३९ नि नं ९२५७ ने का प २०७१ अंक १०** | २०७०।११।२२ | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट | ९२५७ | बालबालिकाको पहिचानको विषय आमाबाबुको अधिकारबाट रूपान्तरण हुँदै मानव अधिकारको अन्तरवस्तुको रूपमा विकास भएको देखिन्छ । यसै गरी उनीहरूको अधिकारको विषय आमाबाबुबाट राज्यको दायित्वमा पनि रूपान्तरण हुनपुगेको छ । संवैधानिक विधिशास्त्रअन्तर्गतको अधिकारमुखी अवधारणा (Right based approach) को आधारमा बालबालिकाको अधिकारको संरक्षणको दायित्व परिवार र राज्यलाई सुम्पेपश्चात ती विषयहरू बालअधिकारका |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | विषय बन्न पुगेका छन् । Doctrine of Parens Patriae को अवधारणाअनुसार पनि देशका प्रत्येक बालबालिकाको सर्वोत्तम् हित र संरक्षणको लागि राज्यले अभिभावकत्वको जिम्मेवारी ग्रहण गर्नुपर्ने। विभिन्न उमेर समूहको आधारमा फरकफरक सजायको व्यवस्था गरेको देखिँदा त्यस्तो बेला बाल अदालत वा बाल इजलासले उमेरको विवाद टुङ्गो लगाउनुपर्ने अवस्था आउँछ । सो अवस्थामा पहिले अस्पतालबाट जारी भएको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति खुलेको कागजातलाई आधार मान्ने हो । अस्पतालबाट जारी भएका कागजात विश्वसनीय हुनुका साथै वैज्ञानिक प्रणालीमा आधारित भई व्यवस्थित हुने हुँदा बालकको यथार्थ उमेर निर्धारण गर्न सहयोग हुन्छ । यस अर्थमा यस व्यवस्थालाई बृहत्तर दृष्टिकोणबाट बालबालिका र देशको हितमा आवश्यक सम्झेर बनाएको कानूनी व्यवस्था भनी मान्न सकिने । |
| ८३. | अधिवक्ता अच्यूत प्रसाद खरेल समेत | न्याय परिषद समेत | परमादेश | **०६९-WF-००१०<br>नि नं ९२५६<br>ने का प<br>२०७१<br>अंक १०** | २०७१।४।१५ | **माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ<br>माननीय न्यायाधीश श्री सुशीला कार्की<br>माननीय न्यायाधीश श्री बैद्धनाथ उपाध्याय** | ९२५६ | प्रधानन्यायाधीशको भूमिका संविधानबमोजिम अलगअलग निकाय र हैसियतमा भिन्नभिन्न रहेको छ । न्याय परिषद्को अध्यक्षको हैसियतमा न्यायाधीशको नियुक्ति, सरूवा वा बर्खासीको लागि प्रधानन्यायाधीश सिफारिसकर्ताहरूमध्येको एक व्यक्तिका रूपमा प्रस्तुत हुन्छ भने न्याय सेवा आयोगका अध्यक्षको हैसियतमा न्यायाधीश बाहेक न्याय सेवाको अधिकृतको नियुक्ति, सरूवा, बढुवा वा कारवाहीको सम्बन्धमा सिफारिसकर्ताको भूमिका हुन्छ । त्यस्तै सर्वोच्च अदालतको प्रधानन्यायाधीशको रूपमा न्यायकर्ता, |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अवस्था अनुसार नियुक्तिकर्ता वा न्याय प्रशासनको प्रमुखको भूमिकामा रही कर्तव्य निर्वाह हुने । संविधानबमोजिम न्याय परिषद् स्वयम् पदावधि थप गर्ने वा नियुक्ति गर्ने निकाय नभई सोका लागि निश्चित प्रक्रियाबाट गरिएको मूल्याङ्कनको आधारमा नियुक्तिको लागि सिफारिस गर्नसम्म सक्नेमा संविधान र कानूनमा नै नभएको व्यवस्थाप्रतिकूल पदावधि थप गर्नु वा स्थायी नियुक्ति गर्नु भनी न्याय परिषद्को नाममा परमादेशको माग गरेको त्यस्तो अपरिपक्व सतही दावीका आधारमा अति सूक्ष्मसंवेदी भई आदेश जारी गर्नु मनासिब हुँदैन । यस्तो निकायलाई ऐनले तोकेको आधार, प्रक्रिया र कुनै मूल्याङ्कनबिना सतही आधारमा आफ्नो काम, कर्तव्य गर्नु भनी सतही आधारमा भन्न नमिल्ने । |
| ८४. | राजिव प्रसाद गुप्ता | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | ०६९-ws-००३१ **नि नं ९२५५ ने का प २०७१ अंक १०** | २०७०।१२।६ | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल माननीय न्यायाधीश प्रा डा श्री भरतबहादुर कार्की | ९२५५ | व्यक्तिव्यक्तिहरूबीच धर्म, वर्ण, लिङ्ग, जात, जाति र उत्पति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्नु नै समानता हो । मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाहीहरू (State Action) सँग जोडिएको हुन्छ । सरकार तथा सरकारका कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरूबीच भेदभाव भएको अवस्थामा संविधानप्रदत्त नागरिकको यो अधिकारमा प्रतिकूल भई आघात पुग्दछ । कुनै पनि व्यक्ति वा समूह (Person or Group) हरूलाई कानूनको प्रयोग गर्दा वा व्यवहारमा समानता (Equality) अवलम्बन गर्नु नै समानताको सिद्धान्तको ध्येय भएकाले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुर्याउनु वा परिणाममा |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच तार्किक वर्गीकरण र फरक व्यवहार गर्नु नै समानताको सार हुने । विधायिका राज्य व्यवस्थाको एक अङ्ग भएकाले राज्य सञ्चालनअन्तर्गत विभिन्न सार्वजनिक कानूनहरू निर्माण गर्ने एकमात्र अधिकार विधायिकामा नै निहित रहेको छ । विधायिकाद्वारा निर्मित कानून संविधानको सीमामा रही निर्माण गर्नुपर्ने । |
| ८५. | राजेन्द्र ढकाल समेत | मन्त्री परिषद सचिवालय समेत | बन्दी प्रत्यक्षीकरण, परमादेश समेत | ने.का.प. २०६४ अंक २ नि नं ७८१७ | २०६४।२।१८ | माननीय न्यायाधीश श्री खिलराज रेगमी माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ | ७८१७ | द्वन्द्वकोक्रममाभएकामानवअधिकारकोउल्लघंनकाघटनाबाटपीडितहरुलेक्षतिपूर्तिरपरिपूरणपाउनेतथाद्वन्द्वकाघटनाको सत्यतथ्यखोजी गर्नेवापत्तालगाउनेकार्यसंक्रमणकालीनन्यायकोमहत्वपूर्णतत्वहुने ।द्वन्द्वकापीडितहरुलाईआर्थिकक्षतिपूर्तिरबृहतरुपमापरिपूरणकोव्यवस्थागर्नुपर्नेकर्तव्यपनिराज्यकोरहने।द्वन्द्वकालकाघटनाकोसत्यथाहापाउनेकुरामौलिकहकअन्तर्गतको जीवनकोहक, स्वतन्त्रताकोहकरन्यायपाउनेहकको‌अभिन्नअङ्गहोभन्नेमान्यता । |
| ८६. | डा. मिंगमार गेल्जेन शेर्पा | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | ०६९–WS–००७४ ने का प २०७१ अंक ११ | २०७1।5।12 | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री | ९२७७ | सकारात्मक विभेदका आधारमा समावेशीलाई कुन विन्दुसम्म लाने भन्ने कुरा राज्यको नीतिगत व्यवस्थाबमोजिम हुँदा खुला प्रतिस्पर्धालाई सकारात्मक विभेदका आधारमा सीमान्तकृत वर्गको लागि सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी त्यस्ता वर्गहरूबीच |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **बैद्धनाथ उपाध्याय माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय** | | छुट्टै प्रतिस्पर्धा गराई सेवामा प्रवेश गराउन राज्यले लिएको नीतिगत व्यवस्थामा अदालतले हस्तक्षेप गर्नु न्यायिक दृष्टिले उचित मान्न नसकिने । समावेशी सिद्धान्तको मूल मर्म भनेको राज्यले सीमान्तकृत तथा आर्थिक, सामाजिक, साँस्कृतिक र अन्य कारणले पछि परेका वर्ग एवम् अल्पसङ्ख्यकसमेतलाई राज्य व्यवस्थाको मूल प्रवाहमा समाहित गराउने उद्देश्यले त्यस्ता वर्गसमेतको प्रतिनिधित्वको अपेक्षा गरी प्रदान गरिएको सुविधा राज्यबाट कुनै एक व्यक्तिलाई पटकपटक हुनुपर्ने भनी माग गर्न समानताको सिद्धान्त र समावेशीताको सिद्धान्तले नमिल्ने हुँदा कुनै व्यक्ति समावेशीको आधारमा सरकारी सेवामा प्रवेश गरेपश्चात निजका हकमा पुनः समावेशीबाट पाउने लाभ समाप्त भएको मान्नुपर्ने । |
| ८७. | सागर के.सी. | शिक्षा मन्त्रालय समेत | उत्प्रेषण परमादेश | ०६९-ws-०००४ **ने का प २०७१ अंक १२ नि नं ९३००** | २०७१।५।२६ | **मानननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ मानननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल मानननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय** | ९३०० | न्यायको प्रमुख तत्त्वको रूपमा रहेको समानताको सिद्धान्तले सार्वजनिक सेवामा निष्पक्षतापूर्वक सबैले सहभागी हुन पाउने औपचारिक समानताको सिद्धान्तलाई पनि जोड दिएको हुँदा संवैधानिक विधिशास्त्रीय दृष्टिकोणबाट समानताको व्यवस्था राज्यको लोककल्याणकारी दायित्व परिपूर्ति गर्न राखिएको हुने । राज्यले संविधानप्रदत्त नागरिकको मौलिक हकमा अनुचित बन्देज लगाउने गरी कानूनी व्यवस्था गरेमा यस अदालतले संविधानको अन्तिम व्याख्याता र नागरिक अधिकारको संरक्षकको हैसियतले अनुचित बन्देज लगाएको पाइएमा त्यस्तो व्यवस्था बदर गर्न सक्ने हुँदा संवैधानिक सीमाको उल्लङ्घन गर्ने |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | छुट राज्यका कुनै पनि निकायलाई हुँदैन । संवैधानिक सर्वोच्चता र नागरिक हकको संरक्षकको रूपमा मौलिक हकको विरूद्ध हुने जुनसुकै प्रकारका शक्ति, अधिकारको स्वेच्छाचारी र मनोमानी कार्यलाई न्यायिक पुनरावलोकनद्वारा रोकिने । |
| ८८. | सुमन अधिकारी समेत | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | नेकाप २०७१ अंक १२ नि नं ९३०३ | २०७१।१२ | माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री बैद्धनाथ उपाध्याय माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज ब रा | ९३०३ | संक्रमणकालीनन्यायकासम्वन्धमासर्वोच्चअदालतबाटपीडितलाईन्यायप्रदान गर्ने गम्भीर प्रकृतिका मानव अधिकार उल्लघनका कसूरमा अभियोजनगर्ने समाजमा मेलमिलाप कायम गर्ने मानव अधिकारको गम्भीर उल्लंघनका सन्दर्भमा माफी तथा क्षमादान सम्बन्धी उपायहरु अस्वीकार्य हुने ।द्वन्द्वकालमाभएकागम्भीरमानवअधिकारउल्लंघनकाघटनामाअनुसन्धानगरीफौजदारीअभियोजनगर्नेकुरालेमात्रैपीडितलाईन्यायप्रदानगर्नरन्यायप्रणालीसवलबन्नसक्छ। |
| ८९. | धमेन्द्र सिंह | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | ०६९-ws-००७५ **ने का प २०७२ अंक ५ नि नं ९३९१** | २०७१।२।२९ | विशेष इजलास माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय | ९३९१ | अदालतले कुनै पनि ऐन वा नियम जहिले पनि वैध र अधिकारक्षेत्रभित्र रही निर्माण गरिएको छ, संविधानसम्मत रहेको छ भन्ने अनुमान गर्ने हुनाले कुनै ऐन वा नियम बाझिएको छ भनी दाबी गर्ने पक्षले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने कुरा प्रमाणित गरी अदालतलाई विश्वास दिलाउन सक्नुपर्ने । |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्यायाधीश श्री जगदीश शर्मा पौडेल | | |
| ९०. | अधिवक्ता विनित कुमार झा | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | **70–Wo–006 ने का प २०७२ अंक १० नि नं ९४७८** | २०७१।१२।१२ | विशेष इजलास **माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री गोपाल पराजुली माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र** | ९४७८ | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५(८) मा लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्ति हुनको निमित्त ग्राह्य हुने छैन भन्ने व्यवस्था रहेको छ । उक्त धारामा उल्लिखित व्यवस्थाले लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेका व्यक्ति सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने व्यवस्था रहेको भए पनि सो व्यवस्था लोक सेवा आयोगका अध्यक्ष तथा सदस्य पदमा बहाल रहि रहेका व्यक्तिका हकमा आकर्षित हुने व्यवस्था नभई सो पदबाट अवकाश प्राप्त गरि सकेका व्यक्तिका हकमा आकर्षित हुने व्यवस्था रहेको देखिन आएकाले सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ को दफा ११ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५(८) को प्रतिकूल रहेको मान्न नमिल्ने । |
| ९१. | डा. रामकृष्ण तिमल्सिना | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | **070–Wo–0043 ने का प २०७३ अंक १ नि नं ९५२१** | २०७२।५।२४ | विशेष इजलास **माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल माननीय न्यायाधीश श्री दीपकराज** | ९५२१ | संविधानको धारा २७ को सूचनाको हकसम्बन्धी व्यवस्था निरपेक्ष मौलिक हक नभई कानूनले निर्दिष्ट गरेबमोजिम त्यसको प्रयोग र उपभोग गर्न पाउने हक भएकोले कानूनबमोजिम सार्वजनिक सूचनाको सदुपयोग गर्नुपर्ने हुन्छ । यसको दुरूपयोग हुने गरी वा जथाभावी वा आफूखुसीरूपले प्रयोग गर्न मिल्ने देखिँदैन । कुनै कुराको दुरूपयोग हुन्छ भने त्यसले समाजको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जोशी<br>माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय | | विविध पक्षमा नकारात्मक असर पार्ने भएकोले सार्वजनिक निकायबाट प्राप्त सूचनाको दुरूपयोग भएमा त्यसले पनि समाजको विविध पक्षमा नकारात्मक असर पार्न सक्ने हुँदा यसको दुरूपयोग हुनु हुँदैन भन्ने कुरामा कुनै विवाद रहन नसक्ने । |
| ९२. | अधिवक्ता पूर्णचन्द्र पौडेल | निर्वाचन आयोग | उत्प्रेषण परमादेश | 069–Wo–0085<br>**ने का प २०७३ अंक १ नि नं ९५२०** | २०७२।१०।५ | विशेष इजलास<br>माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल<br>माननीय न्यायाधीश श्री गोपाल पराजुली<br>माननीय न्यायाधीश श्री दीपकराज जोशी | ९५२० | नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ अन्तर्गत मतदानको अधिकारलाई मौलिक हक अन्तर्गत समावेश गरेको देखिँदैन । तर पनि मतदानको अधिकार राजनीतिक अधिकार भएकोले यो अधिकार नागरिकले मात्र प्राप्त गर्न सक्ने अधिकार भएको कुरामा विवाद रहँदैन । संवैधानिक एवम् कानूनी व्यवस्थाबाट पनि गैर नेपाली नागरिकलाई मतदानको अधिकार रहे भएको देखिन नआएकोले गैर नेपाली नागरिकले मतदानको अधिकार प्राप्त गर्ने प्रयोजनका लागि मतदाता नामावलीमा नाम समावेश गराउन निवेदन दिने लगायतका प्रक्रियामा समावेश हुन पाउने देखिन आउँदैन । त्यस्तो अधिकार नेपाली नागरिकले मात्र प्राप्त गर्न सक्ने भन्ने देखिन आउने । |
| ९३. | रविन्द्र श्रेष्ठ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत | उत्प्रेषण परमादेश | 071–Ws–0007<br>**ने का प २०७३ अंक २ नि नं ९५३८** | २०७२।६।७ | विशेष इजलास<br>माननीय न्यायाधीश श्री सुशीला कार्की<br>माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय | ९५३८ | संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनको निरूपणका लागि यस अदालतले लिने गरेको आधारहरूमा विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिन्छ । कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ । यसको लागि निजले सफा हात लिएर आउनुपर्छ र उल्लिखित कानूनलाई |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल | | स्वीकार गरेको वा त्यसबाट फाइदा लिएको देखिनु हुँदैन । बाझिएको कुरा सामान्य विवेक भएको मानिसले सहजरूपमा थाहा पाउन सक्ने हुनुपर्छ । सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन । अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भैदिए अझ राम्रो हुन्थ्यो भनी त्यसको औचित्य खोज्ने वा मसौदाकारको काम गर्दैन । अदालतले दाबी गरिएको कानून स्पष्टसँग संविधानसँग बाझिएको छ छैन भन्नेसम्म हेर्छ । विवेक, तर्कसम्मत र बुझ्न सकिने वर्गीकरण (reasonable and intelligible differentia) सर्वस्वीकृत छ । समान र असमानबिच समान कानून लागू गर्न मिल्दैन । यसबाट झन् असमानता बढ्छ । कर्मचारी प्रशासनको स्वरूप संगठन र तिनीहरू बिचको वर्गीकरण राज्यको नीतिभित्र पर्ने नीतिगत कुरा भएकाले यो अन्यायपूर्ण नदेखिएसम्म अदालतले हात नहाल्ने । |
| ९४. | अधिवक्ता मिरा ढुंगाना समेत | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | नेकाप २०७४ अंक ३ नि नं ९५५१ | २०७२।१।३ | विशेष इजलास माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय | ९५५१ | द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरूद्ध वा मानव अधिकार उल्लङ्घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‍बोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउने नै संक्रमाणकालीन न्यायको मुख्य अभिष्ट हो । संक्रमणकालीन अवधिमा भएका घटनाहरूको दोषीलाई मनपरी क्षमादान गर्दा विधिको शासन (Rule of law) कायम रहन सक्दैन । बरू |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ | | विधिको शासन (Rule of law) कायम गर्न गम्भीर अपराधका पीडकहरूलाई क्षमादान दिनेसमेतका व्यवस्था राखिनु हुँदैन । द्वन्द्वकालमा राजनीतिकरूपले मात्र घटना घटित भएका छैनन् । अपराधिकरूपले पनि घटना भएका छन् । राजनीतिकरूपले घटित घटना र अपराधिकरूपले घटित घटनालाई एकै स्थानमा राखेर हेर्न नमिल्ने । |
| ९५. | अधिवक्ता प्रकाशमणी शर्मा | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | 065-Wf-0005 **ने का प २०७३ अंक ४ नि नं ९५७५** | २०७२।१।३ | पूर्ण इजलास **माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल** | ९५७५ | प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ । हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ । कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन । प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजंगल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्तामात्रका लागि बनेका होइनन् । तिनको कुनै पनि बहानामा क्षयीकरण हुन दिनु हुँदैन । विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन । प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन । त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठूलै लाभ हुने रहेछ भनेपनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउन नहुने । |
| ९६. | भरत मणि जंगम समेत | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण परमादेश | ने.का.प,२०६८ | २०६८।८।९ | विशेष ईजलास सम्माननीय | ८६६२ | **स्पष्ट रुपमा अवधि किटान गरिसंविधान निर्माणका लागि निर्दिष्ट गरिएको समयाबधि केबल आलंकारिक मात्र हो** |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अंक ८<br>नि नं ८६६२ | | प्रधान न्यायाधीश श्री खिलराज रेग्मी<br>माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह<br>माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ<br>माननीय न्यायाधीश श्री प्रेम शर्मा | | भन्ने ठानिन नहुने ।नेपालकोअन्तरिम संविधान निर्माणका क्रममा संविधान निर्माताले सुविचारित रुपमा २ बर्ष समयावधि राखी संविधान निर्माणको कार्यलाई सुनिश्चितता प्रदान गरेको अवस्थामा त्यस्तो निश्चित् प्रावधानलाई कुनै महत्व नै नदिई संविधान संशोधनको अधिकारअन्तर्गत संविधानसभाको कार्यकाल पटक–पटक वढाई संविधान निर्माण हुन्छ भन्ने कुरालाई अनिश्चिततामा पार्ने अधिकार पनि अन्तर्निहीत हुन्छ भनी अर्थ गरिनु जनादेशप्रतिकूल हुनेर अनिश्चय तथा सीमाहीन स्थिति सिर्जना हुने गरी संविधानसभा आफैंले आफ्नो कार्यकाल वढाउँदै जानु संवैधानिक विधिशास्त्रको दृष्टिकोण समेतवाट मनासिव हुन नसक्ने । |
| ९७. | अधिवक्ता ओम प्रकाश अर्याल | सम्माननीय राष्ट्रपतिको कार्यालय समेत | उत्प्रेषण परमादेश | ने.का.प. २०७३ अंक ११<br>नि नं ९७१० | २०७३।९।२४ | पूर्ण इजलास<br>माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा<br>माननीय न्यायाधीश श्री डा आनन्दमोहन भट्टराई<br>माननीय न्यायाधीश श्री अनिलकुमार | नि.न. ९७१० | संवैधानिक पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिमा संविधानले तोके बमोजिमको योग्यता छ वा छैन भनी न्यायिक निरूपणका लागि प्रस्तुत हुन आएको विवादको निरूपण न्यायपालिकाले नै गर्नुपर्ने ।<br>वस्तुतः सीमित राजनीतिक उद्देश्यले संस्थापित सल्लाहकार प्रकृतिको संस्थाको नामबाट "राष्ट्रिय मूल नीति" भनी कुनै सामान्य आलेख प्रकाशित भएकोसम्मको कारणबाट राजसभालाई लेखा, राजश्व, इञ्जिनियरिङ, कानून, विकास वा अनुसन्धानका क्षेत्रमा कार्य सम्पादन गर्ने निकायको रूपमा हेर्नु तर्कसङ्गत नदेखिने ।अन्तरिम संविधानको धारा ११९(५)(ग) मा उल्लेख गरिए अनुसारको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको हुनु र राजप्रासाद सेवामा कार्य गरेको |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सिन्हा | | अवधि निजामती सेवामा जोडिनु एउटै कुरा होइन । संविधानले लेखा, राजश्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा" काम गरी अनुभव प्राप्त गरेको हुनुपर्ने योग्यता तोकेकोमा जुनसुकै समूह, उपसमूहमा भएपनि निजामती सेवामा काम गरेको अवधि जोडेर २० वर्ष पुगेमा नियुक्तिका लागि योग्यता पुग्छ भन्ने अर्थ लगाइयो भने संविधानको अपव्याख्या हुन पुग्ने । उच्च नैतिक चरित्रको विद्यमानता "ख्याति"का लागि आवश्यक हुन्छ । अर्को शब्दमा भन्दा ख्याति प्राप्त गर्नका लागि अन्य कुराहरूका अतिरिक्त "उच्च नैतिक चरित्र" कायम राखिएको छ भन्ने पनि देखिनुपर्दछ ।"ख्याति" वा "उच्च नैतिक चरित्र" पदेन आर्जन (Ex-Officio Achievement) हुँदैन । राज्य संयन्त्रको कुनै उच्च पदमा आसिन हुनु स्वयम्मा "ख्याति" वा "उच्च नैतिक चरित्र" को अन्तिम निर्णायक मापन आधार हुन पनि सक्तैन । कुनै पदमा रहेर वा नरहेर पनि राष्ट्रिय जीवनमा ख्याति आर्जन गर्न सकिन्छ । अर्कोतर्फ राज्यको कुनै उच्च वा विशेष जिम्मेवारीको पदमा रहेको भएपनि कुनै व्यक्तिको सम्बन्धमा बदनामी र समाजको नजरमा विकृत छवी वा व्यक्तित्व कायम हुन पुगेको पनि हुन सक्तछ । तसर्थ ख्याति प्राप्त गरेको कुराको निर्धारण गरिएका सत्कर्मका आधारमा गरिनु पर्ने ।वस्तुतः नियुक्तिका लागि सिफारिस गर्ने निकायले प्रयोग गर्ने बुद्धिमत्ता वा स्वविवेकका कतिपय पक्ष न्यायिक परीक्षणयोग्य विषय नबन्न पनि सक्दछन् । सिफारिसकर्ता निकायको स्वविवेकका केही वाञ्छित वा |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | स्वीकृत क्षेत्रहरू (Margin of Appreciation) रहन्छ । स्वविवेकीय वा तजबिजी अधिकार प्रयोग भएको स्थितिमा निर्णयमा उल्लेख भएका आधार र कारणको पर्याप्तता वा अपर्याप्तताको न्यायिक परीक्षण गर्ने क्षेत्र केही सीमित र सङ्कुचित हुन सक्दछन् । तर गरिएको निर्णयमा आधार र कारण खुलाइएको छ वा छैन र यसरी खुलाइएको कुराबाट सम्बन्धित व्यक्तिको योग्यता वा अयोग्यतालाई वस्तुगतरूपमा प्रतिबिम्बित गर्दछ वा गर्दैन भन्ने कुरा स्वभावतः न्यायिक परीक्षणको विषय बन्ने ।<br><br>पदीय जिम्मेवारी अनुसारको योग्यता र क्षमता वस्तुगत आधारमा यकिन गरेर मात्र योग्यतम् व्यक्तिलाई संवैधानिक अंगको पदाधिकारीको पदमा नियुक्त गरिनु वाञ्छनीय देखिन्छ । योग्यता नै नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा स्वेच्छाचारी तवरबाट नियुक्त गरिएमा संविधानको उल्लङ्घन हुन पुग्ने । |
| ९८. | भरतमणी जंगम | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | उत्प्रेषण | **068-W0–0861**<br>ने का प २०७३ अंक १२ नि नं ९७३३ | २०७३।४।१७ | माननीय न्यायाधीश श्री दीपकराज जोशी<br>माननीय न्यायाधीश श्री आनन्दमोहन भट्टराई | ९७३३ | वस्तुतः धर्म निरपेक्ष राज्यको तात्पर्य कुनैपनि धार्मिक मतावलम्बनद्वारा राज्यको गठन हुने नभई प्रत्येक व्यक्ति आफ्नो आस्था एवं विश्वासअनुरूपको धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्न स्वतन्त्र रहन्छन् र सो कुरालाई संविधान र कानूनद्वारा प्रत्याभूत गरिन्छ ।राज्यले धर्म वा धार्मिक आस्थाको आधारमा नागरिकहरूबीच विभेद गर्दैन भन्ने नैहो । हाम्रो संवैधानिक व्यवस्था हेर्दा धर्म र राज्य सञ्चालनबीच |

| सि.नं | निवेदक/पक्ष | प्रत्यर्थी/विपक्ष | विषय | मुद्दा नं. | अन्तिम आदेश मिति | इजलास | नि. नं. | सार संक्षेप |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | | | | सम्बन्ध विच्छेदको अवस्था रहेको भन्ने नदेखिई धार्मिक सहिष्णुता, समन्वय र सर्वधर्म समभावको अवधारणालाई राज्यले अनुशरण गरेको भन्ने देखिन्छ । धार्मिक स्वतन्त्रता वा हकको प्रयोग गर्ने नाउँमा सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्ने गराउने वा कसैको धर्म परिवर्तन गराउने कार्यलाई निषेध एवं दण्ड गर्ने दायित्व राज्यलाई सुम्पिएको मात्र नभई धार्मिक स्थल वा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठीको सम्पत्ति तथा जग्गाको व्यवस्थापनको लागि कानून बनाई नियमित गर्ने दायित्व पनि राज्यमा सुम्पिएको अवस्था संविधानमा रहेकोले धार्मिक विषयमा राज्यले आँखै लगाउन हुँदैन भन्न नमिल्ने ।हाम्रो देशभित्र जे जस्ता धार्मिक संस्था वा गुठीहरूको स्थापना गरिएको भएपनि सार्वजनिक हित, पहुँच वा व्यवस्थापनको दृष्टिबाट सार्वजनिक हकहित वा सरोकार रहेको विषयमा राज्यले चासो राख्नु वा व्यवस्थापनमा पारदर्शीता र सुशासन कायम राख्न कानूनी व्यवस्था गर्नु धर्म निरपेक्षताको विपरीत हुँदैन । |

# संबैधानिक ईजलासबाट भएका आदेशहरु

| सि.नं. | निवेदक । पक्ष | प्रत्यर्थी ।<br>प्रतिवादी ।<br>विपक्षी | विषय | मुद्दा नं.<br>रिट नं. | फैसला वा आदेश मिति | इजलास | फैसला । आदेशको सार संक्षेप |
|---|---|---|---|---|---|---|---|

| सि.नं. | निवेदक । पक्ष | प्रत्यर्थी । प्रतिवादी । विपक्षी | विषय | मुद्दा नं. रिट नं. | फैसला वा आदेश मिति | इजलास | फैसला । आदेशको सार संक्षेप |
|---|---|---|---|---|---|---|---|
| १. | गणेश राज राई समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत | प्रहरी नियमावली, २०४९ को नियम १४०(१) को नोकरी जोडिने व्यवस्था नेपालको संबिधानको धारा १८ सँग बाझिएको भन्ने । | ०७२ सालको – WO - ०२९४ ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००१) | २०७२।०९।१७ | संबैधानिक ईजलास | प्रहरी नियमावली २०७१ को नियम १४०(१) मा प्रहरी कर्मचारीको नोकरी अबधि गणना गर्दा प्रहरी सेवाको कुनै पनि पदमा गरिएको स्थायी नोकरी समेत जोडी गणना गरिने भन्ने व्यवस्था नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकको विपरीत भएकोले बदर गरी पाँउ भन्ने दावी रहेकोमा प्रहरी नियमावली, २०७१ को नियम १४० को उपनियम (१) को व्यवस्था प्रहरी सेवामा कार्यरत सवै प्रहरीहरुको लागि लागू हुने व्यवस्था भएकोले कुनैपनि आधारमा भेदभाव गर्ने खालको नदेखिएको र धारा १८ को व्यवस्थासँग बाझिने गरी बनेको भन्न नसकिने आदेश भएको छ । यस मुद्दामा प्रहरीको योग्यता, छनौट प्रकृया, अवकाश, सेवाको गणना जस्ता विषय सेवा सम्बन्धी कानूनको सारभूत व्यवस्था भएकोले प्रहरी ऐनको निश्चित अधिकार अन्तर्गत बाहेक प्रत्यायोजित विधायनको अंश बनाउन समेत नमिल्ने हुँदा सेवा, शर्त सम्बन्धी सारवान व्यवस्था ऐनमा नै समावेशगर्नुपर्ने । |

| सि.नं. | निवेदक । पक्ष | प्रत्यर्थी । प्रतिवादी । विपक्षी | विषय | मुद्दा नं. रिट नं. | फैसला वा आदेश मिति | इजलास | फैसला । आदेशको सार संक्षेप |
|---|---|---|---|---|---|---|---|
| २. | सावित्री श्रेष्ठ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | माफी सम्बन्धी | ०६७-WO-११४८ ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००२) | २०७२।९।२३ | संबैधानिक ईजलास | मिति २०६८।७।२२ मा नेपाल सरकार मन्त्रिपरिषदले बालकृष्ण ढंगेललाइ माफी मिनाहाका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको हुँदा सो निर्णयले पीडितको न्याय पाउने हकबाट बन्चित हुनुपरेको र अदालतको फैसलाको उपहास गरी कानूनको शासनको प्रतिकुल भएकोले सो सिफारिस बदर गरी पाँउ भनी दायर रिट निवेदनमा अन्तरिम संविधान खारेज भै नेपालको संविधान जारी भै सकेको र वर्तमान संविधानको धारा २७६ ले राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा अदालत वा न्यायिक निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुलतवी, परिर्वतन वा कम गर्नसक्नेछ भन्ने व्यवस्था गरेको सन्दर्भमा के कस्तो कसूरमा माफी दिन मिल्ने हो र के कस्तो कसूरमा माफी दिन नमिल्ने हो भन्ने स्पष्ट व्यवस्था सहितको कानून बन्नुपर्ने र के कस्तो अवस्था र परिस्थितिमा माफीको लागि कारवाही चलाउन पाउने हो भन्ने आधारहरु पनि कानूनमा नै व्यवस्थित हुनपर्ने आदेश भएको । |
| ३. | ओमप्रकाश अर्याल चन्द्रकान्त ज्ञवाली समेत समेत | अध्यक्ष मन्त्रिपरिषद समेत | बाधा अड्काउ आदेश बदर गर्ने बारे | ०६९- WO-०९७६, ०९७७ ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ | २०७२।१२।१५ | संबैधानिक इजलास | सर्वोच्च अदालतको बहालवाला प्रधान न्यायाधीशलाई मन्त्रिपरिषदको अध्यक्ष बनाउने गरी २०६९।१२।०१ मा जारी २४ बुँदे बाधा अड्काउ फुकाउने आदेश शक्ति पृथकीकरण, संवैधानिक सर्वोच्चता, संविधानवाद, न्यायिक स्वतन्त्रताको सिद्धान्त प्रतिकुल रहेको हुँदा बदर गरी पाउन भनी दायर प्रस्तुत रिट निवेदनमा उठाईएका विषयवस्तुको प्रयोजन |

| सि.नं. | निवेदक । पक्ष | प्रत्यर्थी । प्रतिवादी । विपक्षी | विषय | मुद्दा नं. रिट नं. | फैसला वा आदेश मिति | इजलास | फैसला । आदेशको सार संक्षेप |
|---|---|---|---|---|---|---|---|
| | | | | अक १ नि न ०००७) | | | समाप्त भएको, अन्तरिम संविधान प्रतिस्थापन भै नेपालको संविधान जारी भएको र सो संविधानको व्यवस्था कार्यान्वयन भै गठन भएको संवैधानिक ईजलासले कालातित भैसकेको बाधा अड्काउ फुकाउने आदेश र सो अन्तर्गत भै सकेका कार्य बदर गर्नुको सान्दर्भिकता नभएकोले रिट खारेज हुने । भविश्यमा प्रधान न्यायाधीशलाई मन्त्रिपरिषदको अध्यक्ष बनाउने जस्तो कुनै किसिमको अभ्यास स्पष्ट संवैधानिक व्यवस्था बेगर फेरी दोहोरिन नपाउने गर्न गराउन र त्यसतर्फ सचेत रहन निर्देशन सहित विपक्षीका नाममा आदेश जारी गर्ने भन्ने विषयमा संवैधानिक ईजलासमा फरक मत भएको देखिन्छ । संवैधानिक ईजलासका सम्माननीय तत्कालिन प्रधान न्यायाधीश र एक जना न्यायाधीशले उक्त राय व्यक्त गर्नुभएकोमा बहुमत अर्थात तीन जना न्यायाधीशले परिवर्तित परिस्थितिमा निवेदन दायर गर्दाको अवस्थाको विवादित विषय नै बाकी नरहेको हुँदा निवेदनको अन्तरवस्तुमा प्रवेश गर्न आवश्यक नभएको भनी निर्देशन जारी गर्ने प्रधान न्यायाधीशको रायमा असहमति जनाई सो हदसम्म छुट्टै राय व्यक्त भएको । |

| सि.नं. | निवेदक । पक्ष | प्रत्यर्थी । प्रतिवादी । विपक्षी | विषय | मुद्दा नं. रिट नं. | फैसला वा आदेश मिति | इजलास | फैसला । आदेशको सार संक्षेप |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ४. | अमृत प्रसाद श्रेष्ठ समेत | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | क्षतिपूर्ति सम्बन्धी | ( नेकाप २०७५ सबैधानिक इजलास खण्ड भाग १ अक १ नि न ०००६) | २०७२।१०।०७ | संबैधानिक ईजलास | सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १३, १४, १५, १९, २० र २१ अन्तरिम संविधानको धारा १४,१५ र १८ सँग बाझिएकोले बदर गर्न माग गरि दायर भएको प्रस्तुत रिटमा संवैधानिक ईजलासले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १३, १४, १५, १९, २० र २१ फौजदारी कानूनको उल्लङ्घन गरी  अपराधजन्य कार्य गरेकोमा लागू हुने देखिएको र मौलिक हकको हवाला दिई अपराधिक दायित्वबाट उन्मुक्ति लिन नसक्ने आधारमा अन्तरिम संविधानको धारा १४, १५ र १८ सँग बाझिएको नदेखिएको । नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसूरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भै देखादेखि गलत अनुसन्धान वा अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नु पर्ने भै थुनामा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाई पाएको अवस्थामा त्यसरी थुनामा परेको अबधिको राज्यद्धारा न्यायोचित क्षतिपूर्ति सहितको कानून निर्माण गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । |